मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि

शोधार्थी

कमला रजाली

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरअन्तर्गत नेपा.शि.५४३ पाठ्यांशको

प्रयोजनका लागि नेपाली शिक्षा विभागमा प्रस्तुत

शोधपत्र

२०७८/२०२२

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, नेपाल

प्रतिबद्धता पत्र

प्रस्तुत **मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधपत्रहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्नसक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको छु ।

....

कमला रजाली

शोधार्थी

सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र शोधार्थी कमला रजालीले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

....

उपप्रा. फूलमती खराल

शोध निर्देशक

मिति : वि.सं. २०७८/ १२/०४

(सन् १६ फेब्रुअरी, २०२२)

मध्यपश्चिम विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
नेपाली शिक्षा विभाग
सुर्खेत, नेपाल
०८३- ५२३४८५

पत्र सं.:
चलानी नं.:

स्वीकृति पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी कमला रजालीद्वारा तयार पारिएको प्रस्तुत **मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

क.सं.	नाम	पद	हस्ताक्षर
१.	उपप्रा. जसविर रोका	क्याम्पस प्रमुख	-------------
२.	उपप्रा. हरिजङ्ग शाह	विभागीय प्रमुख	-------------
३.	उपप्रा.फूलमती खराल	शोध निर्देशक	-------------
४.	उपप्रा. रामप्रसाद कँडेल	बाह्य परीक्षक	-------------

मिति : वि.सं. २०७८/१२ /२५
(सन् ९ मार्च, २०२२)

कृतज्ञता ज्ञापन

प्रस्तुत **मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । साथै यस शोधपत्रको सुरूदेखि अन्तिमसम्म आइपुग्दा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शोध निर्देशक उपप्राध्यापक फूलमती खरालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई पूर्णता दिनका लागि निकै व्यस्तताका बाबजुद समय उपलब्ध गराई निर्देशन गर्नुहुने शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पस, नेपाली शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु उपप्राध्यापक हरिजङ्ग शाहज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनका क्रममा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख जसविर रोकाज्यु र बाह्य परीक्षकको भूमिका निर्वाह गर्नुहुने आदरणीय गुरु उपप्राध्यापक रामप्रसाद कँडेलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र शोधकार्यमा अमूल्य सल्लाह सुझाव दिइ सहयोग गर्नुहुने नेपाली शिक्षा विभागका गुरुहरू उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य, उपप्राध्यापक खुमबहादुर खड्का, उपप्राध्यापक द्रोणलता खत्री र नानीमाया राना लगायत शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधमा सामग्री उपलब्ध गराइ सहयोग गर्नुहुने मगर भाषिक समुदायका वक्ताहरू र उच्चारणगत त्रुटिका कारण र निराकरणका लागि उपयुक्त सल्लाह सुझाव दिनुहुने विषयविज्ञप्रति हार्दिक कृतज्ञ छु । यसका साथै सैद्धान्तिक पुस्तक उपलब्ध गराइ सहयोग गर्नुहुने पुस्तकालयका कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । हरेक समयमा उत्प्रेरणा दिई सहयोग गर्नुहुने मेरो पुज्य पिता लोकबहादुर रजाली र ममतामयी माता सीता रजाली लगायत हरेक समयमा शिक्षणमा उत्प्रेरणा दिई सहयोग गर्नुहुने श्रीमान् लोगबहादुर सिंहप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण आत्मीय साथीहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अन्तमा कम्प्युटर सेटिङ तथा प्रिन्टिङमा सहयोग गर्नुहुने नोबेल कम्प्युटर इन्स्टिच्यूटका मनराज देवकोटालाई धन्यवाद प्रकट गर्दछु ।

कमला रजाली

शोधसार

प्रस्तुत शोध मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यक्रमको आवश्यकता परिपुर्तिका निम्ति तयार पारिएको छ । प्रस्तुत शोध **मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि** शीर्षकमा तयार गरिएको छ । यस शोधमा मगर मातृभाषी वक्ताहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको पहिचान गर्नु, भाषिक उच्चारणमा देखिएका त्रुटिहरूको वर्गीकरण गर्नु र त्रुटि हुनुका कारणहरू पहिचान गरी निराकरणका लागि सुझाव प्रस्तुत गर्नु उद्देश्य रहेको छ । प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ ।

तथ्याङ्क सङ्कलनमा प्राथमिक स्रोतका रूपमा टिपोट गरिएको सामग्री, मोबाइल रेकर्डलाई लिइएको छ भने पूर्वशोधकार्यहरू, त्रुटि विश्लेषणसँग सम्बन्धित पुस्तकहरू, इमेल, इन्टरनेट, शोधनिर्देशक तथा विषयविज्ञहरूको सुझावलाई द्वितीय स्रोतका रूपमा लिइएको छ । प्रस्तुत शोधकार्यमा सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिकाका ४ वटा वडाबाट १५/१५ जना गरी जम्मा ६० जना वक्ताहरूलाई नमुनाको रूपमा लिइ सम्भावना रहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ । सङ्कलित तथ्याङ्कलाई मगर मातृभाषी वक्ताहरूमा पुनः रूजु गरी उक्त सामग्रीलाई शिक्षित मगर मातृभाषी वक्ता र शोध निर्देशकसँग छलफल गरी मानकीकरण गरिएको छ । सामग्रीलाई शोधकार्यमा प्रस्तुत गरिएको उद्देश्यका आधारमा तालिकीकरण गरेर वर्णनात्मक रुपमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिका क्षेत्रहरूलाई घोषत्वको आधारमा हुने त्रुटि, प्राणत्वका आधारमा हुने त्रुटि, वर्णलोपगत त्रुटि, थपोटगत त्रुटि, 'ट' र 'त' वर्ण सम्बन्धी त्रुटि, 'ठ' र 'थ' वर्ण सम्बन्धी त्रुटि, 'ड', 'ढ' र 'द', 'ध' वर्ण सम्बन्धी त्रुटि, 'ड' र 'ढ' लाई र बनाउँदा हुने त्रुटि, 'हि' र 'ही' लाई 'इ' बनाउँदा हुने त्रुटि र मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि गरी दसवटा क्षेत्रमा मात्र अध्ययन गरिएको छ ।

यस अध्ययनमा छनोट गरिएका क्षेत्रहरू मध्ये सबैभन्दा बढी त्रुटि 'हि' र 'ही' लाई 'इ' बनाएर ५८ जना अर्थात ९६ प्रतिशत, मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिमा ५६ जना अर्थात ९३ प्रतिशत, 'ड' र 'ढ' लाई 'र' बनाउदा हुने त्रुटिमा ५५ जना अर्थात ९१ प्रतिशत,

प्राणत्वका आधारमा ५१ जना अर्थात ८५ प्रतिशत, वर्णलोपगत त्रुटिमा ५० जना अर्थात ८४ प्रतिशत, घोषत्वका आधारमा ४८ जना अर्थात ८० प्रतिशत, 'ट' र 'त' वर्णमा ४१ जना अर्थात ६८ प्रतिशत 'ड, ढ' र 'द, ध' वर्णमा ४० जना अर्थात ६६ प्रतिशत, 'ठ' र 'थ' वर्णमा ३६ जना अर्थात ६० प्रतिशत र सबैभन्दा कम वर्ण थपोटगतमा ३५ जना अर्थात ५८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । उच्चारणगत त्रुटि भएका शब्दहरूलाई वर्गीकरण गर्दा भाषान्तरिक, अर्थघाटक/अर्थअघाटक, आंशिक/समग्र, औचित्य/अनौचित्य वर्णलोप/थपोट, उच्चारणगत र व्यवस्थित प्रकृतिका त्रुटिहरू बढी भएको पाइन्छ ।

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषा उच्चारण गर्दा मातृभाषाको प्रभाव पर्नु, भाषिक वक्ता सचेत नहुनु, पछिल्लो भाषाको प्रभाव पर्नु, प्रष्टसँग लेखपढ गर्न नसक्नु, समाजमा सबैजना उस्तै बोल्नु, उच्चारण अभ्यासको कमी हुनु, भाषिक वातावरणको प्रभाव पर्नु, नेपाली भाषा दोस्रो भाषा हुनु, अशुद्ध बोलेको थाहा नहुनु, त्रुटिपूर्ण बोल्दा गल्ती पहिचान गरिदिने दक्ष व्यक्तिको अभाव हुनु, उच्चारणगत त्रुटिको पहिचान नहुनु, शुद्ध नेपाली भाषा बोल्न जान्नेहरूले पनि समाजमा प्रयोग नगर्नु, नेपाली भाषाको उच्चारण कोशको अभाव हुनु, विद्यालय तहमा उच्चारण शिक्षण प्रभावकारी नहुनु, पहिलो भाषाको प्रभाव पर्नु, शिक्षित व्यक्तिहरूले पनि शुद्ध नेपाली भाषाका प्रयोग नगर्नु, भोटबर्मेली भाषा परिवारको विशेषताको प्रभाव पर्नु, , विद्यालय तहमा मगर र नेपाली दुबै भाषामा दक्ष शिक्षक नहुनु जस्ता कारणहरूले गर्दा नेपाली भाषाको उच्चारणमा त्रुटि भएको पाइन्छ ।

यस्ता खालको उच्चारणगत त्रुटिको निराकरण गर्न मगर मातृभाषी वक्ताहरूले गर्ने त्रुटिहरू पहिचान गर्ने, उच्चारणगत त्रुटिका कारणहरू खोजी गर्ने, त्रुटिका क्षेत्रहरू पहिचान गर्ने, नेपाली भाषामा शिक्षित व्यक्तिले समाजमा त्रुटिपुर्ण भाषा प्रयोग गर्नेलाई शुद्ध बोल्न प्रेरित गर्ने, विद्यालयमा मगर मातृभाषी विद्यार्थीहरूका लागि छुट्टै नेपाली भाषाको पाठ्यक्रम निर्माण गर्ने, नेपाली भाषाका उच्चारण कोशहरू निर्माण गर्ने, विद्यालयमा नेपाली र मगर दुवै भाषामा दक्ष शिक्षकको व्यवस्था गर्ने, विद्यालयमा विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, उमेर, रूचि, आवश्यकता, शारिरिक तथा मानसिक अवस्था पहिचान गरेर उच्चारण शिक्षणलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनुपर्ने देखिन्छ । यस्ता खालका उपायहरू अपनाउन सके मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूलाई निराकरण गर्न सकिने देखिन्छ ।

विषयसूची

क्र.स. शीर्षक	पृष्ठ सं.
प्रतिबद्धता पत्र	क
सिफारिस पत्र	ख
स्वीकृति पत्र	ग
कृतज्ञता ज्ञापन	घ
शोधसार	ङ
विषयसूची	छ
तालिका सूची	ञ
सङ्क्षिप्त शब्दावलीको पूरा रूप	ट
चिन्ह सूची	ठ
अध्याय: एक	
शोध परिचय	
१.१ अध्ययनको पृष्ठभूमि	१
१.२ समस्याको कथन	३
१.३ अध्ययनको उद्देश्य	४
१.४ अध्ययनको औचित्य	४
१.५ अध्ययनको परिसीमा	५
१.६ अध्ययनको रूपरेखा	६
अध्याय : दुई	
पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा	
२.१ पूर्वकार्यको समीक्षा र उपादेयता	७
२.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारण	१९
२.२.१ त्रुटिको परिचय	१९
२.२.२ भाषिक त्रुटिको अध्ययन	२१
२.२.३ त्रुटिका क्षेत्र	२१
२.२.४ त्रुटिको वर्गीकरण	२४
२.२.५ त्रुटि विश्लेषण पद्धति	३३

२.२.६ त्रुटि विश्लेषणको चरणगत प्रक्रिया ३५
२.२.७ उच्चारणमा पाइने केही प्रमुख त्रुटिक्षेत्र ३६
२.२.८ उच्चारणगत त्रुटि वा कमजोरीका कारण ३७
२.२.९ उच्चारणगत त्रुटि निराकरणका उपाय ४१
२.३ अवधारणात्मक खाका ४२

अध्याय : तीन

अनुसन्धान विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा ४३
३.२ जनसङ्ख्या तथा नमुना छनोट ४३
३.३ तथ्याङ्कको प्रकृति र स्रोत ४३
३.४ सामग्री निर्माण र मानकीकरण ४४
३.५ तथ्याङ्क सङ्कलन विधि र प्रक्रिया ४४
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण ४४
३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ४५

अध्याय : चार

तथ्याङ्कको व्याख्या विश्लेषण

४.१ नेपाली भाषाको उच्चारणमा भएका त्रुटिको विश्लेषण ४६
४.१.१ घोषत्वको आधारमा हुने त्रुटि ४७
४.१.२ प्राणत्वको आधारमा हुने त्रुटि ४९
४.१.३ वर्ण लोपगत त्रुटि ५१
४.१.४ वर्ण थपोटगत त्रुटि ५३
४.१.५ ‘ट’ र ‘त’ वर्णमा हुने त्रुटि ५५
४.१.६ ‘ठ’ र ‘थ’ वर्णमा हुने त्रुटि ५७
४.१.७ ‘ड, द’ र ‘ढ, ‘ध’ वर्णमा हुने त्रुटि ५९
४.१.८ ‘ड’ र ‘ढ’ वर्णलाई ‘र’ बनाउदा हुने त्रुटि ६१
४.१.९ ‘हि’ र ‘ही’ लाई ‘इ’ बनाउँदा हुने त्रुटि ६३
४.१.१० मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि ६५
४.२ उच्चारणगत त्रुटिको वर्गीकरण ६७

४.२.१ घोषत्वको आधारमा हुने त्रुटिको वर्गीकरण ६८
४.२.२ प्राणत्वको आधारमा हुने त्रुटिको वर्गीकरण ६९
४.२.३ लोपगत त्रुटिको वर्गीकरण ७१
४.२.४ थपोटगत त्रुटिको वर्गीकरण ७२
४.२.५ 'ट' र 'त' वर्णमा हुने त्रुटिको वर्गीकरण ७४
४.२.६ 'ठ' र 'थ' वर्णमा हुने त्रुटिको वर्गीकरण ७५
४.२.७ 'ड, द' र 'ढ, 'ध' वर्णमा हुने त्रुटिको वर्गीकरण ७७
४.२.८ 'ड' र 'ढ' वर्णलाई 'र' बनाउँदा हुने त्रुटिको वर्गीकरण ७८
४.२.९ 'हि' र 'ही' लाई 'इ' बनाउँदा हुने त्रुटिको वर्गीकरण ८०
४.२.१० मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिको वर्गीकरण ८१
४.३ त्रुटिका कारण ८३
४.३.१ त्रुटिका कारण पहिचान गर्न सोधिएका प्रश्नको विश्लेषण ८४
४.३.२ मगर समुदायका शिक्षित व्याक्तिलाई सोधिएको प्रश्नको विश्लेषण ८५
४.३.३ विषय विज्ञलाई सोधिएको प्रश्नको विश्लेषण ८६
४.४ त्रुटि निराकरणका उपाय ८६
४.४.१ मगर समुदायका शिक्षित व्याक्तिलाई सोधिएको प्रश्नको विश्लेषण ८८
४.४.२ विषय विज्ञलाई सोधिएको प्रश्नको विश्लेषण ८८

अध्याय : पाँच

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ९०
५.२ सुझाव ९५
५.२.१ नीतिगत तह ९५
५.२.२ कार्यान्वयन तह ९६
५.२.३ अनुसन्धानात्मक तह ९७
५.३ भावी अनुसन्धानका लागि शीर्षक ९७
सन्दर्भसूची
परिशिष्ट
व्यक्तिवृत्त

तालिका सूची

तालिका नं.	शीर्षक	पृष्ठ
१	त्रुटिका लागि छनोट गरिएको उच्चारणका क्षेत्र र शब्द सङ्ख्या	४६
२	घोषत्व वर्णहरूको उच्चारणमा भएका त्रुटि	४७
३	घोषत्व वर्णहरूको उच्चारण गर्ने वक्ता र प्रतिशत	४८
४	प्राणत्व वर्ण सम्बन्धी उच्चारणमा भएको त्रुटि	४९
५	प्राणत्व वर्ण उच्चारण गर्ने वक्ता र सङ्ख्या	५०
६	वर्ण लोपगत त्रुटि	५१
७	लोपगत त्रुटि सम्बन्धी वक्ताको सङ्ख्या र प्रतिशत	५२
८	वर्ण थपोटगत त्रुटिको अध्ययन	५३
९	थपोटगत त्रुटिको उच्चारण गर्ने वक्ताहरुको सङ्ख्या र प्रतिशत	५४
१०	'ट' र 'त' वर्णमा हुने त्रुटि	५५
११	'ट' 'त' वर्ण सम्बन्धी उच्चारण गर्ने वक्ता र सङ्ख्या	५६
१२	'ठ' र 'थ' वर्णमा हुने त्रुटि	५७
१३	'ठ' र 'थ' वर्ण सम्बन्धी उच्चारण गर्ने वक्ताको सङ्ख्या र प्रतिशत	५८
१४	'ड', 'ढ' र 'द', 'ध' वणको उच्चारण सम्बन्धी त्रुटि	५९
१५	'ड', 'ढ' र 'द', 'ध' वर्ण उच्चारण गर्ने वक्ताको सङ्ख्या र प्रतिशत	६०
१६	'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा हुने त्रुटि	६१
१७	'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्न वक्ताको सङ्ख्या र प्रतिशत	६२
१८	'हि' र 'ही' वर्णलाई 'इ' मा परिवर्तन गर्दा भएको त्रुटि	६३
१९	'हि' र 'ही' लाई 'इ' बनाउने वक्ताको सङ्ख्या र प्रतिशत	६४
२०	मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि	६५
२१	मातृभाषाको प्रभाव सम्बन्धी उच्चारणमा वक्ताको सङ्ख्या र प्रतिशत	६६
२२	घोषत्व सम्बन्धी त्रुटिको वर्गीकरण	६८
२३	प्राणत्व सम्बन्धी त्रुटिको वर्गीकरण	६९
२४	वर्णलोपगत त्रुटिको वर्गीकरण	७१
२५	वर्ण थपोट त्रुटिको वर्गीकरण	७२
२६	'ट' 'त' वर्ण त्रुटिको वर्गीकरण	७४

२७	'ठ' 'थ' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण	७५
२८	'ड,ढ' र 'द,ध' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण	७७
२९	'ड' र 'ढ' वर्णलाई 'र'मा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण	७८
३०	'हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण	८०
३१	मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिको वर्गीकरण	८१

सङ्क्षिप्त शब्दावलीको पूरा रूप

बी.एड.	:	व्याचलर अफ एजुकेसन
उपप्रा.	:	उपप्राध्यापक
एम.एड.	:	मास्टर अफ एजुकेसन
क्र.सं.	:	क्रम सङ्ख्या
नेपा.शि.	:	नेपाली शिक्षा
न.पा.	:	नगरपालिका
प्रा.	:	प्राध्यापक
पृ.	:	पृष्ठ
म.प.वि.	:	मध्यपश्चिम विश्वविद्यालय
वि.सं.	:	विक्रम संवत्
संस्क.	:	संस्करण
त्रि.वि.	:	त्रिभुवन विश्वविद्यालय

चिन्ह सूची

(-)	:	योजक चिन्ह
(,)	:	अल्पविराम चिन्ह
(‘ ’)	:	एकल उद्धरण चिन्ह
(“ ”)	:	युगल उद्धरण चिन्ह
(/)	:	वैकल्पिक चिन्ह
(=)	:	समानान्तर चिन्ह
(:)	:	विसर्ग चिन्ह
(।)	:	पूर्णविराम
(?)	:	प्रश्नवाचक
(ँ)	:	चन्द्रबिन्दु
(ं)	:	शिरबिन्दु

अध्याय : एक

शोध परिचय

१.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको प्रमुख साधन हो । मानिसहरू भाषाबाटै आफ्ना मनका विचार तथा भावनाहरूलाई बोलीका माध्यमबाट अरू समक्ष व्यक्त गर्छन र अरूले बोलेका कुराहरूलाई मनन गरी प्रतिक्रिया दिने गर्छन । माानिस सामाजिक प्राणी पनि हो । आफ्ना दैनिक गुजारा सरल र सहज तरिकाले चलाउन र आवश्यकता परिपूर्ति गर्नका लागि भाषाको आवश्यकता पर्दछ । भाषाले समाजमा मानिसहरूलाई मिलेर बस्न तथा एक अर्कालाई सहयोग आदान प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषाले आफ्नो समाजको पहिचान बोकेको हुन्छ । भाषा समाज, जाति, वर्ग, पेसा, उमेर, आदिको प्रकृति अनुसार परिवार, साथी, कार्यालय, औपचारिक कार्यक्रम आदिसँग प्रयोग गरिने भाषा फरक फरक हुने गर्छ र भाषालाई भिन्न भिन्न शैली र तरिकाबाट प्रयोग गरिरहेको पनि पाइन्छ ।

नेपाल बहुजातीय, बहुभाषिक, र भौगोलिक विविधताले भरिपूर्ण राष्ट्र हो । भौगोलिक अवस्था र जातीय विविधताका कारण यहाँ विभिन्न भाषाभाषीहरू प्रयोगमा छन् । नेपालमा भारोपेली, भोटबर्मेली, आग्नेली, द्रविद र एकल परिवारका भाषाहरू बोलिन्छ । नेपालमा सबैभन्दा बढी नेपाली भाषी वक्ताहरू रहेका छन् । जुम्लाको सिंजाबाट उत्पत्ति भएको नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । सरकारी कामकाजको भाषा हो । आमसञ्चार माध्यमको भाषा हो । बहुसङ्ख्यक जनताले बोल्ने र बुझ्ने भाषा पनि हो । स्तरीय नेपाली भाषाको विकास आधुनिक काल पश्चात् भएको मानिन्छ । नेपालको अन्य भाषाको तुलनामा नेपाली भाषामा प्रशस्त मात्रामा साहित्य लेखन, व्याकरण निर्माण र प्रज्ञाप्रतिष्ठानले प्रकाशनमा ल्याएको नेपाली बृहत् शब्दकोशले नै नेपाली भाषाको स्तरीयतालाई अझ अगाडि बढाएको देखिन्छ । हाल नेपाली भाषाले स्वदेशमा मात्र नभएर विदेशमा समेत आफ्नो प्रभाव बढाउँदै गइरहेको देखिन्छ ।

मगर भाषिक समुदायका वक्ताहरूले मातृभाषाको रूपमा प्रयोग गर्ने भाषालाई मगर भाषा भनिन्छ । भोटबर्मेली भाषा परिवार अन्तर्गत बोलिने एउटा प्रमुख भाषाका रूपमा पनि मगर

भाषालाई चिनिन्छ । हालको तथ्याङ्क अनुसार नेपालमा करिब सात प्रतिशत जनसङ्ख्याले मगर भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने गर्दछन् । मगर भाषाको पनि आफ्नै इतिहास रहेको छ । भौगोलिक अवस्था र क्षेत्र अनुसार मगरभाषाका पनि मुख्य ढुट, खाम र काइके गरी तीनवटा भाषिकाहरू रहेका छन् । पूर्वेली मगरहरू ढुट, रुकुम रोल्पातिर खाम र डोल्पामा काइके भाषा बोल्नेको बाहुल्यता रहेको देखिन्छ । गुर्भाकोटका मगर मातृभाषी वक्ताहरू बोल्ने भाषा ढुट मगरसँग मिल्दोजुल्दो रहेको पाइन्छ ।

उच्चारण भनेको उच्चारण अवयवका सहयोगबाट भाषिक ध्वनिको उच्चारण हुनु हो । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिप छन् । कथ्य भाषासँग सम्बन्धित उच्चारण सिपबाट पढाइ र बोलाइलाई स्पष्ट र शुद्ध बनाउँदै मानकतिर लैजान सकिन्छ । उच्चारण भनेको पढाइको आाधारशीला हो । शुद्ध र स्पष्ट किसिमको उच्चारण भएमा मात्र विचारको अभिव्यक्ति खँदिलो, कसिलो र प्रभावकारी हुन सक्दछ । उच्चारण मानवीय बोलीसँग सम्बन्धित हुन्छ । हरेक वर्णहरू अक्षरमा, अक्षरहरू रूपमा, रूपहरू शब्दमा, शब्दहरू पदावलीमा, पदावलीहरू उपवाक्यमा, उपवाक्यहरू वाक्यमा र हरेक वाक्यहरू सङ्कथनमा उनिएर सिङ्गो भाषिक अभिव्यक्ति तयार हुने हुनाले यी सबैका लागि उच्चारण आधारभूत र महत्त्वपूर्ण पक्ष हो । विशेषतः नेपाली भाषाका भाषिकागत प्रभाव कम गर्न, नेपाली भाषा भन्दा भिन्न भाषाको प्रभावबाट मुक्त गर्न, स्तरीय र मानक उच्चाारणमा अभ्यस्त गराइ अभिव्यक्ति क्षमतामा परिष्कार ल्याउन उच्चारणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषिक उच्चारणमा हुने हलन्त, अजन्त, अकार, आकार, घोषत्व, प्राणत्व, वर्ण लोपगत, वर्ण थपोटगत, ट र त वर्ण, ह वर्णको लोप, अनुनासिकता जस्ता पक्षमा त्रुटि हुने गर्दछ । सही र शुद्ध उच्चारण भएमा मात्र भाषाका सही अभिव्यक्ति तयार हुन्छ र सबैका निम्ति ग्राह्य र सम्प्रेष्य बन्छ । उच्चारणगत त्रुटि र कमजोरीले बोलीमा अस्पष्टता, अशुद्धता, अनर्थता, अशोभनीयता र अप्रभावकारिताको सिर्जना हुने गर्दछ ।

हाल मगर भाषिक समुदायमा पनि साझा सम्पर्कको माध्यम भाषाका रूपमा नेपाली भाषाको प्रयोगले व्यापकता पाउदै गइरहेको अवस्था छ भने अर्कातिर मगर भाषा अपक्षयको अवस्थामा पुग्न लागेको पनि देखिन्छ । नेपाली भाषा नेपालको राष्ट्रभाषा, सरकारी कामकाजको भाषा,

आम सञ्चार माध्यमको भाषा, बहुसङ्ख्यक जनताले बोल्ने र बुझ्ने भाषाका साथै शिक्षामा उच्च तहसम्म पठनपाठनको माध्यम भाषा भएको हुनाले पनि नेपाली भाषाको उच्चारणमा स्पष्टता र शुद्धता हुन आवश्यक देखिन्छ । हाल विद्यालय तहमा मगर भाषिक समुदायका विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा विभिन्न खालका त्रुटिहरू प्रशस्त मात्रामा गरेको पाइन्छ । उनीहरू न त शुद्ध नेपाली उच्चारण गर्न सक्ने नत मगर भाषा नै राम्रोसँग बोल्न सक्दछन् । यस्तो खालको त्रुटि निराकरण गर्नको लागि बालबालिकाहरूको अध्ययनले मात्र पुग्दैन । यस्ता त्रुटिका कारणहरू पत्ता लगाउनको लागि मगर भाषिक वक्ताहरूले उच्चारणमा गर्ने त्रुटिहरूको बारेमा पनि अध्ययन गर्नु पर्ने देखिन्छ । किनभने बालबालिकाहरूको पहिलो पाठशाला भनेको घर हो । घर परिवारको भाषिक वातावरणमा नै उनीहरूको भाषिक क्षमता वृद्धि हुने र त्यस्तै भाषा सिक्ने हुनाले मगर भाषिक समुदायका व्यक्तिहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिका बारेमा अध्ययन गर्न आवश्यक रहेको देखिन्छ । उनीहरूले गरेका त्रुटिहरू पहिचान गरेर उक्त त्रुटिका कारणहरू पत्ता लगाउनु पर्दछ । अनि मात्र विद्यालय तहमा मगर मातृभाषी विद्यार्थीहरूका उच्चारणगत त्रुटि न्यूनीकरण गर्न आवश्यक उपायहरू अवलम्बन गरी भाषा शिक्षण गर्न सहज हुने देखिन्छ । जसले मगर भाषी बालबालिकाहरूलाई त्रुटि पहिचान गरिदिन र त्यस्ता त्रुटिलाई न्यूनीकरण गर्न आवश्यक सल्लाह सुझाव दिन सकिन्छ । उच्चारणगत समस्यालाई सुधार गर्दै अगाडि बढ्न सकिन्छ । जसले मगर भाषिक समुदायका बालबालिकाहरूले पनि स्तरीय नेपाली भाषाका शुद्ध उच्चारण गर्न सक्दछन् ।त्यसकारण मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिलाई मूल आधार बनाएर प्रस्तुत शोधकार्य गरिएको छ ।

१.२ समस्या कथन

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणको क्रममा गर्ने त्रुटिहरू नै यस शोधकार्यको प्रमुख समस्या हो, जसलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ :

(क) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषा उच्चारणमा के के त्रुटिहरू गर्दछन् ?

(ख) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गरेका त्रुटिहरूलाई कसरी वर्गीकरण गर्न सकिन्छ ?

(ग) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणगत त्रुटि गर्नुको कारण पहिचान गरी त्रुटि निराकरण गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ?

१.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको समस्यासँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गर्नु,

(ख) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गरेका त्रुटिहरूको वर्गीकरण गर्नु,

(ग) गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले गर्ने त्रुटिका कारणहरू पहिचान गरी निराकरणका लागि सुझाव प्रस्तुत गर्नु ।

१.४ अध्ययनको औचित्य

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको अध्ययन गर्नु आवश्यक देखिन्छ । मगरभाषी वक्ताहरुले उच्चारणमा गर्ने त्रुटि पहिचान गरी त्यस्ता त्रुटि हुनुका कारणहरू पहिचान गरे पछि उच्चारणगत त्रुटिलाई सुधार गर्न सकिन्छ । विशेषगरी यस अध्ययन मगरभाषी वक्ता तथा विद्यार्थीहरूका लागि औचित्यपूर्ण रहनेछ । यसका साथै नेपाली भाषा अध्ययन अध्यापनमा संलग्न शिक्षक, विद्यार्थी, शोधार्थीहरू लगायत सम्पूर्णलाई थोरै भए पनि उच्चारणमा सहयोग गरेको छ । समग्रमा यस अध्ययनको औचित्यलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरू पहिचान गर्न,

(ख) नेपाली भाषा उच्चारण गर्दा हुने समस्याहरूको जानकारीका साथै भाषा उच्चारणमा निपूर्णता ल्याउन,

(ग) भाषिक उच्चारणगत त्रुटि सम्बन्धी अध्ययन गर्ने विद्यार्थीहरूलाई सामग्रीको रूपमा सहयोग गर्न,

(घ) नेपाली भाषा सम्बन्धी अध्ययन अध्यापनमा संलग्न शिक्षक, विद्यार्थी, पाठ्यसामग्री, विभिन्न लेख तथा आम नागरिकलाई सहयोग गर्न,

(ङ) भाषिक उच्चारणगत त्रुटिहरूको सहज निराकरण गरी भाषालाई अमानक, अस्तरीय, अशुद्ध तथा त्रुटि हुनबाट बचाउन,

(च) मगर भाषिक समुदायका वक्ताहरूलाई नेपाली भाषाका वक्ताहरू सरह नेपाली भाषाको स्तरीय रूपको शुद्ध प्रयोग गर्न सक्ने बनाउन,

(छ) मगर समुदायका वक्तालाई नेपाली भाषाको पहिचान गराइ शिक्षाप्रतिको दृष्टिकोणमा सुधार ल्याई शैक्षिक विकासमा सहयोग पुऱ्याउन,

(ज) मगर भाषी वक्ताहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको न्यूनीकरण गरी शुद्ध नेपाली भाषाको प्रयोग गर्न सक्षम बनाउन,

(झ) हालसम्म पनि यस विषय शीर्षकमा प्रभावकारी र व्यावहारिक अध्ययन नभएकोले यो शोधकार्य औचित्यपूर्ण रहको छ ।

१.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनलाई निम्नलिखित बुँदामा परिसीमित गरिएको छ :

(क) यो अध्ययन बोलाइ सिपको उच्चारण पक्षसँग मात्र सम्बन्धित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिकाका १, २, १३ र १४ गरी ४ वटा वडामा बसोवास गर्ने १५/१५ गरी जम्मा ६० जना मगर मातृभाषी वक्ताहरूमा सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन अडियो रेकर्ड र टिपोटमा आधारित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा भाषिक उच्चारणगत त्रुटिका दसवटा पक्षहरू घोषत्व, प्राणत्व, लोपगत, थपोटगत,ट र त वर्ण, ठ र थ वर्ण, 'ड, ढ' र 'द, ध' वर्ण, हि र ही लाई 'इ' बनाउने, ड र ढ लाई 'र' बनाउने र मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिको अध्ययन गरिएको छ ।

(ङ) यस शोधमा उच्चारणका अन्य क्षेत्र र वाक्यगत त्रुटिको अध्ययन गरिएको छैन ।

१.६ अध्ययनको रूपरेखा

यस शोधकार्यको रूपरेखा निम्न प्रकारको रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष र सुझाव

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

अध्याय : दुई

पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने प्रकृतिका १५ वटा पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरू र १० वटा शोधपत्रलाई पूर्वकार्यका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

महेश विश्वकर्मा (२०६७) द्वारा **मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधको उद्देश्यहरू कक्षा आठमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटि पत्ता लगाउने, उक्त त्रुटिको कारण पत्ता लगाई विश्लेषण गर्ने र त्रुटि निराकरणका उपायहरू पत्ता लगाउने रहेका छन् । शोधको प्राथमिक स्रोत सामग्रीका रूपमा स्वराङ्कन सामग्रीको प्रयोग गरिएको छ । शोधको जनङ्ख्याका रूपमा तीन वटा विद्यालयबाट १५/१५ जनाका दरले २३ जना छात्र र २२ जना छात्रा गरी जम्मा ४५ जना विद्यार्थीहरूलाई लिइएको छ । उक्त शोधमा ११ वटा पक्षका ५५ वटा शब्दहरू र एउटा एउटा दृष्टांश अनुच्छेदको प्रयोग गर्दै तथ्याङ्क सङ्कलन गरी यसको व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधमा विद्यार्थीहरूले अल्पप्राण वर्णलाई महाप्राणमा र महाप्राण वर्णलाई अल्पप्राण वर्णमा उच्चारण गर्नेको सङ्ख्या बराबर रहेको, घोष वर्णमा धेरैले त्रुटि गरेको, 'ट' र 'त' वर्गका वर्ण एकअर्कामा उच्चारित भएको, नौ प्रतिशत विद्यार्थीहरूले 'अ' ध्वनिलाई 'आ' ध्वनिमा उच्चारण गरेको, ह ध्वनिको लोप भएको, करिब एक तिहाइ सहभागीले 'क्ष' र 'छे/छ्य' को उच्चारणमा त्रुटि गरेको तथा अनुस्वार र अनुनासिक वर्णको उच्चारणमा चन्द्रविन्दु र शिरविन्दुको वास्ता नगरेको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनले प्रस्तुत शोधमा शीर्षक र उद्देश्य छनोट गर्न सहयोग पुऱ्याएकाले यस शोधपत्रको उपयोग गरिएको छ ।

टुकनाथ भुसाल (२०६८) **द्वारा बर्दिया जिल्लाका कक्षा ६ मा अध्ययनरत गुरूङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा कक्षा ६ मा अध्ययनरत गुरूङ मातृभाषी विद्यार्थीहरूले नेपाली

भाषाको उच्चारणमा गर्ने त्रुटिहरू पहिल्याउनु, त्रुटिको वर्गीकरण गर्नु र त्रुटिका कारणहरू पत्ता लगाउनु प्रमुख उद्देश्य रहेको छ । क्षेत्रीय अध्ययन विधिको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको उक्त शोधमा सम्भावनारहित नमुना छनोट विधिको उद्देश्यमूलक र सुविधाजनक नमुना छनोट विधिको उपयोग गरिएको छ । बर्दिया जिल्लाका छ वटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरी सम्भावित त्रुटि क्षेत्रका १४२ वटा शब्दहरू छनोट गरी उक्त शब्दहरूलाई उच्चारण गर्न लगाई टेप रेकर्ड गरेर सामग्री संकलन गरिएको छ । उक्त शब्दहरूको उच्चारणलाई टिपोट गरी विश्लेषण गर्दा ५३ प्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरेको र ४७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको निष्कर्ष निकालिएको छ र त्रुटि निराकरण गर्नका लागि निमावि तहबाट भाषाशिक्षणमा जोड र निरन्तरता दिनुपर्ने, विद्यार्थीहरूलाई बढी अभ्यासको अवसर प्रदान गर्नुपर्ने, कमजोर विद्यार्थीलाई बढी ध्यान दिनुपर्ने, भाषिक पृष्ठभूमी पहिचान गरेर त्यस अनुरुप शिक्षण गर्नुपर्ने आदि जस्ता सुझावहरू प्रस्तुत गरिएको छ । यस शोधपत्रको अध्ययनबाट प्रस्तुत शोध सम्पन्न गर्दा उद्देश्य निर्माण गर्न, नमुना छनोट गर्न तथा तथ्याङ्क सङ्कलन गर्न सहयोग पुऱ्याएकाले यस शोधपत्रको उपयोग गरिएको छ ।

पारसमणि भण्डारी र नेपाल (२०६९)द्वारा **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम** शीर्षकमा पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा, त्रुटि र अन्तरभाषा, त्रुटिको वर्गीकरण, त्रुटिका क्षेत्र, त्रुटिको विश्लेषण प्रक्रिया, त्रुटिको पहिचान र सामग्री सङ्कलन, त्रुटिको व्याख्या र विश्लेषण र भाषा शिक्षणजस्ता विषयवस्तुका बारेमा उल्लेख गरिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यमा सैद्धान्तिक अवधारणा निर्माणमा त्रुटिको वर्गीकरण गर्नमा सहयोग भएकाले यसको उपयोग गरिएको छ ।

रामचन्द्र लम्साल र अन्य (२०६७)द्वारा **प्रायोगिक भाषाविज्ञान** नामक सन्दर्भ पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको अध्याय सातमा त्रुटि विश्लेषणको अवधारणा, त्रुटि र अन्तरभाषा, त्रुटि क्षेत्र र त्रुटिहरूको वर्गीकरण, त्रुटि विश्लेषण प्रक्रिया, त्रुटिविश्लेषण र भाषाशिक्षणको बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकको अध्ययनले यस शोधका लागि सिद्धान्त निर्माणमा त्रुटिको वर्गीकरण र त्रुटिका क्षेत्रहरू लेख्न सहयोग पुगेकाले यो पुस्तकको उपयोग गरिएको छ ।

केशवप्रसाद उपाध्याय (२०६९) द्वारा **प्राथमिक तहमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधका उद्देश्यहरूमा प्राथमिक तहमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटि पत्ता लगाउनु, उक्त त्रुटिहरूको स्रोत पत्ता लगाइ विश्लेषण गर्नु र ती त्रुटिहरू निराकरणका उपायहरूको निरुपण गर्नु रहेका छन् । यस शोधमा क्षेत्रीय सर्वेक्षण विधिको उपयोग गरिएको छ । सुर्खेत जिल्लाका चार वटा विद्यालयका चार र पाँच कक्षामा अध्ययनरत २०/२० जनाका दरले जम्मा ८० जना विद्यार्थीहरूलाई लक्षित जनसङ्ख्या मानेर गरिएको उक्त अध्ययनमा उनीहरूलाई ट, त, क्ष, छे, ए, य, न, ज, ब, व वर्गका वर्णहरू उच्चारण गर्न लगाइ त्रुटि पहिचान गरिएको छ । जसमा मगरभाषी विद्यार्थीहरूले उच्चारणको क्रममा 'ट' र 'त' वर्गका वर्ण एकअर्कोमा उच्चारण गरेको 'व' र 'ब', 'य' र 'ए' र 'छे' र 'य'वर्णको उच्चारणमा खासै त्रुटि नगरेको देखाइएको छ । यसैगरी त्रुटि मूल्याङ्कन प्रणालीमा सुधार नहुनु, विद्यार्थीको आर्थिक तथा पारिवारिक पक्ष कमजोर हुनु मुख्य कारण रहेको उक्त शोधको निष्कर्ष रहेको छ । जसबाट प्रस्तुत शोधका लागि शीर्षक चयन र उद्देश्य निर्माणमा सहयोग पुगेकाले यस शोधपत्रको उपयोग गरिएको छ ।

डिसन कार्की र अन्य (२०६९) द्वारा **प्रायोगिक भाषा विज्ञान** पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको अध्याय सातमा त्रुटि विश्लेषणको परिचय, त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा, त्रुटिको वर्गीकरण, त्रुटि विश्लेषण प्रक्रिया, भाषा सिकाइमा त्रुटि विश्लेषणको उपयोगिता र त्रुटि विश्लेषणको अभ्यासलाई प्रस्तुत गरिएको छ । जसले यस शोधकार्यको सिद्धान्त निर्माणमा त्रुटिको परिचय, परिभाषा र वर्गीकरण गर्न सहयोग पुऱ्याएकाले यस पुस्तकको उपादेयता रहेको छ ।

शान्तिप्रसाद ढकाल (२०७०)द्वारा **प्रायोगिक भाषाविज्ञान** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा नौ वटा एकाइहरू समावेश गरिएको छ । जस अन्तर्गत एकाइ सातको पृष्ठ १८०-१९८ सम्म त्रुटि विश्लेषणको सैद्धान्तिक चर्चा गरिनुका साथै त्रुटि वर्गीकरणका आधारहरूको चर्चा गरिएको छ । जसले प्रस्तुत शोधकार्यमा सैद्धान्तिक खण्डत्रुटि विश्लेषणको

परिभाषा, वर्गीकरण, चरणगत प्रक्रिया निमार्णमा सहयोग पुगेको हुनाले यस पुस्तकको उपयोग गरिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०७०) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक प्रकाशन भएको पाइन्छ । यस पुस्तकमा नेपाली भाषाको पृष्ठभूमि सम्बन्धी उल्लेख गरिएको छ । यस पुस्तकमा नेपाली भाषाको पृष्ठभूमिका साथै दोस्रो भाषा सिकाइमा प्रभाव पार्ने तत्त्वहरू, उच्चारण शिक्षण, पठनकला शिक्षण, भाषा व्याकरणको प्रयोग, पहिलो र दोस्रो भाषा सिकाइ र बोलाइमा देखा पर्ने समस्या जस्ता विषयहरूको बारेमा उल्लेख गरिएको छ । यस पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यमा पृष्ठमूमि निर्माण गर्न सहयोग भएकाले यस पुस्तकको उपयोग गरिएको छ ।

एकुकुमारी निङलेकू (२०७२) द्वारा **लिम्बू भाषी विद्यार्थीहरूले नेपाली भाषा प्रयोगमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उक्त अध्ययनको मूल उद्देश्य माध्यमिक तहमा अध्ययनरत लिम्बू भाषी विद्यार्थीहरूले नेपाली भाषा प्रयोगमा गर्ने उच्चारणगत त्रुटि पत्ता लगाउनु, उक्त तहका छात्र छात्राले गर्ने उच्चारणगत त्रुटिहरूको विश्लेषण गर्नु, कक्षागत आधारमा विद्यार्थीहरूले गर्ने उच्चारणगत त्रुटिहरूको तुलना गर्नु र ती त्रुटि हुनाका कारणहरू पत्ता लगाउनु रहेको छ । यो शोधकार्यमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । सम्भावनारहित नमूना छनोट विधि अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी मोरङ जिल्लाका ६ वटा माध्यमिक विद्यालयका कक्षा ९ र १० बाट दस दस जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य पूरा हुने गरी विषयवस्तु छनोट गरिएको छ । जसमा सम्भावित उच्चारणगत त्रुटिका १६ वटा पक्षका शब्दहरू छनोट गरी उच्चारण गर्न लगाई टिपोट गरेर सामग्री सङ्कलन गरेर तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । सम्भावित त्रुटि क्षेत्रमा गरिएका सबै शब्दहरू प्राय : त्रुटिहरू भेटिएको त्यसमा पनि सबैभन्दा बढी प्राणत्व र घोषत्वनिहित शब्दहरूको उच्चारणमा त्रुटि गरेको र यस्तो त्रुटि हुनाको प्रमुख कारण मातृभाषाको प्रभाव रहेको निष्कर्ष निकालिएको छ । र यस्ता त्रुटि न्यूनीकरणका लागि लिम्बु र नेपाली दुबै भाषा जान्ने द्विभाषिक शिक्षकले नेपाली भाषाको

शिक्षण गर्नुपर्ने भाषा शिक्षकका लागि दक्ष र तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने, विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेर शिक्षण गर्नुपर्ने, भाषा शिक्षकले शिक्षण गर्दा शुद्धता र स्पष्टतालाई जोड दिनुपर्ने आदिजस्ता सुझाव प्रस्तुत गरिएको छ । उक्त शोधको अध्ययनले प्रस्तुत अध्ययनमा उद्देश्य निर्माण गर्न, सामग्री सङ्कलन गर्न र तथ्याङ्कको विश्लेषणको आधार निमार्ण गर्न सहयोग पुर्‍याएकाले यसको उपादेयता रहेको छ ।

ध्रुवप्रसाद निउरे र दिनेश घिमिरे (२०७२) द्वारा **भाषिक अनुसन्धान विधि** नामक पुस्तक प्रकाशन भएको छ । यस पुस्तकमा जम्मा सात वटा एकाइहरू समावेश छन् । यसमा अनुसन्धान र भाषा सम्बन्धी अध्ययनका विभिन्न तौरतरिकाहरू अपनाउन सहयोग हुने कुरा उल्लेख गरिएको छ । एकाइ एक अन्तर्गत अनुसन्धानको परिचय, प्रकार, विशेषता, महत्त्व र प्रयोजन, भाषिक अनुसन्धानको स्थिति, अनुसन्धानका क्षेत्रहरूको परिचयजस्ता कुराहरूको बारेमा दिइएको छ । एकाइ दुई र तीनमा भाषिक अनुसन्धानका सामान्य र विशिष्ट विधिहरूको वर्णन गरिएको छ । एकाइ चारमा भाषिक अनुसन्धानमा सामग्री निर्माण, मानकीकरण र तथ्याङ्क सङ्कलन अन्तर्गत तथ्याङ्क सङ्कलनका स्रोत, नमुना छनोट विधि र यसका प्रकार, अध्ययन जनसङ्ख्या, नमुना, नमुना छनोट, सोधनी प्रविधिका प्रश्नावली, मतावली, अन्तर्वाता, जाँचसूची, अवलोकन आदिका बारेमा प्रष्टसँग दिइएको छ । एकाइ पाँचमा भाषिक साङ्ख्यिकीको प्रयोग अन्तर्गत साङ्ख्यिकीको परिचय र उपयोगिता, तालिकीकरण, आरेख र आलेख, प्रतिशत, श्रेणी र यसका प्रकार, चल र यसका प्रकार, केन्द्रीय प्रवृत्तिको मापन, विचरणशीलताको मापन, सहसम्बन्धको मापन, टी परीक्षण, जेड परीक्षण काइवर्ग परीक्षण जस्ता कुराहरूको वर्णन गरिएको छ । एकाइ छ मा अनुसन्धान प्रस्तावको परिचय, आवश्यकता, अनुसन्धान प्रस्तावका अङ्गहरूका बारेमा सबिस्तार वर्णन गरिएको छ, भने एकाइ सातमा अनुसन्धान प्रतिवेदन लेखनको परिचय, प्रतिवेदनका आवश्यक तत्त्वहरूको प्रस्तुतीकरण, भाषिक अनुसन्धानका मूल भागमा ख्याल गर्नुपर्ने कुराहरू, सन्दर्भ कृति सूचीका विषयहरू, अनुसन्धान प्रतिवेदनमा ए.पी.ए. ढाँचाको प्रयोग, सन्दर्भ सूचीको प्रस्तुतीकरण, पादटिप्पणी, कृति सूची र सन्दर्भाङ्कनमा फरक, प्रतिवेदन टङ्कन र परिमार्जनजस्ता कुराहरूलाई राखिएको छ । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यमा नमुना छनोट विधि चयन गर्न, अनुसन्धानको विधि र प्रक्रियाको बारेमा जानकारी

लिन, सन्दर्भाङ्न गर्न तथा समग्र शोधकार्य लेखनमा विशेष सहयोग पुगेकाले यस पुस्तकको उपयोग गरिएको छ ।

माधवप्रसाद पौडेल (२०७३) द्वारा **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पाठ्यपुस्तकमा त्रुटि विश्लेषणको अध्ययन अन्तर्गत सिकारूले भाषा सिकाइमा प्रयोग गर्ने रणनीति, भाषिक त्रुटिका प्रकृति र प्रकार, भाषा प्रयोगमा गर्ने त्रुटिका कारण, त्रुटि निराकरणका विधि र सामग्रीको विश्लेषण गरिएको छ । जसमा उच्चारण, वर्ण विन्यास, रूप विन्यास, शब्दगठन, पदावली गठन, वाक्य गठन, प्रयोग, प्रयुक्ति, अर्थ शैली आदि भाषाका विभिन्न तह र क्षेत्रमा देखिने विचलन हुन् भनी उल्लेख गरिएको छ । उक्त पाठ्यपुस्तकमा त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा, त्रुटि र अन्तर भाषिक त्रुटिको क्षेत्र, त्रुटि वर्गीकरण र विश्लेषण प्रक्रियाका साथै भाषा शिक्षण बारे विवेचना गरिएको छ । उक्त पुस्तकले यस अध्ययनका लागि सैद्धान्तिक खण्डमा त्रुटिको क्षेत्र निर्धारण र वर्गीकरण गर्न सहयोग गरेकाले यस पुस्तकको उपयोग गरिएको छ ।

हर्कबहादुर शाही र लामिछाने (२०७३) द्वारा **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण** नामक सन्दर्भ पुस्तक प्रकाशन भएको छ । यस पुस्तकमा त्रिभुवन विश्वविद्यालय, सुर्खेत क्याम्पस (शिक्षा)को नेपाली शिक्षा विभागबाट सम्पन्न ३०९जना शोधार्थीका शोधहरू र मध्यपश्चिमाञ्चल विश्वविद्यायल, नेपाली शिक्षा विभागबाट सम्पन्न २४ जना शोधार्थीका शोधपत्रको संक्षिप्त परिचय दिइएको छ । जसमा शोध शीर्षक, शोधार्थीका नाम, शोध निर्देशक, शैक्षिक वर्ष, मौखिक परीक्षा सम्पन्न मिति, जम्मा अध्याय, पृष्ठ सङ्ख्या, शोधकार्यको उद्देश्य, जनसङ्ख्या तथा नमुना छनोट विधि, निष्कर्ष र सुझाव के कस्तो छ जस्ता पक्षको रूपरेखा प्रस्तुत गरिएको छ । उक्त पुस्तकको परिशिष्टमा स्नातकोत्तर तह शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. दोस्रो वर्ष नेपाली भाषा शिक्षा विषयको शोध विवरण शीर्षकमा टीकापुर बहुमुखी क्याम्पस कैलालीको ६२ वटा, श्री जनज्योति बहुमुखी क्याम्पस, महेन्द्रनगरको १६७ वटा, दार्चुला बहुमुखी क्याम्पस दार्चुलाको ७ वटा, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय धनगढी कैलालीको १९० वटा नेपाली विषयको शोध शीर्षक, शोधार्थीका नाम र सम्पन्न मिति उल्लेख गरेर राखिएको छ । जसको अध्ययनले शोध शीर्षक चयन गर्न, उद्देश्य चयन गर्न, छोटो समयमा धेरै जनाको शोधकार्यका विवरण बुझ्न र

आवश्यक शोधपत्रहरू सङ्कलन गरी अध्ययन गर्न सहयोग पुगेकाले यस पुस्तकको उपयोग गरिएको छ ।

पारसमणि भण्डारी (२०७४) द्वारा **प्राज्ञिक लेखन तथा सम्पादन** नामक पुस्तक प्रकाशन भएको छ । यस पुस्तकको लेखनकला अन्तर्गत अनुच्छेद लेखन, अभिव्यक्तिका प्रकारहरू, व्यक्तिवृत्त, पुस्तक समीक्षा, भूमिका लेखन, सम्पादकीय लेखन, प्रतिवेदन लेखन, अध्ययन पत्र लेखन, लेख समीक्षा, पूर्वकार्यको समीक्षा, अनुसन्धानमूलक लेखलेखन, शोधसार लेखन र अनुसन्धान प्रस्ताव लेखनजस्ता महत्त्वपूर्ण कुराहरू दिइएको छ । यस पुस्तकको अध्ययनले समग्र शोध प्रस्ताव कसरी लेख्ने ?, पृष्ठभूमि कसरी तयार गर्ने?, पुस्तक समीक्षा के कसरी गर्ने ?, पूर्वकार्यको समीक्षा कसरी गर्ने ? आदिजस्ता पक्षमा महत्त्वपूर्ण सहयोग पुऱ्याएकाले यस पुस्तकको उपयोग गरिएको छ ।

श्रीप्रसाद कँडेल र अन्य (२०७४) द्वारा **प्रायोगिक भाषाविज्ञान** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा दसवटा एकाइहरू समावेश गरिएका छन् । जस अन्तर्गत एकाइ सातमा त्रुटि विश्लेषणको सैद्धान्तिक परिचय र परिभाषा, त्रुटि विश्लेषणको सैद्धान्तिक मान्यता, त्रुटिको वर्गीकरण, त्रुटि विश्लेषणका प्रक्रिया र चरणहरू, विद्यार्थीहरूले भाषासिकाइका सन्दर्भमा गर्ने मौखिक र लिखित अभिव्यक्ति सम्बन्धी त्रुटिको अध्ययन र भाषा शिक्षणको सन्दर्भमा त्रुटि विश्लेषणको अभ्यासलाई क्रमसँगै प्रस्तुत गरिएको छ । जसले यस शोधकार्यमा सैद्धान्तिक खण्ड निर्माणमा सहयोग पुऱ्याएकाले यसको उपादेयता रहेको छ ।

भोजराज ढुङ्गेल र दुर्गप्रसाद दाहाल (२०७४) द्वारा **प्रायोगिक भाषाविज्ञान** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तक दसवटा अध्यायहरू रहेका छन् । जसमा अध्याय एकमा प्रायोगिक भाषाविज्ञानको परिचय, दुईमा नेपालको भाषिक स्थिति, तीनमा सामाजिक भाषाविज्ञान, चारमा मनोभाषाविज्ञान, पाँचमा शैली विज्ञान, छ मा व्यतिरेकी विश्लेषण, सातमा त्रुटि विश्लेषण, आठमा कोश विज्ञान, नौमा अनुवाद विज्ञान, दसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक चर्चा गरिएको छ । जस अन्तर्गत अध्याय सातमा त्रुटि विश्लेषणको परिचय, परिभाषा, त्रुटि विश्लेषण प्रक्रिया र पद्धति, त्रुटि वर्गीकरणका आधारहरूका बारेमा वर्णन

गरिएको छ । जसको सहायताले प्रस्तुत शोधकार्यको सैद्धान्तिक खण्ड निर्माणमा सहयोग पुगेकाले यसको उपादेयता रहेको छ ।

दीपक अधिकारी (२०७४) **द्वारा कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषामा गर्ने भाषिक त्रुटिको विश्लेषण** शीर्षकमा शोधकार्य तयार गरिएको छ । यस अध्ययनको उद्देश्यमा विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिको पहिचान गर्नु, नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटि पत्ता लगाउनु र उक्त त्रुटि निराकरणका लागि सल्लाह र सुझाव दिनु उद्देश्य राखिएको छ । सुर्खेत जिल्लाका कक्षा दसका संस्थागत र सामुदायिक विद्यालयका १५/१५ जनाका दरले ६० जना विद्यार्थीहरूलाई सम्भावनायुक्त नमुना छनोट अन्तर्गतको यादृच्छिक नमुना छनोटमा पनि चिट्ठा विधिको उपयोग गरी नमुना छनोट गरिएको छ । उक्त शोधपत्रमा पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । गुणात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको यस शोधपत्रमा भाषिक क्षेत्रका आधारमा द्व, द्ध एवम् ह्रस्व दीर्घमा विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि गरेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वर्णविन्यास र वाक्यगत भाषिक क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । शोधको सुझावका रूपमा वर्णविन्यासगत अभ्यास गरी विद्यार्थीको सिप अभिवृद्धिका लागि योजनाबद्ध शिक्षण, कक्षा सहभागिता र स्तरीय रूपमा शिक्षण गराइनु पर्नेजस्ता कुरा राखिएको छ । उक्त शोधको अध्ययनले प्रस्तुत शोधकार्यमा उद्देश्य निर्माण गर्न, नमुना छनोट गर्न र नमुना छनोट विधि चयन गर्न सहयोग पुगेकाले यसको उपयोग गरिएको छ ।

दीपेन्द्रबहादुर खड्का (२०७५) द्वारा **दैलेखका एफ.एम. रेडियोले नेपाली भाषाको समाचार वाचनमा गर्ने उच्चारणगत त्रुटि** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा दैलेखका एफ.एम. रेडियोहरूबाट समाचार वाचनमा गर्ने भाषिक उच्चारणगत त्रुटिहरू पत्ता लगाउनु, त्रुटिहरूको क्षेत्र पहिचान गरी वर्गीकरण गर्नु र त्रुटि निराकरणका उपाय पत्ता लगाइ सुझाव प्रस्तुत गर्नु तीनवटा उद्देश्यहरू रहेका छन् । दैलेख जिल्लामा सञ्चालन भइरहेका सम्पूर्ण एफ.एम. प्रसारण केन्द्रलाई जनसङ्ख्याको रूपमा लिइएको उक्त शोधमा सम्भावनारहित नमुना छनोट विधिको उपयोग गरी ध्रुवतारा एफ.एम., ज्वाला एफ. एम. र दुल्लू एफ.एम. तीनवटा एफ.एम बाट आठ-आठवटा समाचार गरी जम्मा चौबिसवटा समाचारलाई नमुनाका

रूपमा लिइएको छ । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । तीनवटा एफ.एम रेडियोका चौबिसवटा समाचार वाचनमा गरेका उच्चारणगत त्रुटिहरूलाई पहिचान गरी तालिकीकरण गरेर सङ्ख्यात्मक र वर्णनात्मक तथा मिश्रित ढाँचाको उपयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ । सबैभन्दा बढी रेडियो दुल्लू एफ. एम.बाट प्रसारण भएको समाचारमा १०० वटा त्रुटि रहेको, ज्वाला एफ. एममा ९२ वटा त्रुटि रहेको र सबैभन्दा कम ध्रुवतारा एफ. एमको समाचार वाचनमा रहेको र उक्त अध्ययनमा वर्ण लोपगत, वर्ण परिवर्तन, वर्ण थपोटगत, अनुनासिक वर्ण, घोषत्त्व र प्राणत्त्वका वर्ण आदि स्थानमा 'स' को प्रयोग, रेफको प्रयोग, 'ब' र 'व'को प्रयोग, शब्द दोहोरिने 'ह'वर्णको लोप आदिजस्ता क्षेत्रमा असावधानीका साथै वर्णविन्यास व्यवस्थाको ख्याल नगरिनु, समाचार वाचनका लागि पूर्व तयारी नगरिनु, विशेषज्ञ सम्पादकको अभाव हुनुजस्ता निष्कर्ष निकालिएको छ । उक्त क्षेत्रको त्रुटि न्यूनीकरण गर्नका लागि आवश्यक सुझाव समेत प्रस्तुत गरिएको छ । उक्त शोधकार्यको अध्ययनले यस शोधकार्यमा अवधारणात्मक खाका निर्माण गर्न सहयोग पुगेकाले उक्त शोधको उपयोग गरिएको छ ।

प्रतिभा बडुवाल (२०७५) द्वारा **कक्षा पाँचका थारूभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गर्ने उच्चारणगत त्रुटिको अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा कक्षा पाँचमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, विद्यार्थीहरूले गरेका त्रुटिहरूको पहिचान गरी विश्लेषण गर्नु र त्रुटिका कारण पत्ता लगाई निराकरणका लागि उपायहरू पहिल्याउनु जस्ता प्रमुख उद्देश्य रहेको छ । मिश्रित ढाँचामा रहेको उक्त शोधमा सुर्खेत उपत्यकामा रहेका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा पाँचका सम्पूर्ण विद्यार्थीहरूलाई जनङ्ख्याका रूपमा लिएको छ । सम्भावनारहित नमुना छनोट विधिको उपयोग गरी उपत्यकाका ६ वटा विद्यालयका कक्षा पाँचमा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा उपयोग गरिएको छ । क्षेत्रीय अध्ययन विधि र पुस्तकालय अध्ययन विधिको उपयोग गरिएको उक्त शोधमा थारू भाषी विद्यार्थीहरूले गरेको उच्चारणगत त्रुटिको अध्ययन, व्याख्या र विश्लेषणबाट प्राय : रेफ, अकार, ट र त वर्ण, त्र वर्ण, ड र ढ वर्णमा प्रशस्त त्रुटि गरेको पाइएको र उक्त त्रुटि हुनुका प्रमुख कारण मातृभाषाको प्रभाव भएपनि यस बाहेक अन्य विविध कारणहरू रहेको निष्कर्ष निकालिएको छ । उक्त शोधको

अध्ययनले यस शोधमा उद्देश्य निर्माण र तथ्याङ्कको व्याख्या विश्लेषण गर्ने आधारमा सहयोग पुगेकाले यसको उपयोग गरिएको छ ।

इन्द्रा पौडेल (२०७५) द्वारा **शिक्षकले शिक्षणको क्रममा गरेका उच्चारणगत भाषिक त्रुटि** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा नेपाली भाषा शिक्षकले शिक्षणका क्रममा गरेका उच्चारणगत त्रुटि पहिचान गर्नु, ती त्रुटिहरूको वर्गीकरण गर्नु र त्रुटि हुनुका कारणहरू पत्ता लगाइ निराकरणका लागि उपायहरू खोजीगरी आवश्यक सुझाव दिनु मुख्य उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको उक्त शोधमा सम्भावनायुक्त नमुना छनोट अन्तर्गतको सरल यादृच्छिक नमुना छनोट विधिका रूपमा प्रचलित चिट्ठा विधिको उपयोग गरिएको छ । सामुदायिक र संस्थागत विद्यालयका १० जना शिक्षकले बोलेको कुरालाई रेकर्ड गरी त्रुटि पहिचान गरिएको छ । त्रुटिको प्रमुख कारण भनेको असावधानी नै रहेको निष्कर्ष निकाले पनि अन्य कारण शिक्षकको सचेचताको कमी, शिक्षण सम्बन्धी तालिमको अभाव, हतार हतारमा शिक्षण गर्नु पर्ने बाध्यता, स्थानीय भाषिकाको प्रभाव, पूर्व तयारी नगर्नु, कक्षा शिक्षणमा निरीक्षण सुपरिवेक्षकको कमी, पुरस्कारर दण्डको व्यवस्था नगर्नुजस्ता रहेका छन् । र उक्त त्रुटिहरूलाई निराकरण गर्न र नेपाली भाषा शिक्षणलाई जीवनोपयोगी, व्यवहारिक, मानक र स्तरीय बनाउनको लागि नेपाली विषयसँग सम्बन्धित व्यक्तिहरूले गरेका प्रयासहरू राम्रा भए पनि नेपाली भाषा शिक्षकलाई अझ व्यावहारिक बनाउनका लागि धेरै विषयहरूमा सुधार गर्नु पर्ने कुराहरू उल्लेख गरिएको छ । यस शोधपत्रको अध्ययनबाट प्रस्तुत शोध सम्पन्न गर्दा उद्देश्य निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्नमा सहयोग गरेकाले यस शोधपत्रको उपयोग गरिएको छ ।

लक्ष्मीप्रसाद आचार्य (२०७६) द्वारा **सामान्य भाषाविज्ञान** नामक पाठ्यपुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकमा छवटा एकाइहरू समावेश गरिएको छ । एकाइ एकमा भाषा र भाषाविज्ञानको परिचय अन्तर्गत भाषाको परिचय र विशेषता, भाषाविज्ञानको शाखा अन्तर्गत त्रुटि विश्लेषणको परिचय, एकाइ दुईमा स्वन (ध्वनि) विज्ञान, एकाइ तीनमा स्वनिम (वर्ण) विज्ञान अन्तर्गत वर्णविज्ञानको परिचय, वर्णसिद्धान्त र वर्ण विश्लेषण प्रक्रिया, खण्डीय र खण्डेत्तर वर्ण, नेपाली भाषाका वर्णहरूका पहिचान, नेपाली वर्णहरूको उच्चारण स्थान,

उच्चारण प्रयत्न, प्राणत्व र घोषत्वका आधारमा वर्गीकरण र वर्णन,एकाइ चारमा रूप विज्ञान, एकाइ पाँचमा वाक्य विज्ञान र एकाइ छ मा अर्थ विज्ञानलाई राखिएको छ । उक्त पुस्तकको एकाइ एक र एकाइ दुईको अध्ययनबाट प्रस्तुत शोध लेखनमा पृष्ठभूमि निर्माण र सैद्धान्तिक खण्डमा सहयोग पुऱ्याएकाले उक्त पुस्तकको उपयोग गरिएको छ ।

कर्णबहादुर सहकारी (२०७७) द्वारा **नेपालको संविधान (२०७२) मा प्रयुक्त वर्णविन्यासगत त्रुटि** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको उद्देश्य नेपालको संविधान २०७२ मा रहेका वर्णविन्यासमा रहेका त्रुटि पहिचान गर्नु, उक्त त्रुटिहरूको वर्गीकरण गर्नु र त्रुटिको विश्लेषण गरी निराकरणका निम्ति सुझाव दिनु रहेका छन् । मिश्रित ढाँचामा रहेको उक्त शोधमा वर्तमान नेपालको संविधान २०७२ मा रहेका सबै भाग, धारा र अनुसूचीलाई अध्ययनको जनसङ्ख्या मानिएको छ । सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गतको चिट्ठा विधिको उपयोग गरी १५ वटा भाग र ५ वटा अनुसूचीलाई छनोट गरिको छ, भने पुस्तकालय अध्ययन विधिको उपयोग गरेर तथ्याङ्कको सङ्कलन गरिएको छ । उक्त छनोट गरिएका १५ भाग र ५ अनुसूचीमा सबैभन्दा बढी त्रुटि पञ्चम वर्णमा ३५.३२ प्रतिशत, दोस्रोमा पदयोग/पदवियोग शब्दमा करिब २४.५४ प्रतिशत, ह्रस्व-दीर्घको प्रयोगमा १५.९८ प्रतिशत, चन्द्रविन्दु र शिरविन्दुको प्रयोगमा १०.७८ प्रतिशत, त्यस्तै 'ब' र 'व' को प्रयोगमा ५.५८ प्रतिशत र सबैभन्दा कम 'श/ष/स' को प्रयोगमा ५.२१ प्रतिशत शब्दहरूमा त्रुटि भएका र उक्त त्रुटिहरूका प्रमुख कारण संस्कृतको तत्सम वर्णविन्यासमा बढी जोड दिई पञ्चम वर्णको सट्टामा शिरविन्दुको प्रयोग गर्नु, संविधान लेखन कार्यमा भाषाविद्लाई संलग्न नगराइनु, नेपाली भाषाको मानक युनिकोड तयार नगरिनु आदि मानिएको छ । र त्रुटि निराकरणका लागि संविधान लेखन कार्यमा भाषाविद्हरूलाई संलग्न गराउने नीति बनाइनु पर्ने, नेपाली भाषाको वर्णविन्यासको मानक र स्तरीय युनिकोड स्थापित गरी लागु गरिनु पर्ने, नेपालको संविधान २०७२ मा रहेका वर्णविन्यासगत त्रुटि सुधार गरी संशोधन गरी त्रुटिरहित बनाइनु पर्ने आदि नीतिगत, कार्यान्वयन र अनुसन्धान जस्ता तहमा प्रशस्त मात्रामा सुझाव प्रस्तुत गरिएको छ । उक्त शोधपत्रको अध्ययनले उद्देश्य निर्माण र तथ्याङ्क सङ्कलन गर्नमा सहयोग पुगेकाले यसको उपयोग गरिएको छ ।

खुलस्तबहादुर चन्द (२०७७) द्वारा **कक्षा सातमा अध्ययनरत विद्यार्थीले शब्दोच्चरणमा गर्ने त्रुटि** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा कक्षा सातमा अध्ययनरत बिद्यार्थीहरूले शब्दोच्चारणमा गर्ने त्रुटिहरूको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूले शब्दोच्चारणमा गर्ने त्रुटिका तुलना गर्नु र शब्दोच्चारणमा गर्ने त्रुटि निराकरणका लागि सुझाव दिनु प्रमुख उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको उक्त शोधमा सम्भावनारहित नमुना छनोट अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ । सामुदायिक र संस्थागतका तीन-तीन गरी ६ वटा विद्यालयबाट ६० जना विद्यार्थीहरूलाई पूर्वनिर्धारित शब्दहरू उच्चारण गर्न लगाई टिपोट र रेकर्ड गरी त्रुटि पहिचान गरिएको छ । उच्चारणगत त्रुटिका अ र आ निहित वर्ण, प्राणत्व, घोषत्व, ज र झ वर्ण, ब र व वर्ण, तर ट वर्ण, ठ र थ वर्ण, द र ध वर्ण, न र ण वर्ण, त र त्र वर्ण, रेफ निहित शब्द र अनुनासिक शब्द गरी १२ वटा क्षेत्रहरूबाट सम्भावित त्रुटि शब्द निमार्ण गरी उच्चारण गर्न लगाई टिपोट र रेकर्ड गरी सामग्री सङ्कलन गरिएको छ । र उक्त तथ्याङ्कमा संस्थागत विद्यालयका विद्यार्थीहरूले रेफ निहितशब्द उच्चारणमा सबैभन्दा बढी ७३ प्रतिशत त्रुटि गरेका र न र ण वर्णमा संस्थागत र सामुदायिक दुबै विद्यालयका विद्यार्थीहरूले समान रूपमा २८ प्रतिशत त्रुटि गरेको निष्कर्ष निकालिएको छ । त्रुटि हुनुको प्रमुख कारण संस्थागत विद्यालयका विद्यार्थीमा अङ्ग्रेजी भाषाको प्रभाव र शिक्षणका क्रममा नेपाली भाषालाई प्राथमिकता नदिई शिक्षण गर्नु रहेको छ, भने त्रुटि निराकरणका लागि विद्यार्थीहरूको भाषिक पृष्ठभूमि पहिचान गरी नवीन विधिको उपयोग गरिनु पर्ने, कक्षाकोठामा शिक्षकले स्तरीय नेपाली भाषाको उपयोग गर्नुपर्ने, भाषा शिक्षकलाई गोष्ठी र पुर्नताजकी तालिमको व्यवस्था गरिनुपर्ने, नेपाली भाषामा दक्षता हासिल गरेका र द्विभाषिक व्यक्तिले नेपाली विषयको शिक्षण गर्नुपर्ने जस्ता सुझाव दिइएको छ । यस शोधपत्रको अध्ययनबाट प्रस्तुत शोध सम्पन्न गर्दा उद्देश्य निर्माण र तथ्याङ्क सङ्कलन गर्न सहयोग गरेकाले यस शोधपत्रको उपयोग गरिएको छ ।

माथि उल्लेख गरिएका शीर्षकहरूमा नेपाली भाषाको उच्चारण सम्बन्धी विभिन्न अध्ययन तथा अनुसन्धान कार्यहरू भएका छन् । ती कार्यहरू यस अध्ययनसँग सम्बन्धित रहेकाले सबै प्रभावकारी रहेका छन् । भाषा परिवर्तनशील हुन्छ । यो समयानुसार परिवर्तन भइरहने हुनाले

दिनानुदिन नयाँ नयाँ शब्दको आगमन निर्माण, कोड मिश्रण सिकाइका रुचि तत्परता र सिकाइ क्षमता आदिको प्रभाव पर्ने गर्दछ । यसरी हेर्दा नेपाली भाषामा प्रयोग हुने विविध क्षेत्रमा प्रयोग भएका भाषिक त्रुटिहरूको अध्ययन भएको तर मगर भाषी वक्ताहरूले उच्चारणमा गर्ने भाषिक त्रुटि सम्बन्धी अध्ययन न्यून रूपमा भएको देखिन्छ । गुर्भाकोटका मगर भाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि सम्बन्धी प्रस्तुत शोध शीर्षक नयाँ, खोजमूलक तथा समस्यामूलक अध्ययन भएकाले प्रस्तुत शीर्षकमा शोध अनुसन्धान गर्न उपयुक्त र सान्दर्भिक देखिन्छ ।

२.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययनको मुख्य विषय उच्चारणगत भाषिक त्रुटिसँग सम्बन्धित छ । भाषिक त्रुटि पनि त्रुटि विश्लेषणको सिद्धान्त अन्तर्गत पर्ने हुँदा त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

२.२.१ त्रुटिको परिचय र परिभाषा

त्रुटि शब्दको अर्थ गल्ती वा कमजोरी भन्ने हुन्छ । भाषा सिकाइका क्रममा सिकारुले गर्ने गल्तीलाई त्रुटि भनिन्छ । सामान्यतया कुनै पनि व्यक्ति वा सिकारुले बोल्दा हरेक क्षेत्र वा पक्षमा कुनै न कुनै गल्ती गरेकै हुन्छ । कुनै पनि भाषा प्रयोगमा देखिने विचलन, भुल, गल्ति, रड्काइ, चिप्लाइ वा फस्लाइलाई त्रुटि भनिन्छ र यसैलाई अरू तरिकाले अशुद्ध प्रयोग, अमानक प्रयोग, अव्यवस्थित प्रयोग आदि पनि भन्न सकिन्छ (पौडेल, २०७३, पृ. २०३) । सिकाइको बाधक तत्त्व नै त्रुटिलाई मानिन्छ । परम्परावादीहरूका अनुसार भाषा सिकाइमा हुने त्रुटिलाई अस्वभाविक रूपमा लिइन्थ्यो तर वर्तमान समयमा त्रुटि हुनुलाई भाषा सिकाइको स्वभाविक प्रक्रियाका रूपमा लिइन्छ । त्रुटि विश्लेषणले त्रुटि नभई सिकारुले भाषा सिक्न सक्दैन भन्ने अवधारणालाई अंगालेको देखिन्छ । त्यसैले सिकाइ प्रक्रिया र सिकारुको पहिचान गरी भाषा सिकाइ गर्ने कुरामा यसले जोड दिन्छ ।

त्रुटि विश्लेषण दोस्रो भाषा सिकाइसँग बढी सम्बन्धित रहेको हुन्छ । सिकारुले पहिलो भाषा सिकाइमा भन्दा दोस्रो भाषा सिकाइमा बढी बाधा अवरोधहरू सामना गर्नु पर्ने हुन्छ ।

जसको सहज समाधानका लागि यसको उपयोग गर्न सकिन्छ । त्रुटि विश्लेषणका सन्दर्भमा विभिन्न विद्वानहरूले दिएका परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

१. भाषा शिक्षण तथा सिकाइका क्रममा त्रुटि विश्लेषण त्यस्तो प्रविधि/तरिका हो । जसका सहायताबाट विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र व्याख्या गरिन्छ । यसबाट सिकारुको भाषिक सामर्थ्यको स्तर स्पष्ट रूपमा झल्कन्छ - **डेभिड क्रिस्टल** (ढकाल,२०७०,पृ. १८०) ।

२. भाषा सिक्ने सिकारुले गरेका त्रुटिहरूको अध्ययनबाट उसको ज्ञानको स्तर थाहा पाइन्छ । यसबाट सिकारुले सिक्न बाँकी रहेका कुरा पनि पत्ता लगाउन सकिन्छ । भाषाका सिकारुले गरेका त्रुटि सङ्कलन, वर्गीकरण, व्याख्या र वर्णन गरेर त्यस्तो मानसिक चित्र बनाउन सकिन्छ, जसले सिकारुका सिकाइमा रहेका खासखास समस्याको अवगत हुन्छ र समाधानका लागि सचेत प्रयास गर्न सकिन्छ- **एस.पिट.कर्डर** (ढकाल, २०७०, पृ. १८१) ।

३. त्रुटि विश्लेषण दोस्रो तथा विदेशी भाषा सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन र विश्लेषण हो **-लङम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स -** (कार्की र अन्य, २०६९, पृ. ८६) ।

४. व्यवस्थित रूपमा त्रुटिहरूकोवर्णन र व्याख्या गर्ने प्रक्रियालाई त्रुटिविश्लेषण भनिन्छ । **-द इन्साइक्लोपिडिया अफ् ल्याङ्ग्वेज एण्ड लिङ्ग्विस्टिक्स** (लम्साल र अन्य,२०७१, पृ. ११८) ।

५. त्रुटिविश्लेषणले त्रुटिलाई सिकाइका कमजोरी मान्ने परम्परागत धारणालाई अस्वीकार गर्छ र यसले त्रुटिलाई भाषा सिकाइको सहज, अवश्यभावी एवम् अभिन्न अङ्गका रूपमा मान्दछ **-हेमाङ्गराज अधिकारी** (कँडेल र अन्य, २०७४, पृ. १२१) ।

६. भाषा सिक्ने वा प्रयोग गर्ने क्रममा मानिसहरूले के-कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटि के-कस्ता कारणले गर्दा भएका हुन्छन् भन्ने कुराको अध्ययन विश्लेषण गर्ने कामलाई त्रुटि विश्लेषण भनिन्छ **-पारसमणि भण्डारी** (गौतम, २०६१, पृ. ९८) ।

७. भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के कस्ता प्रकृतिका त्रुटिहरू के कारणले गर्छन भनी गरिने अध्ययन र विश्लेषण जसले ती त्रुटिको निराकरण गर्न महत्त्वपूर्ण सहयोग गर्छ त्यसलाई त्रुटि विश्लेषण भनिन्छ **-ढुङ्गेल र दाहाल** (गौतम,२०६१,पृ. ९८) ।

माथिका परिभाषाहरूलाई हेर्दा त्रुटि भनेको भाषा सिकाइको क्रममा बाधा उत्पन्न गर्ने तत्त्व हो । त्रुटि विश्लेषण भनेको दोस्रो वा विदेशी भाषा सिकाइका क्रममा सिकारुले गर्ने गल्तीहरूको अध्ययन विश्लेषण गरी त्यसको न्यूनीकरण गर्ने प्रायोगिक भाषा विज्ञानको एउटा महत्त्वपूर्ण शाखा हो । जसले भाषा सिकाइलाई प्रभावकारी बनाउन सघाउ पुर्‍याउँछ ।

२.२.२.त्रुटि विश्लेषणको अध्ययन

भाषा सिकाइको क्रममा त्रुटिहरूको खोजी गरी तिनको निराकरण गर्ने प्रयास धेरै अगाडि देखि भएको पाइन्छ । यद्यपि यसलाई व्यवस्थित ढङ्गले अध्ययन गर्ने कार्य १९७० को दशकपछि मात्र भएको पाइन्छ । भाषा सिकाइका क्रममा सिकारुले के कस्ता त्रुटिहरू के कारणले गर्दा गर्छन भन्ने कुराको खोजीसँगै यो सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यस सिद्धान्तको आधार रूपान्तरण व्याकरण र मनोवादी मनोविज्ञानको विकास र विस्तारलाई मानिएको छ । त्रुटि विश्लेषण एक आधुनिक विषयको रूपमा देखा परेको विधा हो । खासगरी व्यतिरेकी विश्लेषणका कमजोरीहरू देखा परेपछि यसको वैकल्पिक स्थान लिन सफल त्रुटि विश्लेषण सन् १९७० को दशकपछि विशेष चर्चामा रहेको देखिन्छ (गौतम, २०६१, पृ. ९८) । यस सिद्धान्तले भाषा सिकाइका क्रममा हुने त्रुटिहरू कसरी हुन्छ र तिनको क्षेत्र पहिचान गरी निराकरणको खोजी गर्ने काम गर्दछ । जसले सिकारुको भाषिक क्षमता र पृष्ठभूमिलाई समेत ख्याल गरी उत्पन्न त्रुटिका कारण र निराकरणका लागि उपयुक्त उपायको खोजी समेत गर्ने कार्य गर्दछ ।

२.२.३. त्रुटिका क्षेत्र

सिकारुले भाषा सिकाइका क्रममा विभिन्न तहमा त्रुटिहरू गर्ने गर्दछन् । त्रुटिका मुख्य क्षेत्रहरूलाई माधवप्रसाद पौडेलका अनुसार निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) वर्णविन्यासगत त्रुटि	ख) शब्दरचनागत त्रुटि	ग) रूपरचनागत त्रुटि
घ) शब्दप्रयोगगतत्रुटि	ङ) वाक्यगत त्रुटि	च) अर्थगत त्रुटि
छ) सङ्कथनगत त्रुटि	ज) शैलीगत त्रुटि	झ)उच्चारणगत त्रुटि

(क) **वर्णविन्यासगत त्रुटि** : त्रुटिका प्रमुख क्षेत्रहरू मध्ये वर्णविन्यासगत त्रुटि एक प्रमुख क्षेत्र हो । लिप्यात्मक दृष्टिले लेख्य भाषाका क्षेत्रमा गर्ने वर्ण वा वर्ण संयोजनगत त्रुटिलाई वर्णविन्यासगत त्रुटि भनिन्छ । यसैलाई हिज्जे वा वर्तनी भनिन्छ । यस अन्तर्गत निम्नानुसारका त्रुटिहरू गरेको पाइन्छः जस्तै : व-ब, व-ओ, य-ए-ये, ए-ऐ, इ/ई, यि/यी, क्ष-छे-क्ष्य, ज्ञ-ग्यँ र ऋ-रि को प्रयोग सम्बन्धी त्रुटि,रकार र ऋकारको प्रयोग सम्बन्धी त्रुटि, चन्द्रविन्दु, शिरविन्दु र पञ्चम वर्णको प्रयोग सम्बन्धी त्रुटि, मिश्र र संयुक्त वर्णको प्रयोग सम्बन्धी त्रुटि, लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति सम्बन्धी त्रुटि, डिको दिने र नदिने सम्बन्धी त्रुटि, पदयोग र पदवियोग सम्बन्धी त्रुटि, लेख्य चिह्नको प्रयोग सम्बन्धी त्रुटि, हलन्त र अजन्तको प्रयोग सम्बन्धी त्रुटि, गलत अनुकरण र उच्चारण सम्बन्धी त्रुटि, श्रुतिसमभिन्नार्थी शब्दको प्रयोग सम्बन्धी त्रुटि, मातृभाषा तथा स्थानीय भाषाको प्रभाव सम्बन्धी त्रुटि आदि यस अन्तर्गत पर्दछन् । (पौडेल, २०७३, पृ. २०४) । यस्ता त्रुटिहरू लेखाइमा अझ बढी हुने गर्दछ ।

(ख) **शब्दरचनागत त्रुटि** : शब्द छनोट वा निर्माण गर्दा हुने त्रुटिलाई शब्द रचनागत त्रुटि भनिन्छ । शब्द निर्माण ररचनाका क्षेत्रमा पनि सिकारुले विभिन्न त्रुटिहरू गर्ने गर्दछन् । यस्ता त्रुटिहरू सर्ग प्रक्रिया, समास, दित्त्व जस्ता विभिन्न प्रक्रियाहरूबाट शब्द रचना गर्न सकिन्छ । जस्तै : सहर+इया = सहरिया बनाउन जानेको सिकारुले टोल+इया = टोलिया बनाइदिन्छ (भण्डारी र नेपाल, २०६७, पृ.१३१) । यो त्रुटि हुने क्षेत्रहरूमध्ये एक प्रमुख त्रुटि क्षेत्र हो ।

(ग) **रूपगत त्रुटि** : शब्दहरूको रूपायन र व्युत्पादन सम्बन्धी त्रुटिलाई रूपगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू शब्दको सही ढङ्गले रूपायन र व्युत्पादन गर्न नजान्दा हुने गर्छन । जस्तै : एक वचनमा 'हरू' जोडेर बहुवचन बनाउनु (योहरू, ऊहरू, तँहरू), हरू जोड्दा तिर्यकीकरण नगर्नु (छोरोहरू, डोकोहरू आदि), विभक्ति वा नामयोगी जोड्दा तिर्यकीकरण नगर्नु (कोले, त्योमा, जोले आदि), असान्दर्भिक वा गलत रूपायन गर्नु (गरेर ल्यायो, दिइ पठायो, सकायो, पुगायो आदि), अकरण बनाउने 'न' लाई सही ठाउँमा प्रयोग नगर्नु (नपुग्छौँ होला, उनीहरूले राम्रो काम नगरे, भाइ घरमा नगयो होला) आदि जस्ता त्रुटिहरू रूपगत त्रुटि हुन् ।

(घ) **शब्दप्रयोगगत त्रुटि** : कुन शब्दको प्रयोग कहाँ गर्नुपर्छ भन्ने नजानेर गलत ठाउँमा शब्द प्रयोग गर्नुलाई शब्द प्रयोगगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू अन्तर्गत शब्दभण्डारको कमीका

कारण अनुपयुक्त शब्दको प्रयोग गर्नु, शब्दवर्गको उपयुक्त प्रयोग गर्न नसक्नु, अप्रचलित शब्दको प्रयोग गर्नु, एक अर्थको शब्द अर्को अर्थमा प्रयोग गर्नु, मातृभाषाका शब्दप्रयोग दोस्रो भाषा सिक्दा गर्नु आदि पर्दछ । शब्दलाई सन्दर्भ अनुसार प्रयोग गर्न नजान्दा यस्ता त्रुटिहरू हुने गर्दछन् ।

(ङ) **वाक्यगत त्रुटि** : व्याकरणिक नियम अनुसार पदक्रम वा पदसङ्गतिका बीच तालमेल नमिल्दा देखा पर्ने त्रुटि वाक्यगत त्रुटि हो । कर्ता र क्रियागत, विशेषण र विशेष्य, पदक्रम र वाक्यगत जटिलता आदिबाट देखिने त्रुटिलाई वाक्यगत त्रुटि भनिन्छ । जस्तै : उनीहरूले धेरै पढेको छन् । कान्छी पनि बजार गएछ । तिमीले उसलाई बोलाएको छैन । उहाँको तरकारी बजारमा स्वागत गरियो आदि ।

(च) **अर्थगत त्रुटि** : वाक्यमा प्रयोग भएका शब्द बीच अन्विति नमिल्दा देखा पर्ने त्रुटिलाई अर्थगत त्रुटि भनिन्छ । शब्दहरू बीच साहचर्य सम्बन्ध नमिल्नु, असान्दर्भिक पद तथा पदावलीको प्रयोग हुनु, शब्द र अर्थको तालमेल नमिल्नु, अनुपयुक्त शब्दको प्रयोग हुनु आदि यस क्षेत्र अन्तर्गतका त्रुटिहरू हुन् । यस्ता त्रुटिहरू कथ्य र लेख्य दुवै किसिमका हुने गर्दछ ।

(छ) **सङ्कथनगत त्रुटि** : वाक्यभन्दा माथिल्लो भाषिक एकाइसँग सम्बन्धित त्रुटिलाई सङ्कथनगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू अन्तरवाक्यीय प्रकृतिका हुन्छन् । यस्ता त्रुटिहरू वाक्य वाक्यका बीच सर्वनाम, आदर, काल, पक्ष, भाव, वचन, आदि खलबलिएर पनि भएका हुन्छन् । जस्तै : उनकी माइजू घरमा आउनुभयो । उनी क्याम्पसमा पढाउँछिन् । प्रतिमा मेरी बहिनी हो । उनी पढ्न लेख्नमा ध्यान दिन्नन् (भण्डारी र नेपाल, २०६७, पृ. १३२) ।

(ज) **शैलीगत त्रुटि** : शैलीगत त्रुटि पनि भाषिक त्रुटिको एक क्षेत्र हो । सिकारुले भाषिक अभिव्यक्तिको तौरतरिकालाई ख्याल गर्न नसक्दा शैलीगत त्रुटिहरू हुने गर्दछ । "औपचारिक-अनौपचारिक सन्दर्भ, काव्यात्मक, कथात्मक, लयात्मक, हास्यात्मक, व्यङ्ग्यात्मक आदि विविध सन्दर्भ, वैयक्तिक, निर्वैयक्तिक, आत्मपरक, वस्तुपरक सन्दर्भ तथा सरल-जटिल, सरल-गुम्फित, श्लीत-अश्लीत, कथ्य-लेख्य आदि विविध सन्दर्भ अनुसार अभिव्यक्तिमा भिन्न - भिन्न शैलीको निर्माण हुने भएकोले तत् तत् क्षेत्रमा देखिने विचलन, असमञ्जस, रड्काइ, फिस्लाइ वा

चिप्लाइलाई शैलीगत त्रुटि मान्न सकिन्छ" (पौडेल,२०७३, पृ. २०६) । यस्ता विभिन्न कारणले शैलीगत त्रुटिहरू भइरहेको पाइन्छ ।

(झ) **उच्चारणगत त्रुटि** : उच्चारणका सन्दर्भमा बेवास्ता गर्दा, मातृभाषाको प्रभाव तथा उच्चारण अवयव कमजोरीका कारण सही र स्पष्ट उच्चारण हुन नसक्दा देखिने त्रुटिहरू यस अन्तर्गत पर्दछन् । स्रोत भाषाबाट लक्ष्य भाषातिर उन्मुख रहन लाग्दा यदि उसले त्यहाँ स्रोत भाषामा नभएको ध्वनि फेला पाऱ्यो भने त्यस अवस्थामा सिकारुले स्रोत भाषा कै प्रयोग गर्दछ । यस किसिमको त्रुटि प्रायः भोटबर्मेली भाषापरिवार भित्रका सिकारुले गर्दछ । जस्तैः **तातो** शब्दलाई **टाटो** उच्चारण गर्नु हो । भाषा सिकाइका क्रममा सिकारुले उच्चारणसँग सम्बन्धित थुप्रै त्रुटिहरू गर्दछन् । भाषिकागत कारणले यस्ता त्रुटिहरू बढी हुने गरेको पाइन्छ ।

२.२.४. **त्रुटिको वर्गीकरण**

भाषा सिकाइका क्रममा त्रुटिलाई स्वभाविक प्रक्रियाका रूपमा लिइन्छ । सिकारुले गर्ने यस्ता त्रुटिहरूको अध्ययन विश्लेषण गर्दा यसका कारण र प्रकृतिमा प्रशस्त मात्रामा भिन्नताहरू पाइन्छ । त्रुटिको वर्गीकरण गर्ने क्रममा विभिन्न भाषाविदहरूले आ-आफ्नो मत व्यक्त गरेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

एस्. पिट कर्डरका अनुसार त्रुटिलाई अव्यवस्थित, व्यवस्थित र उत्तर व्यवस्थित गरी तीन भागमा वर्गीककरण गरिएको छ (लम्साल र अन्य,२०६७, पृ. १२०) ।

शान्तिप्रसाद ढकालका अनुसार त्रुटिलाई विकाशीलता, व्यपकता, भाषाकोटिका, स्वरुप, स्रोत, अनौचित्य र गम्भिरताका आधामा वर्गीकरण गरिएको छ (ढकाल, २०७०, पृ.१८५) ।

हेमाङ्गराज अधिकारीका अनुसार त्रुटिलाई विकाशीलताका आधारमा नियमित र अनियमित, स्रोतका आधारमा अन्तरभाषिक र भाषान्तरिक, भाषाकोटिका आधारमा उच्चारणगत, हिज्जेगत, व्याकरणगत, वाक्यगत, अर्थतात्विक, शैलीगत र शब्दभण्डारगतमा वर्गीकरण गरिएको छ (अधिकारी, २०५६ , पृ.पृ. १४४-१४६) ।

भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालका अनुसार विकासशीलताको आधार, स्रोतको आधार, भाषाकोटिको आधार, गम्भीरताको आधार, व्यापकताको आधार, स्वरूपको आधार र औचित्य/अनौचित्यको आधारमा वर्गीकरण गरिएको छ : (ढुङ्गेल र दाहाल,२०७४, पृ. १६८) ।

माधवप्रसाद पौडेलका अनुसार त्रुटिलाई भाषिक **एकाइगत**मा उच्चारणगत, वाक्यगत, वर्ण विन्यासगत, अर्थगत, रूपगत, सङ्कथनगत, शब्द भण्डारगत, शैलीगत , पदावलीगत, **सिकाइ प्रक्रियागत/विकासशीलका आधारमा** अव्यवस्थित, व्यवस्थित, उत्तर व्यवस्थित, **स्रोतगत आधारमा** भाषान्तरिक, अन्तर्भाषिक, **गम्भीरताका आधारमा** अर्थ घातक, अर्थ अघातक, **स्वरूपका आधारमा** लोप जनित, थपोट जनित, आदेश जनित, **जटिलतागत, मात्रागत आधारमा** आंशिक/सीमित र व्यापक/समग्रात्मक, **अनौचित्यगत** आधारमा वर्गीकरण गरिएको छ (पौडेल, २०७३, पृ. २०४) ।

पारसमणि भण्डारीका अनुसार **विकासशीलताका आधारमा** अव्यवस्थित त्रुटि, व्यवस्थित त्रुटि र उत्तरव्यवस्थित त्रुटि, **भाषाकोटिका आधारमा** वर्णविन्यासीय त्रुटि , शब्द रचनागत त्रुटि, रूप रचनागत त्रुटि, शब्द प्रयोगगत त्रुटि, वाक्यगत त्रुटि, अर्थगत त्रुटि, सङ्कथनगत त्रुटि, उच्चारणगत त्रुटि, **स्रोतका आधारमा** भाषान्तरिक त्रुटि र अन्तर्भाषिक त्रुटि, **गम्भीरताका आधारमा** अर्थबाधक र अर्थअबाधक, **व्यापकताका आधारमा** आंशिक त्रुटि र समग्र त्रुटि, **स्वरूपको आधारमा** लोपगत र थपोटगत, **औचित्यको आधारमा** औचित्यपूर्ण त्रुटि र अनौचित्यपूर्ण त्रुटिमा वर्गीकरण गरिएको छ (भण्डारी, २०६७, पृ. १३२-१३५) ।

रामप्रसाद गौतमका अनुसार **विकासशीलताका आधारमा** अव्यवस्थित, व्यवस्थित र उत्तरव्यवस्थित, **भाषाकोटिका आधारमा** उच्चारणगत, वर्णविन्यासगत, व्याकरणगत (रूपगत, वाक्यगत, वाक्यान्तरगत), अर्थगत, शब्द भण्डारगत, शैलीगत, **स्रोतको आधारमा** अन्तरभाषिक र भाषान्तरिक, **गम्भीरताका आधारमा** अर्थ घातक र अर्थ-अघातक, **व्यापकताको आधारमा** व्यापक र आंशिक, **स्वरूपको आधारमा** : लोप, थपोट, छनोट र क्रमजनित त्रुटि, **औचित्यको आधारमा** : सन्दर्भगत र व्याकरणिक त्रुटिमा वर्गीकरण गरिएको छ (गौतम, २०६१, पृ. १०६) ।

यसरी विभिन्न भाषाविदहरूका त्रुटि सम्बन्धी वर्गीकरणलाई हेर्दा त्रुटिलाई समग्रमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

१. विकासशीलताका आधारमा

भाषा सिकाइको विभिन्न अवस्थामा सिकारुले के कस्ता खालका त्रुटिहरू गर्छन भन्ने कुरा यस अन्तर्गत पर्दछ । विकासशील भएकाले सिकाइ भइरहेको अवस्थासँग सम्बन्धित त्रुटिहरू यसमा पर्छन् र ती अस्थिर प्रकृतिका हुन्छन् । सिकारुको अभिव्यक्तिको अध्ययनबाट उसको सिकाइ कुन चरण वा अवस्थामा छ, भनी अड्कल गर्न सकिन्छ र सिकाइको प्रारम्भिक, विकासशील र विकसित अवस्थाको पहिचान गर्न सकिन्छ (भण्डारी र नेपाल, २०६७, पृ १३३) । एस.पिट.कर्डरले वर्गीकरण गरेको त्रुटिलाई पनि विकासशीलताका आधारमा गरिएको त्रुटिका रूपमा लिइन्छ । यस आधारमा त्रुटिलाई निम्न तीन प्रकारमा विभाजन गरिएको छ :

(क) अव्यवस्थित त्रुटि

अव्यवस्थित त्रुटिलाई अनियमित/प्रारम्भिक त्रुटि पनि भनिन्छ । भाषा प्रयोक्ताले भाषिक प्रयोग गर्दा कतै शुद्ध र कतै अशुद्ध रूपको प्रयोग गर्नु अव्यवस्थित त्रुटि हो । यस्ता त्रुटिहरू भाषिक प्रयोगको थालनीमा देखिन्छ । सिकाइको प्रारम्भिक अवस्थामा भाषिक नियमको अभावका कारण यस्ता खालका त्रुटिहरू हुने गर्छन् । नेपालीमा तत्सम वर्णविन्यासको नियम अनुसार मूर्ति लेख्नुपर्नेमा कुनै व्यक्तिले कतै मूर्ति र कतै मुरति लेख्दछ भने यस किसिमको त्रुटि यस अन्तर्गत पर्दछ (लम्साल र अन्य,२०७१,पृ. १२०) । यस्ता त्रुटिहरू वैयक्तिक प्रकृतिका हुन्छन् जसलाई सिकारुले स्वयम सुधार गर्न कठिन हुन्छ ।

(ख) व्यवस्थित त्रुटि

शिक्षार्थीले सचेत भएर भाषाको प्रयोग गर्दागर्दै पनि त्रुटि हुन जान्छन् भने त्यस्ता त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू वैयक्तिक भन्दा सामूहिक प्रकृतिका हुन्छन् । यो सिकाइको संक्रमण अवस्थामा बढी हुने गर्दछ । सिकारुमा भाषिक नियमको पूर्ण ज्ञान नहुँदाको अवस्थामा यस्ता त्रुटि देखा पर्दछन् । यस अवस्थामा गरिने त्रुटिहरू एकै प्रकृतिका हुने गर्छन् । एउटै कुरालाई सिकारुले पटक पटक त्रुटिपूर्ण ढङ्गले प्रस्तुत गर्ने हुनाले यसलाई नियमित त्रुटि पनि भनिन्छ । व्यवस्थित त्रुटिको शुद्धीकरणका लागि शिक्षकको अग्रसरता चाहिन्छ ।

(ग) उत्तरव्यवस्थित त्रुटि

सिकारुमा भाषिक नियमको ज्ञान भइसकेपछि पनि देखापर्ने त्रुटिलाई उत्तरव्यवस्थित त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू ज्ञानका अभावका कारण नभइ असावधानीका कारण हुने गर्दछ । यसमा सिकारुले आफ्ना त्रुटिहरूलाई आफै औंल्याउन र सुधार गर्न सक्छन् । यस्ता त्रुटि पनि वैयक्तिक प्रकृतिका हुन्छन् । पुनरावृत्ति नगरी बेग्लै बेग्लै प्रकृतिले त्रुटि गर्ने भएकोले यसलाई अनियमित त्रुटि पनि भनिन्छ (भण्डारी र नेपाल, २०६७, पृ. १३३) । सिकारुले सचेत भएर भाषाको प्रयोग गर्न सकेमा यस्ता त्रुटिहरू न्यूनीकरण हुन्छन् ।

२. भाषिक एकाइगत/ भाषाकोटिका आधारमा

भाषाका विभिन्न कोटिहरू हुन्छन् । भाषाका ध्वनिदेखि सङ्कथनसम्मका भाषिक एकाइलाई नै भाषाकोटि भन्ने गरिन्छ । सिकारुले सिकाइका क्रममा विभिन्न तहमा त्रुटिहरू गर्ने गर्छन् । यसका पनि विभिन्न प्रकारहरू रहेका छन् जून निम्न छन् :

(क) उच्चारणगत त्रुटि

भाषा सिकाइका क्रममा सिकारुले उच्चारणसँग सम्बन्धित प्रशस्त मात्रामा त्रुटिहरू गर्ने गर्छन् । उच्चारणको अनुतान, आघात, आरोह, अवरोह, गति, यति, आदि विभिन्न पक्ष तथा वर्णोच्चारण, चिह्न प्रयोगको ख्याल, पदयोग, पदवियोग, नासिक्य, अनासिक्य, हलन्त, अजन्त आदि ध्वन्यात्मक स्वरूपमा देखिने त्रुटिलाई उच्चारणगत त्रुटि भनिन्छ (पौडेल, २०७३, पृ. २०४) । भाषिकागत प्रभावका कारण यस्ता त्रुटिहरू बढी हुने गरेको पाइन्छ । जस्तैः थियो/छियो, तातो/टाटो, लोग्ने/लोक्ने आदि ।

(ख) वर्णविन्यासगत त्रुटि

नेपाली भाषासँग सम्बन्धित वर्णविन्यासको नियमलाई पालना गर्न नसक्दा देखापर्ने त्रुटि वर्णविन्यासगत त्रुटि हो । यसलाई हिज्जे वा वर्तनी सम्बन्धी त्रुटि पनि भनिन्छ । यसभित्र लेख्य चिन्हको प्रयोग ब/व, श/ष/स, रि/ऋ, पदयोग, पदवियोग, अजन्त र हलन्त, ए/य, रेफ, चन्द्रविन्दु, शिरविन्दु र डिको दिने समस्याहरू पर्दछन् । वर्णविन्यासगत त्रुटि सुधार ल्याउने सर्वोत्तम उपाय भनेको भाषाको वर्णविन्यासगत प्रयोगलाई सरलीकृत गर्नु हो (गौतम, २०६१, पृ. १०५) । यस्ता त्रुटिहरू लेखाइमा बढी हुने गर्छ ।

(ग) **रूपगत त्रुटि**

मानक नेपाली भाषाका सही ढङ्गले रूपायन र व्युत्पादनगर्न नसक्दा हुने त्रुटिलाई रूपगत त्रुटि भनिन्छ । बद्ध र मुक्त रूपको सही संयोजन गर्न नजान्दा पनि यस्ता त्रुटिहरू हुने गर्दछ (पौडेल, २०७३, पृ. २०५) । जस्तै : पढ्दैन-पढ्दैन्, जसले-जोले, कसले-कोले, डोकाहरू-डोकोहरू, सौन्दर्य-सौन्दर्यता आदि ।

(घ) **शब्द भण्डारगत त्रुटि**

सिकारुमा शब्द भण्डारको कमी वा न्यूनताका कारण यस्ता त्रुटिहरू हुन सक्छन् । सही शब्दको प्रयोग नगर्नु, शब्दवर्गको उपयुक्त प्रयोग हुन नसक्नु, अप्रचलित स्रोत भाषिक शब्द प्रयोग गर्नु, एउटा अर्थको शब्दलाई अर्को अर्थमा प्रयोग गर्नु, शब्द सन्निधान नमिल्नु, सहप्रयोग नमिल्नु आदि थुप्रै त्रुटिहरू यस अन्तर्गत देखिन सक्छन् (पौडेल, २०७३, पृ. २०५) । शब्दभण्डार क्षमता कम भएमा यस्ता त्रुटिहरू हुने गर्दछ ।

(ङ) **पदावलीगत त्रुटि**

शब्दभन्दा माथिल्लो एकाइ पदावली हो । खासगरी यसमा उखानटुक्का, गाउँखाने कथा, विशेषण र विशेष्य आदिमा व्याकरणिक कोटिका आधारमा त्रुटिहरू हुन सक्छन् । त्यसलाई पदावलीगत त्रुटि भनिन्छ । जस्तै : नराम्रो केटीहरू, ठूलो घरहरू, मिठो तरकारीहरू आदि ।

(च) **वाक्यगत त्रुटि**

कर्ता र क्रियागत, विशेषण र विशेष्य, पदक्रम र वाक्यगत जटिलता आदिबाट देखिने त्रुटिलाई वाक्यगत त्रुटि भनिन्छ । यस्ता त्रुटिहरू व्याकरणिक नियमअनुसार पदक्रम वा पदसङ्गतिका बीचमा तालमेल नमिल्दा देखा पर्दछ । जस्तै : बुवा आउनुभयो - बुवा आयो, छोरी रून्छे - छोरी रून्छ, उनीहरूले धेरै पढेका छन् - उनीहरूले धेरै पढेको छन् आदि ।

(छ) **अर्थगत त्रुटि**

भाषिक अभिव्यक्तिका क्रममा सन्दर्भअनुसार शब्दको प्रयोग नहुँदा शब्द शब्दका बीचमा तालमेल नमिल्दा देखा पर्ने त्रुटि अर्थगत त्रुटि हो । “वक्ता वा लेखकका अभिव्यक्तिबाट समुचित अर्थ नबुझिनु वा अर्थको अनर्थ लाग्नु नै अर्थतात्विक त्रुटि हो (ढकाल, २०७०, पृ. १८४) ।”

प्रयोग सन्दर्भअनुसार शब्द वा वाक्यले अनर्थ दिएमा अर्थगत त्रुटि हुने गर्छ । जस्तै : रक्सीले मातेको प्रहरीले मान्छे पिट्यो/रक्सीले मातेको प्रहरीले मान्छेलाई पिट्यो, कार्यक्रममा आफ्नो विचार पोख्ने मौका मिल्यो/ कार्यक्रममा आफ्नो विचार व्यक्त गर्ने मौका मिल्यो ।

(ज) सङ्कथनगत त्रुटि

वाक्यभन्दा माथिल्लो भाषिक एकाइ सङ्कथन हो । सङ्कथनगत त्रुटि वाक्यान्तरिक नभएर अन्तरवाक्यीय प्रकृतिका हुन्छन् । सङ्कथनले विचारको पूर्णतालाई समेट्दछ । यस्ता त्रुटिहरू वाक्य वाक्यका बीच सर्वनाम, काल, पक्ष, भाव, आदर, वचन आदि खलबलिएर भएका हुन्छन् । सम्बद्धक र सम्बद्धनको तालमेल नमिल्दा पनि यस्ता त्रुटिहरू हुने गर्छ ।"जस्तै : उनकी माइजू घरमा आउनुभयो । उनी क्याम्पसमा पढाउँछिन् । प्रतिमा मेरी बहिनी हो । उनी पढ्न-लेख्नमा ध्यान दिन्नन (भण्डारी र नेपाल, २०६७, पृ.१३२) ।" नेपाली भाषामा सङ्कथनगत त्रुटिहरू पनि प्रशस्त मात्रामा हुने गरेको पाइन्छ ।

(झ) शैलीगत त्रुटि

भाषिक अभिव्यक्तिको तौरतरिकालाई ख्याल गर्न नसक्दा देखा पर्ने त्रुटिलाई शैलीगत त्रुटि अन्तर्गत राख्न सकिन्छ । "औपचारिक-अनौपचारिक सन्दर्भ, वर्णनात्मक-विवरणात्मक सन्दर्भ, कथात्मक, लयात्मक, अनुप्रासात्मक, हाँस्यात्मक, व्यङ्ग्यात्मक आदि विविध सन्दर्भ, आलङ्कारिक-व्याकरणिक सन्दर्भ, प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन सन्दर्भ, वैयक्तिक, निर्वैयक्तिक आत्मपरक, वस्तुपरक सन्दर्भ तथा सरल-जटिल, सरल -गुम्फित, श्लील-अश्लील, कथ्य-लेख्य आदि विविध सन्दर्भ अनुसार अभिव्यक्तिमा भिन्न भिन्न शैलीको निर्माण हुने भएकाले तत् तत् क्षेत्रमा देखिने विचलन, असमञ्जस, रड्काइ, फिस्लाइ वा चिप्लाइलाई शैलीगत त्रुटि मान्न सकिन्छ (पौडेल, २०७३, पृ.२०६) ।" यस्ता किसिमका त्रुटिहरू वैयक्तिक खालका हुन्छन् ।

३. स्रोतका आधारमा

स्रोतका आधारबाट त्रुटि क्षेत्र पहिल्याउन सकिन्छ । सिकारुले त्रुटि गर्ने भाषिक स्रोत कुन हो, सो स्रोतको आधारमा त्रुटिलाई निम्न दुई प्रकारका छन् :

(क) भाषान्तरिक

सिकारुले सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटि यस अन्तर्गत पर्दछ । भाषान्तरित त्रुटि भनेको लक्ष्य भाषाकै आन्तरिक व्यवस्थासित सम्बन्धित त्रुटि हो । भाषा सिक्दै गर्दा लक्ष्य भाषाकै नियम र व्यवस्था सम्बन्धी विभिन्न त्रुटिहरू गर्न सक्छ (पौडेल, २०७३, पृ. २०८) । सिकारुले मातृभाषाको आर्जन वा प्रयोगका क्रममा गरिने त्रुटि अर्थात लक्ष्यभाषा कै आन्तरिक व्यवस्थासँग सम्बन्धित त्रुटि भाषान्तरिक त्रुटि हो ।

(ख) अन्तरभाषिक

सिकारुले सिकिरहेको भाषिक व्यवस्थासँग सम्बन्धित नभई अन्य भाषिक व्यवस्थासँग सम्बन्धित त्रुटि अन्तरभाषिक त्रुटि हो (पौडेल, २०७३, पृ. २०८) । कुनै एउटा भाषाको वक्ताले अर्को कुनै भाषा सिक्दा वा आर्जन गर्दा देखा पर्दछ । यस्तो त्रुटिमा सिकारुले पहिलो भाषामा सिकेको कुरालाई दोस्रो भाषा सिक्दा स्थान्तरण गर्ने प्रयास गर्छ । जसका कारण त्रुटि हुन पुग्छ । जस्तै : **राइस इट** यसलाई नेपाली संरचना अनुसार वाक्य बनाइयो तर यो अङ्गेजी भाषामा त्रुटि हुन्छ । यो नै अन्तरभाषिक त्रुटिको उदाहरण हो ।

४.मात्रा/व्यापकताका आधारमा

सिकारुले गर्ने त्रुटिको मात्रा वा परिणाम हेरेर पनि त्रुटिलाई वर्गीकरण गर्न सकिन्छ । जसलाई निम्न दुई प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) व्यापक/समग्र

वाक्यको समग्र अंश वा एकभन्दा बढी वाक्यसँग गाँसिएर देखिने त्रुटिलाई व्यापक अथवा समग्र त्रुटि भन्छि । "यस्ता त्रुटिहरू एकभन्दा बढी पद, पदावली, उपवाक्य, वाक्य,सङ्गति, आघात आदि विविध पक्षमा देखिन सक्छन् र वाक्यान्तरिक वा समग्र अन्तर्वाक्यीय अभिव्यक्तिलाई नै प्रभावित पार्न सक्छन्" (पौडेल, २०७३ , पृ.२१०) । जस्तै : तेरो आमाको दिदीको छोरी राम्रो नाच्छ, माइत हिँडेकी मइलाहरू डाँरोमा बोस्यो र थप्डी बोजाउन थाल्यो आदियस्ता त्रुटिको उदाहरण हो ।

(ख) अव्यापक/आंशिक

वाक्यको कुनै खास अंश वा शब्द/पदसँगमात्र सम्बन्धित त्रुटिलाई अव्यापक वा आंशिक त्रुटि भन्छि । यस्ता त्रुटिहरू तत् स्थानिक मात्र हुन्छन् तर समग्र वाक्यात्मक अर्थ अभिप्रायमा त्यति ठूलो बाधा पार्दैनन् । जस्तै : सर आयो , हामीहरू गयो, बाबा सुत्यो आदि ।

५.गम्भीरताका आधारमा

भाषा भाव/विचार सम्प्रेषणको महत्त्वपूर्ण आधार हो । भाषिक व्यवहार गर्ने सन्दर्भमा अर्थमा बाधा पर्ने गरी र बाधा नपर्ने गरी त्रुटिहरू भएका हुन्छन् । अर्थमा पुऱ्याउने बाधाको गहन परिस्थिति नै गम्भीरता हो (आचार्य र अन्य, २०६९, पृ. ९१) । गम्भीरताका आधारमा त्रुटिलाई निम्न दुई प्रकारमा विभाजन गरिएको छ :

(क) अर्थ बाधक/अर्थ घातक त्रुटि

भाषा सिकाइ वा प्रयोगको क्रममा कुनै शब्दावली वा वाक्यको प्रयोग गर्दा त्रुटिहरू हुने गर्छ । त्यस्ता त्रुटिले अर्थ सम्प्रेषणमा गम्भीर बाधा पार्ने वा भन्न खोजेको कुराभन्दा अकै अर्थ सम्प्रेषण भई अर्थको अनर्थ हुन सक्छ । "जस्तै : सरकार, सकेसम्म ठिटी मिलाउँछु, नसके छोरी दिउँला (सरकार, सकेसम्म स्थिति मिलाउँछु, नसके छोडि दिउँला), म पोखरेल हुँ/म पो खरेल हुँ" (पौडल, २०७३, पृ. २०८) । विशेषगरी अर्थमा बाधा पुऱ्याउने त्रुटि अर्थबाधक त्रुटि हो ।

(ख) अर्थ अबाधक/अर्थ अघातक त्रुटि

अर्थ जुन त्रुटिले विचार सम्प्रेषणमा अर्थलाई बाधा गर्दैनन् त्यस्ता त्रुटिलाई अर्थ अबाधक त्रुटि भन्छि । भाषा सिकाइ वा प्रयोगका क्रममा कुनै शब्दावली वा शब्दको प्रयोग गर्दा त्रुटिहरू हुर्दैनन् । यसमा हिज्जे वा वर्णविन्याससँग सम्बन्धित त्रुटिहरू देखा पर्दछन् । जस्तै : लागि/लागी, फूल/फुल, सामग्री/सामाग्री, सब/शव आदि ।

६.स्वरूपका आधारमा

त्रुटिको स्वरूप वा संरचना कस्तो छ ? भन्ने त्रुटि स्वरूपको आधारमा हुने त्रुटि हो । "भाषाको बाह्य बनोट, स्वरूप वा आकृतिका आधारमा पनि त्रुटिको वर्गीकरण र व्याख्या गर्न सकिन्छ । यस्ता त्रुटिहरू अर्थ सम्प्रेषणमा त्यति घातक नभए पनि मानक प्रयोगका दृष्टिले दाँतमा ढुङ्गा

लागे झैँ किरिकिरी लाग्ने खालका हुन्छन् (पौडेल, २०७३, पृ. २०८) ।" स्वरूपका आधारमा त्रुटिलाई लोपगत र थपोटगतमा वर्गीकरण गर्न सकिन्छ :

(क) लोपगत त्रुटि

भाषिक प्रयोक्ताले कुनै शाब्दिक संरचनामा भएका त्रुटिहरू जसमा उक्त शब्दभित्रका वर्णहरू हराएर जाने गर्छन् त्यसलाई लोपगत त्रुटि अन्तर्गत राख्न सकिन्छ । जस्तै : महाराज/माराज, सहकारी/सकारी, उज्जवल/उज्वल, सहपाठी/सपाठी, अध्ययन/अध्यन, गाउँ/गाउ (पौडेल, २०७३, पृ. २०९) ।

(ख) थपोटगत त्रुटि

भाषिक प्रयोक्ताले कुनै शाब्दिक संरचनामा नयाँ वर्णहरू थप्दा देखा पर्ने त्रुटिहरूलाई थपोटगत त्रुटि भनिन्छ । "जस्तै : स्थायी/इस्थायी, प्रेम/पिरम, भनेछ/भनि हालेछ, प्रदान/परदान, फालेर/फ्यालेर आदि" (पौडेल, २०७३, पृ. २०८) । यो स्वरूपगत आधारमा हुने त्रुटि अन्तर्गत पर्दछ ।

७.औचित्यका आधारमा

भाषा र व्याकरणको प्रयोग ठिक ठाउँमा छ या छैन भन्ने आधारमा गरिने त्रुटिको वर्गीकरण नै औचित्यताको आधार हो । यस आधारमा हुने त्रुटि दुई प्रकारका छन् जुन निम्न छन् :

(क) औचित्यपूर्ण त्रुटि

व्याकरणिक दृष्टिले मात्र त्रुटिपूर्ण छ तर सन्दर्भ अनुरूप त्रुटि छैन भने त्यस्तो त्रुटिलाई औचित्यपूर्ण त्रुटि भनिन्छ । जस्तै : *बहिनी बजार गएकी छ,* उक्त वाक्य व्याकरणिक दृष्टिले त्रुटि भएता पनि सन्दर्भगत दृष्टिले भने त्रुटि छैन ।

(ख) अनौचित्यपूर्ण त्रुटि

व्याकरण र सन्दर्भ दुबै दृष्टिले त्रुटि भएको अवस्थालाई अनौचित्यपूर्ण त्रुटि भनिन्छ । जस्तै : *"मेरा बुवा आए । सर पढाएर गयो । मेची र काली नराम्ररी रोएको छ रे ।"* (आचार्य र अन्य, २०६९, पृ. ९३) यहाँ, व्याकरण र सन्दर्भ दुबै दृष्टिले त्रुटियुक्त प्रयोग भएको छ । तसर्थ यसलाई अनौचित्यपूर्ण त्रुटि मानिन्छ ।

२.२.५. त्रुटि विश्लेषण पद्धति

त्रुटि विश्लेषणलाई पूर्व निर्धारित कोटि पद्धति र पश्च निर्धारित कोटि पद्धति गरी दुई प्रकारमा विभाजन गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) पूर्व निर्धारित कोटि पद्धति

यसलाई निगमनात्मक पद्धति पनि भनिन्छ । सिकारुले गर्ने त्रुटिको पूर्वानुमान गर्न सकिन्छ । त्यहीँ पूर्वानुमानका आधारमा सिकारुले के कस्ता भाषा एवम् व्याकरणगत त्रुटिहरू गर्न सक्छन् ? तिनको प्रकृति र प्रकारको अनुमान गरी त्रुटिको व्याख्या विश्लेषण गरिनु पूर्व निर्धारित कोटि पद्धति हो । यस पद्धति अनुसार सिकारुले कथ्य वा लेख्य रूपमा अभिव्यक्त गरेका कुराहरूको सङ्कलन गरी पूर्व निर्धारित गरिएको स्तम्भ/तालिकामा भरिन्छ र सोही आधारमा त्रुटिको व्याख्या विश्लेषण र त्रुटिको न्यूनीकरण गर्ने काम गरिन्छ।

(ख) पश्च निर्धारित कोटि पद्धति

यसलाई आगमनात्मक पद्धति पनि भनिन्छ। सिकारुले सिकाइका क्रममा अभिव्यक्त गर्ने कथ्य वा लेख्य भाषालाई सामग्रीको रूपमा सङ्कलन गरिन्छ। तत् पश्चात उक्त सामग्रीहरूको गहन अध्ययन गरिन्छ। त्रुटिको पहिचान पश्चात मात्र त्रुटि के कति कारणले गर्दा भएको हो भन्ने कुराको व्याख्या विश्लेषण गरिन्छ। सोही क्रममा त्रुटिको कोटि वा उपकोटि छुट्याउने काम गरिन्छ। त्यसैले पूर्व निर्धारित कोटि भन्दा यो पद्धतिलाई बढी महत्त्व दिइएको पाइन्छ। जसले सिकारुको व्यक्तिगत समस्याहरूलाई सहज ढङ्गले न्यूनीकरण गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ।

२.२.६. त्रुटि विश्लेषणको चरणगत प्रक्रिया

त्रुटि विश्लेषण प्रक्रियामा जुनसुकै पद्धति अपनाइए पनि समग्रमा निम्नलिखित चरणगत प्रक्रिया अपनाई अगाडि बढ्नु उपयुक्त मानिन्छ। जसलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) सामग्री सङ्कलन

त्रुटि विश्लेषण प्रक्रियाको पहिलो चरण सामग्रीको सङ्कलन हो । यस अन्तर्गत सर्वप्रथम भाषिक सामग्रीको सङ्कलन गरिन्छ। जसका लागि कुनै पाठलाई लिइ कथ्य वा लेख्य रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यसैले त्रुटि विश्लेषणका लागिपाठको छनोट र त्यसको अभिव्यक्तिगत

पक्षलाई आधार मानेर सोका आधारमा त्रुटिको अध्ययन गर्ने गरिन्छ । अतः उपयुक्त सामग्रीको छनोटलाई प्रथम चरणमा राख्न सकिन्छ ।

(ख) **त्रुटिको पहिचान**

सामग्रीको सङ्कलनपछि सङ्कलित सामग्रीको पहिचान गरी खास खास त्रुटि पहिल्याइन्छ । कथ्य वा लेख्य रूपमा सङ्कलन गरिएका सामग्रीको गहन अध्ययन र मननपछि ती सामग्री भित्र त्रुटिहरू छन् या छैनन् सोको पहिचान गर्ने काम यस चरणमा गरिन्छ । खासगरी अभिव्यक्तिमा देखिएका गलत पक्षहरूको खोजीमा यो केन्द्रित हुने भएकाले सही र गलतको बीचमा विश्लेषण कर्ताले स्पष्ट रूपमा छुट्याउन सक्नु पर्दछ ।

(ग) **त्रुटिको वर्गीकरण**

सामग्रीको सङ्कलन र त्रुटिको पहिचानपछि तिनीहरू कुन कुन प्रकृति र प्रकारका छन्, सो हेरी तिनको वर्गीकरण गर्नु पर्दछ । कथ्य वा लेख्य रूपमा देखिएका त्रुटिहरूलाई त्रुटि वर्गीकरणका विभिन्न आधारहरूलाई लिने र सोही अनुसार कुनै तालिका वा आरेख बनाएर उक्त तालिकामा पहिचान गरिएका त्रुटिहरू के कस्ता प्रकृतिका छन् सोही अनुसार तालिकामा राख्ने काम गरिन्छ । “त्रुटिको वर्णन र व्याख्या गर्न सजिलो हुने दृष्टिले विभिन्न भेद उपभेदमा वर्गीकरण गर्न सकिन्छ । विकासशील, भाषाकोटि, स्रोत, गम्भीरता, व्यापकता स्वरूप र अनौचित्यका आधारमा वर्गीकरण गर्न सकिन्छ (ढकाल, २०७०, पृ.पृ. १९२-१९३) ।” तथ्याङ्कको वर्गीकरण गरेपछि व्याख्या विश्लेषण गर्न सजिलो हुने गर्दछ ।

(घ) **त्रुटिहरूको वर्णन र विश्लेषण**

वर्गीकरण गरिएका त्रुटिलाई तालिकाका आधारमा के कति कारणले त्रुटि भएको रहेछ भन्ने कुराको व्याख्या गर्ने काम यस चरणमा गरिन्छ । “त्रुटिका कारणहरू के हुन् ? त्रुटि मातृभाषाको कारणले उत्पन्न भएको हो ? त्रुटि पाठ्य सामग्रीको अनुपयुक्तताबाट उत्पन्न भएको हो ? आदि विषयको व्याख्या गर्ने काम त्रुटि विश्लेषण अन्तर्गत पर्दछ । त्रुटि उच्चारणगत, शब्दरचना, रूपरचनागत, शब्द प्रयोगगत, वाक्यगत, वर्णविन्यासगत आदि कुन क्षेत्रसँग सम्बन्धित छ सो पत्ता लगाउने काम त्रुटिको व्याख्या अन्तर्गत पर्दछ (लम्साल र अन्य, २०७१, पृ. १२३) ।” यस

चरणमा वर्गीकरण गरेर तालिकामा राखिएको तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गरिन्छ । जसबाटनिष्कर्ष निकाल्न सहज हुने गर्दछ ।

(ङ) **निष्कर्ष/निराकरण**

उल्लेखित चरणहरूको अध्ययन व्याख्या विश्लेषण पश्चात भाषा सिकाइका क्रममा देखिएका त्रुटिहरूलाई तिनको प्रकृतिको आधारमा के कसरी निराकरण गर्न सकिन्छ, भन्ने उपायहरूको प्रस्तुति यस चरणमा गरिन्छ । जसले त्रुटिको निराकरण भए नभएको मूल्याङ्कन गरी त्यसका आधारमा थप अभ्यासात्मक कार्यका लागि पृष्ठपोषण समेत प्रस्तुत गर्न सकिन्त्छ । "वास्तवमा त्रुटि विश्लेषण प्रक्रियाको खास प्रयोजन सिकारुहरूमा रहेको भाषा प्रयोगसम्बन्धी समस्याको निराकरण गर्नु हो (कार्की र अन्य, २०६९, पृ. ९५) ।" त्रुटि विश्लेषणको चरणगत प्रक्रियाको यो अन्तिम चरण हो ।

२.२.७ उच्चारणमा पाइने केही प्रमुख त्रुटि क्षेत्र

नेपाली भाषाका उच्चारणगत त्रुटिहरू विभिन्न कारणले हुने गर्दछन् । त्यस्ता त्रुटिहरूलाई विभिन्न आकारमा हेर्न सकिन्छ । कतिपय त्रुटि नेपाली भाषाकै क्षेत्रीय वा सामाजिक भेदका का र कतिपय त्रुटि आफ्ना मातृभाषाका उच्चारणगत विशेषता कारणले पनि हुने गर्दछ । त्यस्तै कतिपय त्रुटिहरू वातावरणीय प्रभावका कारणले र कतिपय त्रुटिहरू व्यक्ति स्वयम्का शारीरिक र मानसिक अवस्थाका कारणले पनि हुने गर्दछ । कतिपय त्रुटिहरू व्यक्ति स्वयम्को हेलचेक्र्याइँ तथा प्रयत्न लाघव वा शब्द संक्षेपण गर्ने प्रवृत्तिबाट पनि हुने गर्दछ । उच्चारणगत त्रुटिहरू वर्णोच्चारणसँग बढी सम्बन्धित हुन्छन् र तिनलाई शब्दोच्चारणको आधारमा छुट्ट्याउन सकिन्छ । शब्द बाहेक वाक्यात्मक तहमा पनि विभिन्न त्रुटिहरू हुने गर्दछन् । उच्चारणमा पाइने केही प्रमुख त्रुटि क्षेत्रहरूलाई माधवप्रसाद पौडेलका अनुसार निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. घोषत्वका आधारमा हुने त्रुटि : व्यञ्जन वर्णको वर्गीकरण गर्ने एक महत्वपूर्ण आधार स्वरतन्त्री/ घोषत्वका आधारमा पनि एक हो । घोषत्वको सिर्जना स्वरतन्त्रीले गर्ने भएकाले यसलाई स्वरतन्त्रीको आधार पनि भनिन्छ । स्वर चिम्टि आपसमा नजिक वा टाढा रहँदाको अवस्थामा उच्चारणमा भिन्नता भई वर्णहरू दुई प्रकारको बन्न पुग्दछ । जुन निम्न छन् :
   १. घोष : स्वर चिम्ति नजिक भई फोक्सोबाट आएको श्वासले पर्याप्त दबाब/ घर्षण

उत्पन्न गराई उच्चारित हुने वर्ण सघोष वर्ण हुन् । यस अन्तर्गत ग, घ, ङ, ज, झ, ड, ढ, द, ध, न, ब, भ, म, य, र, ल, व वर्णहरू पर्दछन् (आचार्य, २०७६, पृ. ३६) ।

२. अघोष : स्वर चिम्टिहरू बसेको अवस्थामा फोक्सोबाट आएको श्वास प्रवाह सहज रुपमा प्रवाहित भई उच्चारित व्यञ्जन वर्णलाई अघोष वर्ण भनिन्छ । यस अन्तर्गत क, ख, च, छ, ट, ठ, त, थ, प, फ, स वर्णहरू पर्दछन् (आचार्य, २०७६, पृ. ३६) ।

२. प्राणत्वका आधारमा हुने त्रुटि : प्राणत्वका आधारमा हुने त्रुटि पनि निम्न २ प्रकारका छन् :

१. अल्पप्राण : तुलनात्मक रुपमा कम मात्रामा श्वास प्रवाहित भई उच्चारित हुने स्वनलाई अल्पप्राण भनिन्छ । यस अन्तर्गत क, ग, च, ज, ट, ड, त, द, प, ब, म, य, र, ल, ङ, न वर्णहरू पर्दछन् (आचार्य, २०७६, पृ. ३८) ।

२. महाप्राण : तुलनात्मक रुपमा बढी मात्रामा श्वास प्रवाह भई उच्चारित हुने व्यञ्जन वर्णलाई महाप्राण भनिन्छ । यस अन्तर्गत ख, घ, छ, झ, ठ, ढ, थ, ध, फ, भ, स, भ, ह बर्णहरू पर्दछन् (आचार्य, २०७६, पृ. ३६) । जस्तैः सरकार-सरखार, जाँतो-झाँतो, जहाज-झाज आदि ।

४. ट वर्गका वर्णलाई त- वर्गका वर्ण बनाएर उच्चारणमा हुने त्रुटि : टपरी-तपरि, टालो-तालो, ठाउँ-थाउँ, ढोका-धोका, डमरु-दमरु, ठिमी-थिमि आदि ।

५. त वर्गका वर्णलाई ट वर्गका वर्ण बनाएर हुने उच्चारणगत त्रुटि : तातो-टाटो, दाहाल-डाहाल, त्यस्तो-ट्यस्टो, त्यहाँ-ट्याहाँ, थान-टान, दमाहा-डमाहा, धोती-ढोटि आदि।

६. अकारलाई आकारमा परिणत गर्दा उच्चारणमा हुने त्रुटि : अर्को-आर्को, कहाँ-काहाँ, अब-आब, व्यक्ति-व्याक्ति, छैन-छैना, यहाँ-याहाँ, आदि ।

७. ड र ढ वर्णलाई र मा परिणत गर्दा हुने उच्चारणगत त्रुटि : टाढा-टारा, पहाड-पहार, घोडा-घोरा, भाडा-भारा, पढ्नु-पर्नु, बोडी-बोरी आदि ।

८. उँ र ऊँ लाई म बनाएर उच्चारणमा हुने त्रुटि : पाऊँ-पाम, ठाउँ-ठाम, गाउँ-गाम, लिऊँ-लिम्/ल्याम्, किनूँ-किनम, तिरु-तिरम, झिकूँ-झिकम, आऊँ-आम आदि ।

९. विदेशी भाषाको प्रभावमा परेर शब्द उच्चारण गर्दा हुने त्रुटि : छनोट-छनौट, प्याक-पैक, जापान-जपान, बनोट-बुनौट, ब्याग-बैग कापी-कपी आदि ।

१०. वर्ण थपोटगत त्रुटि : भन्नु-भनेर ल्याउनु, भन्दै-भनिरहदै, गर्नु-गरेर ल्याउनु, उनेर-उनि रहेर आदि ।

११. वर्ण लोपगत त्रुटि : भाषा बोल्दा वर्ण, अक्षर,शब्द आदि लोप भएर हुने त्रुटि लोपगत त्रुटि हो । जस्तै : कहाँको-काँको, महाराजा-माराज, सहकारी-सकारी, अध्ययन-अध्यन, आदि ।

१२. भषिकागत प्रभावका कारण उच्चारणमा हुने त्रुटि : भएको छ-भाछ, भनेर-भुनेर, पनि-पिनि, भैँसी-भुइँसी, त्यहाँ-त्याँ, गर्छ-गर्च, उहाँ-ह्वा आदि ।

१३. हलन्त उच्चारणलाई अजन्त बनाएर हुने त्रुटि : प्रश्न-परस्न, प्रशस्त-परसस्त, सृष्टि-सिरिस्टि, क्लास-कलास, कृष्ण-किरिस्न आदि ।

१४. हि र ही लाई इ उच्चारण गर्दा हुने त्रुटि : सही-सइ, कोही-कोइ, शाही-साइ, साहित्य-साइत्य, दही-दइ, गोही-गोइ, अहिले-अइले, बहिष्कार-बइसकार, कारबाही-कारबाइ आदि ।

२.२.८ उच्चारणगत त्रुटि वा कमजोरीका कारण

उच्चारण मानवीय बोलीसँग सम्बन्धित हुन्छ । आफ्ना मनमा लागेका कुरा अरूले सुन्ने गरी मुखबाट अर्थपूर्ण ध्वनि निकाल्ने प्रक्रिया उच्चारण हो । यो कथ्य भाषासँग सम्बन्धित हुन्छ । भाषिक उच्चारणमा विविध कारणहरूले त्रुटि हुने गर्दछ । उच्चारणमा त्रुटि वा कमजोरी भएमा समग्र भाषिक प्रयोग र व्यवहारमा अस्पष्टता, अशुद्धता, अशोभनीयता, अस्तरीयतातथा असम्प्रेषणता सिर्जना हुन्छ । मानक, शुद्ध र स्पष्ट उच्चारण भएका भनाइ मात्र सान्दर्भिक र अर्थपूर्ण हुन्छ । मौखिक अभिव्यक्तिलाई भाषाको मानक र स्तरीय रूपको उच्चारणसँग सम्बद्ध तुल्याउन, भाषिकागत प्रभाव कम गर्न, स्तरीय र मानक उच्चारणमा अभ्यस्त गराई अभिव्यक्ति क्षमतामा परिष्कार ल्याउन उच्चारण शिक्षणको आवश्यक देखिन्छ । उच्चारणगत कमजोरीले व्यक्ति भाषा वा बोलीका कारणले प्राप्त हुन सक्ने विभिन्न अवसरहरूबाट पछि पर्ने गर्दछ । त्यसैले उच्चारणगत कमजोरीका कारणहरूका बारेमा शूक्ष्म जानकारी लिनु आवश्यक देखिन्छ । कमजोरीका पहिचान र जानकारीबाट नै त्रुटि निराकरण गर्न र कमजोरीहरू सुधार गर्न सकिने

भएकाले उच्चारणगत त्रुटि पहिचान गर्नु आवश्यक मानिन्छ । तसर्थ यहाँ उच्चारण त्रुटि वा कमजोरीका कारणहरूलाई निम्नानुसार उल्लेख गरिएको छ (पौडेल, २०७६ , पृ. ३६७) ।

१. शारीरिक तथा मानसिक स्थिति

भाषिक वक्ता वा सिकारु स्वयम्को दाँत नहुनु, ओठ काटिएको हुनु, जिब्रो बाक्लो हुनु, भक्भकाएर बोल्नु आदि तथा समग्र उच्चारण अङ्गहरू राम्ररी विकसित नहुनु जस्ता शारीरिक कमजोरीले उच्चारणमा प्रभाव पार्ने गर्दछ । त्यस बाहेक दृष्टि कमजोर भई राम्ररी देख्न नसक्नु, कानको कमजोरीले श्रवण क्षमता कमजोर हुनु, सुस्त मनस्थिति हुनु र हातखुट्टा आदिको अपाङ्गताले हीनता बोध गर्नु जस्ता कुराले पनि उच्चारणलाई कमजोर पार्ने गर्दछ । शारीरिक कमजोरीले मात्र नभई विक्षिप्तता, हीनता, उद्दिग्नता, मानसिक असन्तुलन र दुर्बलताका अन्य विविध कमजोरीले पनि उच्चारणमा प्रभाव पारेको हुन्छ ।

२. संवेगात्मक अवस्था

संवेगात्मक पक्ष अन्तर्गत रिस, डाह, घृणा, हास्य, रोदन, करुणा, लाज, हास्य, भय, वैराग्य, उत्साह आदि जस्ता पक्षहरू पर्दछन् । यी पक्षहरू सन्तुलित र नियन्त्रित अपस्थामा छन् भने तिनले सिकाइमा सकारात्मक भूमिका खेल्छन् । उक्त संवेगात्मक पक्षहरू असन्तुलित र अनियन्त्रित अवस्थामा छन् भने सिकारुले अपेक्षित सिकाइ हासिल गर्न सक्दैनन् । त्यसैले उच्चारण कमजोर हुनुमा संवेगात्मक अवस्थाले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

३. भाषिक पृष्ठभूमि

उच्चारण कमजोरीको अर्को कारण सिकारुको भाषिक पृष्ठभूमि पनि हो । यसले पनि धेरै हदसम्म उच्चारणलाई प्रभाव पारेको हुन्छ । भाषाको मानक उच्चारणमा स्थानीय, क्षेत्रीय र सामाजिक भाषिकाको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । त्यसैगरी जात,पेशा, वर्ग, उमेर, लिङ्ग, स्तर व्यवसाय, शिक्षा आदि विविध पृष्ठभूमिमा भाषिक विकास धेरै हदसम्म निर्भर र निर्देशित भएको हुन्छ । नेपाली भाषा बाहेक अन्य भाषिक पृष्ठभूमिका वक्ता वा सिकारुहरू त झन् आफ्नो मातृभाषाको उच्चारण व्यवस्थाका कारण बढीभन्दा बढी अभ्यस्त रहने हुनाले उनीहरूको उच्चारणमा अत्याधिक मात्रामा त्रुटि वा कमजोरीहरू हुने गर्दछ ।

४. उमेर

भाषिक उच्चारणमा कमजोर हुने कारणहरू मध्ये उमेर पनि एउटा कारण हो । उच्चारणका दृष्टिले बालकहरू जति छिटो दुरुस्त अनुकरण र अभ्यस्त हुन सक्छन् त्यति छिटो प्रौढहरू सक्षम हुदैनन् । उच्चारणका दृष्टिले किशोर अवस्थासम्मको उमेर जति प्रभावशाली हुन्छ, त्यसपछिको उमेर क्रमशः कमजोर र स्थिर किसिमको हुन्छ । त्यसैले उच्चारण कमजोर हुनुमा उमेर पनि एक प्रमुख कारण हो ।

५ वातावरण

उच्चारण सम्बन्धी कमजोरीका कारणहरू मध्ये वातावरण पनि एक हो । सिकारुलाई कुनै लक्ष्य भाषा सिक्नको लागि भाषिक वातावरणले पनि ठूलो भूमिका खेलेको हुन्छ । आफ्नो घर, परिवार, बाटोघाटो, छरछिमेक, सार्वजनिक स्थल, साथीसङ्गी, विद्यालय आदिमा सम्बन्धित लक्ष्य भाषा बोल्ने र प्रयोग गर्ने पर्याप्त अवसर छन् भनेसिकारुलाई प्रशस्त बाह्य वातावरण प्राप्त हुन्छ, र उसलाई उच्चारणमा सकारात्मक प्रभाव पर्छ । यदि सिकारुलाई त्यस्तो वातावरण छैन् र भए पनि कक्षाकोठामा मात्र सीमित छ, भने भाषा प्रयोगको वातावरणीय अभावले उच्चारण पनि कमजोर हुन्छ । भाषिक वातावरण प्रशस्त छ तर अस्तरीय र अमानक छ, भने पनि उच्चारण अत्यन्त कमजोर हुन जान्छ त्यसैले भाषिक वातावरण प्रशस्त, मानक,स्तरीय र स्पष्ट हुन आवश्यक देखिन्छ, जसले शुद्ध उच्चारणमा सकारात्मक प्रभाव पार्दछ ।

६. अनुभव

कुनै पनि भाषिक वक्ता वा सिकारुहरू सम्बन्धित लक्ष्य भाषाको अनुभवको स्तरले पनि उच्चारणलाई स्तरीय अर्थात प्रभावशाली र कमजोर हुन सक्छ । अहिलेको समयमा सबै सिकारुहरू नेपाली मातृभाषी मात्रै हुँदैनन् र भईहाले पनि सबैले स्तरीय,शिष्ट र मानक भाषाको अनुभव प्राप्त गरेका हुँदैनन् । लक्ष्य भाषाको अनुभवी व्यक्ति र अनुभव नभएका व्यक्तिको भाषा उच्चारणमा धेरै अन्तर हुन्छ । सिकारुको सिकाइको स्तर, क्षमता, तह, अध्ययन, अवसर,जिज्ञासा, अभ्यास अवसर आदि जस्ता विविध पक्षहरू भाषिक अनुभव वृद्धि गर्नमा भूमिकावान हुन्छन् । अनुभव स्तर पनि उच्च र न्यून हुन सक्छ । उच्च भाषिक अनुभव हुनेहरू

उच्चारणमा सबल हुन्छन्, भने भाषिक अनुभव स्तर दुर्बल हुनेहरू उच्चारणमा स्तरमा पनि कमजोर नै हुन्छन् । त्यसैले अनुभव पनि उच्चारण कमजोर हुनुको अर्को कारण हो ।

७. अवसर

अवसर पनि उच्चारण प्रभावकारिताको महत्त्वपूर्ण कारक बनेको हुन्छ । अवसर भनेको अनुकूलता र मौका हो । जुन सिकारुले कुनै पनि भाषा बोल्ने र पढ्ने मौका अथवा अवसर प्राप्त गर्छ । ऊ स्वभावैले सम्बन्धित भाषिक उच्चारणमा अभ्यस्त र अनुभवी हुँदै जान्छ तर जुन सिकारुले चाहाना हुँदाहुँदै पनि अवसर पाउँदैन उसले सम्बन्धित भाषाको उच्चारण अनुभव वृद्धि गर्न सक्दैन् र त्यसमा अभ्यस्त भई परिष्कृत ल्याउन पनि सक्दैन । त्यसैले अवसर पनि उच्चारणलाई कमजोर र सबल तुल्याउने एक प्रमुख कारण हो ।

८. अभ्यास

अभ्यास पनि सिकाइको एउटा महत्त्वपूर्ण पक्ष हो । सिकाइ भन्ने कुरा जति गर्‍यो त्यति बढ्छ र परिष्कृत हुँदै जान्छ । त्यसैले जुन वक्ता वा सिकारुले सम्बन्धित भाषा बोल्ने र पढ्ने अभ्यास प्रशस्त गर्छ उसको उच्चारण स्तर पनि सबल र पैभावकारी हुँदै जान्छ । र जुन सिकारुले अभ्यास गर्दैन र कम अवसर प्राप्त गर्छ उसको उच्चारण स्तर पनि स्वभावैले दुर्बल र कमजोर हुन्छ । त्यसैले अभ्यास पनि उच्चारण कमजोर हुनुको अर्को प्रमुख कारण हो ।

९. भाषा शिक्षणका विविध पक्ष

उच्चारण कमजोर हुनुमा भाषा शिक्षणका विविध पक्षहरू पनि प्रमुख कारण हुने गर्दछ । विद्यालय वातावरणको अनुकूलता र प्रतिकूलता, भाषा शिक्षकको दक्षता, शिक्षण विधि तथा प्रविधि, पाठ्य सामग्रीको स्तरीयता, अभ्यासात्मक तथा प्रयोगात्मक कार्यकलापको पर्याप्तता,शिक्षण सामग्रीको प्रयोग, विद्यार्थी सङ्ख्या र सहकार्यकलाप, मूल्याङ्कन, अनुगमन र पृष्ठपोषण आदि कुराले विद्यालयका समग्र शिक्षण सिकाइ अवस्थालाई नियन्त्रित र निर्देशित गर्दछ । अतः विद्यालयको समग्र गतिविधिको सबलता र दुर्बलतासित भाषा शिक्षण र उच्चारण पक्ष पनि सबल र दुर्बल हुन्छ । उक्त बाहेक उत्प्रेरणार सावधानी, विद्यार्थी स्वयम्को असचेतता, हेलचेक्र्याइँ, बेवास्ता, सरलतातर्फ बढी लहसिने जस्ता विविध प्रवृत्तिले गर्दा उच्चारणगत त्रुटि तथा कमजोरीहरू हुने गर्दछ ।

२.२.९ उच्चारणगत त्रुटि निराकरणका उपाय

उच्चारण सम्बन्धी त्रुटि वा कमजोरी निराकरण गर्नका लागि सर्वप्रथम त त्रुटिका कारणहरूको पहिचान गर्नु आवश्यक हुन्छ । उच्चारण गर्दा कहाँ त्रुटि भएको छ, भन्ने कुरा थाहा भइसकेपछि त्यस्ता त्रुटि वा कमजोरीलाई पर्याप्त माात्रामा अभ्यास र पुनरावृत्ति गर्दै गएमा त्रुटि कम हुर्दै जाने गर्दछ । सिकारुले उच्चारणका क्रममा गरेका त्रुटि वा कमजोरीको बारेमा पहिचान गरी सचेत बनाउने, उच्चारण गर्दा लाज, धक र हिचकिच मान्ने व्यक्ति वा सिकारुलाई हौसला तथा प्रेरणा प्रदान गर्ने, व्यक्तिगत सल्लाह र परामर्श दिने, सिकारुका पारिवारिक, घरायसी वातावरणका लागि अभिभावकहरूलाई सचेत तुल्याउने, पर्याप्त मात्रामा सस्वर पठनमा अभ्यास गराउने, उच्चारण अवयव कमजोर र मानसिक सन्तुलन ठिक नभएकालाई दक्ष चिकित्सकबाट उपचार गराउने सल्लाह दिने, शिक्षकको भाषिक दक्षता अभिवृद्धि गर्न तालिम, पुनर्ताजगी तालिम र सेमिनार आदिको उपयुक्त प्रबन्ध मिलाउने, उच्चारण शिक्षणका कार्यकलापलाई प्रभावकारी ढङ्गले सञ्चालन गरी निरन्तर मूल्याङ्कन, अनुगमन र पृष्ठ पोषणका कार्यक्रमको प्रबन्ध मिलाउने आदि जस्ता विभिन्न किसिमका उपायहरू अवलम्बन गरी उच्चारणगत त्रुटिको निराकरण गर्न सकिन्छ ।

३.८ निष्कर्ष

भाषिक सिपको विकासमा उच्चारणको महत्त्वपूर्ण भूमिका रहन्छ । यो भाषाको बोलाइ र पढाइ सिप दक्षता बढाउन अर्थात आफ्नो मनमा लागेका विचारहरूलाई शुद्ध र स्पष्ट रूपमा प्रस्तुत गर्नका लागि उच्चारण शिक्षणको आवश्कता देखिन्छ । मानक, शुद्ध र स्पष्ट उच्चारण भएका भनाइ मात्र सान्दर्भिक र अर्थपूर्ण हुन्छ । मौखिक अभिव्यक्तिलाई भाषाको मानक र स्तरीय रूपको उच्चारणसँग सम्बद्ध तुल्याउन प्रभावकारी उच्चारण शिक्षण गरिनु पर्दछ । विशेषतः नेपाली भाषाको भाषिकागत प्रभाव कम गर्न, नेपाली भाषाभन्दा भिन्न भाषाको प्रभावबाट मुक्त गर्न, स्तरीय र मानक उच्चारणमा अभ्यस्त गराई अभिव्यक्ति क्षमतामा परिष्कार ल्याउन उच्चारण शिक्षणको आवश्यक देखिन्छ । अन्य भाषिक पृष्ठभूमिका सिकारुलाई लक्ष्यभाषाको शुद्ध र मानक रूपको उच्चारण गर्दा त्रुटिहरू पहिचान गरिदिएर शुद्ध उच्चारण बारे प्रशस्त मात्रामा अभ्यास र पुनरावृत्ति गर्न लगाउनु पर्दछ अनि मात्र उच्चारणगत त्रुटिको निराकरण गर्न सकिन्छ

२.३. अवधारणात्मक खाका

गुर्भाकोटका मगर मातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिलाई निम्नानुसारको अवधारणात्मक खाकामा प्रस्तुत गरिएको छ :



अध्याय : तीन

अनुसन्धान विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारण गर्दा गर्ने त्रुटिहरूको शाब्दिक र सङ्ख्यात्मक प्रकृतिका तथ्याङ्क लिएर उक्त सामग्रीलाई तालिकीकरण गरेर व्याख्या विश्लेषण गरिएको हुँदा प्रस्तुत अध्ययनको ढाँचा गुणात्मक र परिमाणात्मक दुवै किसिमको रहेको छ ।

३.२ जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत शोध कार्यमा सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिकाका सबै वडामा बसोबास गर्ने मगर मातृभाषी वक्ताहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । नमुना छनोटका रूपमा १, २, १३ र १४ चारवटा वडाबाट १५/१५ जना गरी जम्मा ६० जना मगर मातृभाषी वक्ताहरूलाई छनोट गरिएको छ । नमुना छनोट गर्दा सम्भावनारहित नमुना छनोट विधि अन्तर्गतको उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ ।

३.३ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत अध्ययनको प्रकृति गुणात्मक र परिमाणात्मक दुबै किसिमको रहेको छ । यस अध्ययनमा सुर्खेत जिल्ला गुर्भाकोट न.पा.को १, २, १३ र १४ चारवटा वडाका मगर मातृभाषी वक्ताहरूसँग प्रत्यक्ष भेटघाट गरी औपचारिक रूपमा शब्दहरू उच्चारण गर्न लगाई टिपोट गरिएका सामग्री र अडियो रेकर्डलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । पूर्वकार्यको समीक्षामा उल्लेख गरिएका शोधपत्र, शोधकार्यसँग सम्बन्धित पुस्तक, अप्रकाशित शोधपत्र, विभिन्न लेखकका विषयसँग सम्बन्धित सामग्री, शोध निर्देशक तथा सम्बन्धित विषयका विषय विज्ञहरूका सल्लाह र सुझावलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत अध्ययनमगर मातृभाषी वक्ताहरूसँग सम्बन्धित रहेको छ। यसमा त्रुटि पहिचानका लागि उच्चारणगत त्रुटिका विभिन्न क्षेत्रहरूमध्ये घोषत्व सम्बन्धी, प्राणत्व सम्बन्धी, लोपगत, थपोतगत, 'ट' र 'त' वर्ण सम्बन्धी, 'ठ' र 'थ' वर्ण सम्बन्धी, 'ड, ढ' र 'द, ध' सम्बन्धी, 'ड' र 'ढ' लाई 'र' बनाउने, 'हि' र 'ही' लाई 'इ' बनाउने र मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि गरी दसवटा त्रुटि क्षेत्रहरूबाट २०/२० गरी जम्मा २०० वटा समस्यापूर्ण तथा प्रयोगमा आउने प्रचलित शब्दहरू निर्माण गरेर उच्चारण गर्न लगाइएको छ। मगर भाषी वक्ताहरूले उच्चारण गरेका शब्दहरू टिपोट गरिएको छ । टिपोट र रेर्कड गरी सङ्कलन गरिएका सामग्रीलाई सम्बन्धित वक्ता र शिक्षित मगरभाषी वक्ताबाट रूजु गरिएको छ। र उक्त सामग्रीलाई मगर भाषिक समुदायका शिक्षित व्यक्ति र शोध निर्देशकसँग आवश्यक मात्रामा छलफल गरी मानकीकरण गरिएको छ।

३.५ तथ्याङ्क सङ्कलन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनको क्रममा तथ्याङ्क सङ्कलनका विभिन्न विधिहरू मध्ये क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । जसका लागि शोधकर्ता स्वयम् आफै नमुना छनोटमा परेका चारवटा वडाहरूमा गएर मगर भाषी वक्ताहरूसँग प्रत्यक्ष रूपमा भेट गरिएको छ । पूर्व निर्धारित शब्दहरू उच्चारण गर्न लगाई टिपोट गरेर उनीहरूसँग गरिएका कुराकानीलाई मोबाइल रेकर्ड मार्फत सामग्री सङ्कलन गरिएकाले तथ्याङ्क सङ्कलनमा क्षेत्रीय अध्ययन विधि अन्तर्गत प्रश्नावली निर्माण गरी प्रत्यक्ष अन्तर्वार्ताको उपयोग गरिएको छ।

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा त्रुटि पहिचानका लागि छनोट गरिएका शब्दहरू उच्चारण गर्न लगाई टिपोट र रेकर्ड गरिएको छ। मोबाइल रेकर्ड र टिपोट गरी ल्याइएका सामग्रीलाई तालिकीकरण गरी त्रुटि पहिचान गरिएको छ। उक्त त्रुटिपूर्ण शब्दहरूलाई विभिन्न आधारमा तालिकीकरण गरी वर्गीकरण गरिएको छ । उच्चारणगत त्रुटिका कारण पहिचान गरी त्रुटि निराकरण गर्न सम्बन्धित भाषिक समुदायका शिक्षित व्यक्ति र नेपाली विषयको विज्ञहरूलाई प्रश्नावली बनाएर

सोधी सङ्कलन गरिएको जवाफलाई उद्देश्यका आधारमा वर्णनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनको ढाँचा निम्नानुसार रहेको छ :

(क) पूर्व भाग

यस शोध प्रतिवेदनको पूर्व भागमा आवरण पृष्ठ, मुख पृष्ठ, प्रतिवद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषय सूची, तालिका सूची, सङ्क्षिप्तं शब्द सूची र चिन्ह सूची रहेका छन् ।

(ख) मूल भाग

यस अध्ययन प्रतिवेदनको मूल भागमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण अनुसार अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रिया, अध्याय चारमा तथ्याङ्कको व्याख्या विश्लेषण, अध्याय पाँचमा निष्कर्ष र सुझाव र सन्दर्भ सूची रहेका छन् ।

(ग) उत्तर भाग

यस शोध प्रतिवेदनको उत्तर भागमा परिशिष्ट र व्यक्तिवृत्त राखिको छ ।

अध्याय : चार
तथ्याङ्कको व्याख्या विश्लेषण

प्रस्तुत अध्ययन गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि शीर्षकमा केन्द्रित रहेको छ । सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका वडा नं. १, २, १३ र १४ चारवटा वडाका १५/१५ जना गरी जम्मा ६० जना मगर मातृभाषी वक्ताहरूलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । अध्ययनमा क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ ।

४.१ नेपाली भाषाको उच्चारणमा भएका त्रुटिको विश्लेषण

सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिकाका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गरेका त्रुटिहरूलाई प्रत्येक क्षेत्र अनुसार छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ । उच्चारणगत त्रुटिका १० वटा क्षेत्रहरूबाट २०/२० गरी २०० वटा शब्दहरूको शुद्ध रूप र उच्चारणमा भएका त्रुटिपूर्ण रूपलाई तालिकामा प्रष्ट्याउने प्रयास गरिएको छ । प्रस्तुत अध्ययनमा मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि पहिचान गर्न छनोट गरिएका उच्चारण क्षेत्र र यसका लागि छनोट गरिएका शब्द सङ्ख्यालाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १

त्रुटिका लागि छनोट गरिएका उच्चारणका क्षेत्र र शब्द सङ्ख्या

क्र. सं.	उच्चारण क्षेत्र	शब्द सङ्ख्या
१	घोषत्वको आधारमा हुने त्रुटि	२०
२	प्राणत्वको आधारमा हुने त्रुटि	२०
३	लोपगत त्रुटि	२०
४	थपोटगत त्रुटि	२०
५	'ट' र 'त' वर्णमा हुने त्रुटि	२०
६	'ठ' र 'थ' वर्णमा हुने त्रुटि	२०
७	'ड, द' र 'ढ, 'ध' वर्णमा हुने त्रुटि	२०

८	'ड' र 'ढ' वर्णलाई 'र' बनाउँदा हुने त्रुटि	२०
९	'हि' र 'ही' लाई 'इ' बनाउँदा हुने त्रुटि	२०
१०	मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि	२०
	जम्मा	२००

यस अध्ययनमा औपचारिक रूपमा उच्चारण गराउनका लागि दसवटा क्षेत्रका २०० वटा शब्दहरूलाई छनोट गरिएको छ अध्ययनलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि प्रत्येक क्षेत्रअनुसार तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरी सोही अनुसार व्याख्या गरिएको छ ।

४.१.१ घोषत्वको आधारमा हुने त्रुटि

गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले नेपाली भाषा उच्चारण गर्दा घोषत्वको आधारमा भएका त्रुटिहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. २

घोषत्व वर्णहरूको उच्चारणमा भएका त्रुटिहरूको अध्ययन

शब्दको हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
झगडा	झकडा/झकरा
लोग्ने	लोक्ने
किताब	किटाप
सदस्य	सटस्य
सबै	सपै
जगत	जकत
प्रसाद	प्रसाट
पुग्ने	पुक्ने
दराज	डराच
जिन्दगी	जिन्डकी
एक्लै	एग्लै
सोध्नु	सोत्नु

कागती	काकटी
आशीर्वाद	आसिरबाट
अरिङ्गाल	अरिकाल
नाग	नाक
आँप	आम
भाग	भाक
लाग्नु	लाक्नु
साग	साक

माथि उल्लेखित सामग्रीलाई मगरभाषी वक्ताहरूको सङ्ख्या र प्रतिशतमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

घोषत्व वर्णहरूको उच्चारणमा वक्ताहरूको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने वक्ता सङ्ख्या	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्नै वक्ता सङ्ख्या	प्रतिशत
झगडा	०	०	६०	१००
लोग्ने	२	३	५८	९७
किताब	८	१३	५२	८७
सदस्य	३७	६२	२३	३८
सबै	१०	१७	५०	८३
जगत	२०	३३	४०	६७
प्रसाद	१०	१७	५०	८३
पुग्ने	९	१५	५१	८५
दराज	७	१२	५३	८८
जिन्दगी	१४	२३	४६	७७
एक्लै	२३	३८	३७	६२
सोध्नु	१८	३०	४२	७०
कागती	९	१५	५१	८५
आशीर्वाद	१५	२५	४५	७५
अरिङ्गाल	१६	२७	४४	७३

नाग	९	१५	५१	८५
आँप	८	१३	५२	८७
भाग	९	१५	५१	८५
लाग्नु	११	१८	४९	८२
साग	८	१३	५२	८७
औसत	**१२**	**२०**	**४८**	**८०**

माथिको तालिका नं. ३ लाई हेर्दा गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले घोषत्वका आधारमा उच्चारणगत त्रुटि गरेको पाइयो । त्रुटि पहिचानका लागि छनोट गरिएको २० वटा शब्दहरू मध्ये सबैभन्दा बढी झगडा भन्ने शब्दमा ६० जना अर्थात १०० प्रतिशतले नै झकरा बनाएर त्रुटि गरेको पाइयो । सबैभन्दा कम त्रुटि सदस्य शब्दमा ३७ जना अर्थात ६२ प्रतिशतले गरेको पाइयो । औसतमा हेर्दा १२ जना अर्थात २० प्रतिशतले शुद्ध उच्चारण गरेको पाइयो भने ४८ जना अर्थात ८० प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । यी त्रुटिहरूलाई अध्ययन गर्दा केहीँ वक्ताले अघोषलाई सघोष बनाएर उच्चारण गरेको पाइयो भने अधिकांश वक्ताले सघोष वर्णलाई अघोष बनाएर उच्चारणगत त्रुटि गरेको पाइयो ।

४.१.२ प्राणत्वका आधारमा हुने त्रुटिको अध्ययन

मगर मातृभाषी वक्ताहरूले गर्ने प्राणत्व सम्बन्धी त्रुटिपूर्ण उच्चारणलाई तलको तालिकामा प्रष्टसँग उल्लेख गरिएको छ :

तालिका नं. ४

प्राणत्व वर्ण सम्बन्धी उच्चारणमा भएको त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	**भएको उच्चारण**
अध्यक्ष	अडच्छे/अडक्ष
साझा	साजा
सरकार	सरखार
बढी	बरी
टाढा	टारा
चढ्नु	चड्नु/चर्नु
गुर्भाकोट	गुर्बाकोट

बाघ	बाग
पढाइ	पडाइ/पराइ
सुविधा	सुविडा
अधिकार	अडिकार
औषधी	औसडी
साथी	साठी
संविधान	संविडान
जाँतो	झाँटो
खान्छ	खान्च
गर्छ	गर्च
ओठ	ओट
बहिरो	भइरो
माघ	माग

मथिका शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

तालिका नं. ५

प्राणत्व वर्ण उच्चारणमा वक्ताहरूको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने वक्ता सङ्ख्या	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने वक्ता सङ्ख्या	प्रतिशत
अध्यक्ष	३	५	५७	९५
साझा	३	५	५७	९५
सरकार	१९	३२	४१	६८
बढी	३७	६२	२३	३८
टाढा	९	१५	५१	८५
चढ्नु	७	१२	५३	८८
गुर्भाकोट	१०	१७	५०	८३
बाघ	५	८	५५	९२
पढाइ	६	१०	५४	९०
सुविधा	९	१५	५१	८५
अधिकार	७	१२	५३	८८
औषधी	१२	२०	४८	८०
साथी	१३	२२	४७	७८
संविधान	१४	२३	४६	७७

जाँतो	०	०	६०	१००
खान्छ	३	५	५७	९५
गर्छ	३	५	५७	९५
ओठ	७	१२	५३	८८
बहिरो	६	१०	५४	९०
माघ	३	५	५७	९५
औसत	**९**	**१५**	**५१**	**८५**

माथिको तालिका नं. ५ बाट प्राप्त तथ्याङ्क अनुसार प्राणत्व वर्णहरूको उच्चारणमा देखिने त्रुटिका लागि २० वटा शब्दहरू छनोट गरिएको छ । उक्त शब्दहरूलाई उच्चारण गर्नका लागि गुर्भाकोटका ४ वटा वडाका ६० जना मगर मातृभाषी वक्ताहरू छनोट गरिएको छ । प्राणत्व वर्णहरूको उच्चारण गर्नका लागि छनोट गरिएका शब्दहरू मध्ये सबैभन्दा बढी जाँतो शब्दलाई झाँटो बनाएर ६० जना अर्थात १०० प्रतिशतले नै त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम बढी शब्दलाई बरी बनाएर ३७ जना अर्थात ६२ प्रतिशतले त्रुटि गरेका छन् । औसतमा हेर्दा ९ जना अर्थात १५ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेको पाइयो भने ५१ जना अर्थात ८५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । यी त्रुटिहरूलाई अध्ययन गर्दा उनीहरूले अल्पप्राण वर्णलाई महाप्राण र महाप्राण वर्णलाई अल्पप्राणमा परिर्वतन गरी उच्चारण गरेको पाइयो ।

४.१.३ वर्ण लोपगत त्रुटि

गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने वर्णलोपगत त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं ६

वर्ण लोपगत त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
त्यहाँ	ट्याँ
नारायण	नारान
जहाज	जाज
टाइफाइड	टाइफाइ
गाहा	गा

हवस्त	हस्ट
जहाँ	जाँ
मेहेलकुना	मेलकुना
ल्याउनु	लेउनु
आउनु	आनु
अध्यक्ष	अडछे
पोहोर	पोर
हामीले	हाम्ले
कहाँ	काँ
जानुहोस्	जानुस
भयो	भो
पहाड	पाड
आउनुहोस्	आनुस
हुनेथिएन	हुनटिन
थियो	ठो/ठ्यो

माथिका शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं : ७

लोपगत त्रुटिको अध्ययनमा वक्ताको सङख्या र प्रतिशत स्थिति

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रृटि उच्चारण गर्ने	प्रतिशत
आँप	७	१२	५३	८८
नारायण	२९	४३	३४	५७
ज्हाज	८	१३	५२	८७
टाइफाइड	३	५	५७	९५
गहा	१८	३०	४२	७०
हवस्त	९	१५	५१	८५
जहाँ	१३	२२	४७	७८
मेहेलकुना	३	५	५७	९५
ल्याउनु	९	१५	५१	८५
आउनु	११	१८	४९	८२
महाकाल	३	५	५७	९५
पोहोर	६	१०	५४	९०
हामीले	१०	१७	५०	८३

कहाँ	१२	२०	४८	८०
जानुहोस्	७	१२	५३	८८
भयो	१६	२७	४४	७३
पहाड	९	१५	५१	८५
आउनुहोस	६	१०	५४	९०
हुनेथिएन	६	१०	५४	९०
थियो	७	१२	५३	८८
औसत :	**१०**	**१६**	**५०**	**८४**

माथिको तालिका नं ७ लाई अध्ययन गर्दा उच्चारणका लागि छनोट गरीएका २० वटा शब्दहरू मध्ये सबैभन्दा बढी टाइफाइड शब्दलाई टाइफाइ, मेहलकुना शब्दलाई मेलकुना, महाकाल शब्दलाई माकाल बनाएर ५७ जना अर्थात ९५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम नारायण शब्दलाई नारान बनाएर ३४ जना अर्थात ५७ प्रतिशत वक्ताहरूले त्रुटि गरेका छन् । औसतमा हेर्दा १० जना अर्थात १६ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ५० जना अर्थात ८४ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । मगर मातृभाषी वक्ताहरूले लोपगत त्रुटि पनि प्रशस्त मात्रामा गरेको पाइयो । यी त्रुटिहरूमध्ये पनि अझ बढी त्रुटि बीच र अन्तिममा आउने ह वर्णको लोप गराएर उच्चारणगत त्रुटि गरेको पाइयो ।

४.१.४ वर्ण थपोटगत त्रुटि

वर्ण थपोट सम्बन्धी उच्चारणमा गरिएको त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं ८

वर्ण थपोटगत त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	**त्रुटि भएको उच्चारण**
स्कुल	इस्कुल
द्वारा	डुवारा
मात्र	मात्रा
अपाङ्ग	आपाङ्ङ
सबै	सब्बै/सप्पै

मर्नु	मोर्नु
अब	आब
समाज	सामाज
अधिकार	आडिकार
स्थायी	इस्ठाइ
पहाड	पाहाड
गर्नु	गार्नु
सामग्री	सामाग्री
कहाँ	काहाँ
सर्प	सर्पो
बसौँ	बसम
ऐना	अइना
जमिन	जिमिन
पनि	पिनि
नाक	नाक्चो

माथिका शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं : ९

थपोटगत त्रुटिको उच्चारण गर्ने वक्ताहरूको सङ्ख्या र प्रतिशत

शब्द	शद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
स्कुल	११	१८	४९	८२
द्वारा	१०	१७	५०	८३
मात्र	१६	२७	४४	७३
अपाङ्ग	३६	६०	२४	४०
सबै	१९	३२	४१	६८
मर्नु	४१	६८	१९	३२
पहाड	१४	२३	४६	७७
समाज	३६	६०	२४	४०
अधिकार	३६	६०	२४	४०
स्थायी	१४	२३	४६	७७
अब	५	८	५५	९२
गर्नु	५१	८५	९	१५
सामाग्री	८	१३	५२	८७

कहाँ	१९	३२	४१	६८
सर्प	१९	३२	४१	६८
बसौँ	३२	५३	२८	४७
ऐना	१०	१७	५०	८३
जमिन	३६	६०	२४	४०
पनि	३६	६०	२४	४०
नाक	४८	८०	१२	२०
औसत	**२५**	**४२**	**३५**	**५८**

माथिको तालिकामा उच्चारणका लागि छनोट गरिएका २० वटा शब्दहरूमा त्रुटि भएको पाइयो । जसमा सबैभन्दा बढी अब शब्दलाई आब बनाएर ५५ जना अर्थात ९२ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम गर्नु शब्दलाई गार्नु बनाएर ९ जना अर्थात १५ प्रतिशत वक्ताहरूले त्रुटि गरेका छन् । औसतमा हेर्दा २५ जना अर्थात ४२ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ३५ जना अर्थात ५८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । थपोटगत त्रुटिलाई हेर्दा मगर मातृभाषी वक्ताहरूले अकार शब्दलाई आकार बनाएर बढी त्रुटि गरेको देखियो ।मगर मातृभाषी वक्ताहरूले नेपाली भाषाको उच्चारणमा थपोटगत त्रुटि अन्य क्षेत्रको तुलनामा कम त्रुटि गरेको पाइयो ।

४.१.५ 'ट' र 'त' वर्णमा हुने त्रुटि

मगर मातृभाषी वक्ताहरूले 'ट' र 'त' वर्णको शब्दमा उच्चारण गरिएको त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १०

'ट' र 'त' वर्णमा हुने त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	भएको उच्चारण
तिमी	टिमी
हात	हाट
त्यस्तो	टेस्टो
त्यो	टो
मोटी	मोती
तीतो	टिटो

तरकारी	टरकारी
टिप्नु	तिप्नु
माथितिर	माट्ठिर
फुर्तिलो	फुर्टिलो
लुगाफाटो	लुगाफातो
खेतीपाती	खेटीपाटी
टाउको	ताउको
बाटो	बातो
केटाकेटी	केताकेती
नातिनी	नाटिनी
तोरी	टोरी
यता	यटा
जाति	जाटि
किताब	किटाप

माथिका शब्दहरू उच्चारण गर्ने मगरभाषी वक्ताहरूको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाउन सकिन्छ :

तालिका नं. ११

'ट' र 'त' वर्ण सम्बन्धी उच्चारण गर्ने वक्ता र सङ्ख्या

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
तिमी	४	७	५६	९३
हात	४	७	५६	९३
त्यस्तो	३	५	५७	९५
त्यो	३	५	५७	९५
मोटी	५६	९३	४	७
तीतो	३	५	५७	९५
तरकारी	३	५	५७	९५
टिप्नु	५४	९०	४	७
माथितिर	४	७	५६	९३
फुर्तिलो	४	७	५६	९३
लुगाफाटो	५६	९३	४	७
खेतीपाती	३	५	५७	९५
टाउको	५५	९२	५	८
बाटो	५६	९३	४	७
केटाकेटी	५६	९३	४	७
नातिनी	४	७	५६	९३
तोरी	४	७	५६	९३

उता	३	५	५७	९५
जाति	४	७	५६	९३
किताब	४	७	५६	९३
औसत	**१९**	**३२**	**४१**	**६८**

माथिको तालिका नं. ११ को ट र त वर्णको उच्चारण स्थितिलाई हेर्दा सबै भन्दा बढी त्रुटि त्यस्तो, त्यो, तीतो, तरकारी, खेतीपाती शब्दलाई टेस्टो, टिटो, टरकारी, खेटीपाटी बनाएर ५७ जना ९५ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेको देखिन्छ, भने सबैभन्दा कम त्रुटि मोटी, लुगाफाटो, बाटो र केटाकेटी शब्दलाई मोती, लुगाफातो, बातो, केताकेती बनाएर ४ जना अर्थात ७ प्रतिशतले त्रुटि गरेको पाइयो । औसतमा हेर्दा १९ जना अर्थात ३२ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ४१ जना अर्थात ६८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । यस्ता खालका उच्चारणगत त्रुटि बढी मात्रामा गरेको पाइयो । मगर मातृभाषी वक्ताहरूले 'त' वर्णको ठाउँमा 'ट' वर्णको प्रयोग अधिकांश मात्रा गरेको पाइयो ।

४.१.६ 'ठ' र 'थ' वर्णमा हुने त्रुटि

मगर मातृभाषी वक्ताहरूले 'ठ' र 'थ' वर्णको उच्चारण गर्दा गर्ने त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १२

'ठ' र 'थ' वर्णमा हुने त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	**शब्दको भएको उच्चारण**
ठेकी	थेकी
थोरै	ठोरै
बाठो	बाथो
थकाइ	ठकाइ
थापा	ठापा
ठूलो	थुलो
साथी	साठी
अठार	अथार
थरथर	ठरठर
ठाउँ	थाउ
थपडी	ठपरी

पिठो	पिथो
थाहा	ठा
ठालु	थालु
थकाली	ठकाली
थियो	ठियो, ठो
थाल	ठाल
थर्कायो	ठर्कायो
थर्मस	ठर्मस
ठीक	थिक

माथिका शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं : १३

'ठ' र 'थ' वर्ण सम्बन्धी उच्चारण गर्ने वक्ताको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण	प्रतिशत	त्रुटि भएको उच्चारण	प्रतिशत
ठेकी	५१	८५	९	१५
थोरै	६	१०	५४	९०
बाठो	५३	८८	७	१२
थकाइ	६	१०	५४	९०
थापा	७	१२	५३	८८
ठूलो	५०	८३	१०	१७
साथी	४	७	६६	९३
अठार	५२	८७	८	१३
थरथर	५	८	५५	९२
ठाउँ	५३	८८	७	१२
थपडी	७	१२	५३	८८
पिठो	५३	८८	७	१२
थाहा	५	८	५५	९२
ठालु	५१	८५	९	१५
थकाली	५	८	५५	९२
थियो	५	८	५५	९२
थाल	४	७	५६	९३
थर्कायो	५	८	५५	९२
थर्मस	४	७	५६	९३
ठिक	५६	९३	४	७
औसत	**२४**	**४०**	**३६**	**६०**

माथिका तालिकालाई अध्ययन गर्दा मगर मातृभाषी वक्ताहरूले थ र ठ वर्णमा उच्चारणगत त्रुटि गरेको पाइयो । उच्चारणगत त्रुटि पहिचान गर्न छनोट गरिएका शब्दहरूमध्ये सबैभन्दा बढी त्रुटि साथी/साठी, थाल/ठाल, र थर्मस/ठरमस बनाएर ५६ जना अर्थात ९३ प्रतिशतले त्रुटि गरेका छन् भने सबैभन्दा कम त्रुटि ठीक/थिक बनाएर ४ जना अर्थात ७ प्रतिशतले त्रुटि गरेका छन् । औसतमा २४ जना अर्थात ४० प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ३६ जना ६० प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको देखिन्छ । मगर मातृभाषी वक्ताहरूले ठ र थ वर्णको उच्चारण त्रुटि गरेको पाइयो । मगर मातृभाषी वक्ताहरूले ठ वर्णलाई केहीले थ को प्रयोग गरेता पनि अधिकांश वक्ताले थ वर्णलाई ठ बनाएर उच्चारण गरेको पाइयो ।

४.१.७ 'ड, ढ' र 'द,ध' वर्णमा हुने त्रुटि

गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले 'ड, ढ' र 'द, ध' वर्ण सम्बन्धी उच्चारणमा गरेको त्रुटिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं : १४

'ड', 'द' र 'द', 'थ' वर्णको उच्चारण सम्बन्धी त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
दुध	डुट, डुड
देउडा	डेउडा, डेउरा
डाक्टर	दाक्टर
दर्लामी	डलामी
धान	ढान
अन्धो	अन्डो
चाँदी	चाडी
निधो	निडो
डोको	दोको
ढाका	धाका
ढलान	धलान
टाढा	ताधा
अदालत	अडालट

धनी	ढनी
ढिला	धिला
दाउरा	डाउरा
कोदो	कोडो
देवी	डेबी
दालभात	डालभाट
धर्म	ढर्म

माथिको शब्दका उच्चारणमा गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

तालिका नं. : १५

'ड, ढ' र 'द, ध' वर्णका उच्चारण वक्ताको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
दुध	०	०	६०	१००
अदालत	६	१०	५४	९०
देउडा	६	१०	५४	९०
डाक्टर	५६	९३	४	४
दर्लामी	६	१०	५४	९०
धान	६	१०	५४	९०
अन्धो	५	८	५५	९२
चाँदी	५	८	५५	९२
निधो	५	८	५५	९२
डोको	५७	९५	३	५
ढोका	५७	९५	३	५
ढलान	५४	९०	६	१०
टाढा	५७	९५	३	५
धनी	६	१०	५४	९०
ढिला	५५	९२	५	८
दाउरा	६	१०	५४	९०
कोदो	६	१०	५४	९०
देवी	५	८	५५	९२
दालभात	४	७	५६	९३
धर्म	५	८	५५	९२
औसत	२०	३४	४०	६६

माथिको तालिका नं. १४ लाई अध्ययन गर्दा सबैभन्दा बढी त्रुटि दुध शब्दलाई डुट बनाएर ६० जना अर्थात १०० प्रतिशत वक्ताहरूले नै त्रुटि गरेको पाइयो, भने सबैभन्दा कम त्रुटि डोकोलाई टाढा शब्दलाई ताधा बनाएर ३ जना अर्थात ५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । औसतमा हेर्दा २० जना अर्थात ३४ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ४० जना अर्थात ६६ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । मगर मातृभाषी वक्ताहरूले 'ड, ढ' र 'द, ध' वर्णहरूको उच्चारणमा पनि त्रुटि गरेको पाइयो । जसमा 'ड, ढ' को उच्चारणमा त्यति त्रुटि नदेखिए पनि 'द, ध' वर्णलाई ड र ढ मा परिवर्तन गरेर बढी गरेको देखियो ।

४.१.८ 'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा भएको त्रुटि

मगर मातृभाषी वक्ताहरूले 'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा भएको त्रुटिलाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. १६

'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा हुने त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	त्रुटिपूर्ण भएको उच्चारण
पहाड	पाहार/पहार
टाढा	टारा
बढुवा	बरुवा
पढ्नु	पर्नु
डाँडो	डारो
साडी	सारी
हाड	हार
लडाइ	लराइ
बुढा	बुरा
अगाडि	अगारि
भिडन्त	भिरन्त
बढी	बरी
छोड्नु	छोरनु/छोर्नु
बढार्नु	बराल्नु

गाह्रो	गारो
कपडा	कपरा
पढ	पर
चाँडै	चारै
बढ्यो	बरो

माथिका शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १७

'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्ने वक्ताको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
पहाड	७	१२	५३	८८
टाढा	५	८	५५	९२
घोडा	५	८	५५	९२
भाडा	५	८	५५	९२
पढ्नु	५	८	५५	९२
डाँडो	५	८	५५	९२
साडी	५	८	५५	९२
हाड	५	८	५५	९२
लडाँइ	६	१०	५४	९०
बुढा	५	८	५५	९२
अगाडि	५	८	५५	९२
भिडन्त	५	८	५५	९२
बढी	६	१०	५४	९०
छोड्नु	४	७	५६	९३
बढार्नु	७	१२	५३	८८
गाह्रो	६	१०	५४	९०
कपडा	६	१०	५४	९०
पढ्	६	१०	५४	९०
चाँडै	४	७	५६	९३
बढ्यो	४	७	५६	९३
औसत	**५**	**९**	**५५**	**९१**

माथिको तालिका नं. १६ लाई अध्ययन गर्दा सबैभन्दा बढी त्रुटि छोड्नु शब्दलाई छोर्नु, चाँडै शब्दलाई चारै र बढ्यो शब्दलाई बर्‍यो बनाएर ५६ जना अर्थात ९३ प्रतिशतले त्रुटिपूर्ण

उच्चारण गरेका छन्, भने सबैभन्दा कम त्रुटि बढार्नुलाई बराल्नु र पहाडलाई पाहार बनाएर ५३ जना ८८ प्रतिशत वक्ताले त्रुटि गरेको पाइयो । यस क्षेत्रको त्रुटिलाई औसतमा हेर्दा ५ जना अर्थात ९ प्रतिशतले शुद्ध उच्चारण गरेको पाइयो भने ५३ जना अर्थात ९१ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । मगर मातृभाषी वक्ताहरूले नेपाली भाषाको शब्द उच्चारणमा 'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गरेर प्रशस्त मात्रामा त्रुटि गरेको देखिन्छ ।

४.१.९ 'हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गर्दा हुने त्रुटि

'हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गरी उच्चारण गर्दा हुने त्रुटिका अध्ययनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १८

'हि' र 'ही' वर्णलाई 'इ' मा परिवर्तन गर्दा भएको त्रुटि

शब्दको हुनुपर्ने उच्चारण	भएको उच्चारण
गहिरो	गइरो
सामूहिक	सामूइक
महिला	मइला
बाहिर	बाइर
साहिँलो	साइलो
कहिले	कइले
विद्रोही	विड्रोइ
कुहिनु	कुइनु
साहित्य	साइट्टे
पहिरो	पइरो
दाहिने	दाइने
केही	केइ
दही	डई
शाही	साइ
पहिरन	पइरन
चाँहि	चाइ
सही	सइ
कारबाही	कारबाइ
चाहिन्छ	चाइन्छ
पहिल्यै	पइलेइ

माथिको तालिकामा दिइएको शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताहरूको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा देखाउन सकिन्छ :

तालिका नं. १९

'हि' र 'ही' वर्णलाई 'इ' बनाएर उच्चारण गर्ने वक्ताको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
गहिरो	५	८	५३	९२
सामूहिक	३	५	५७	९५
महिला	३	५	५७	९५
बाहिर	०	०	६०	१००
साँहिलो	०	०	६०	१००
कहिले	३	५	५७	९०
विद्रोही	०	०	६०	१००
कुहिनु	३	५	५७	९५
साहित्य	६	१०	५४	९०
पहिरो	३	५	५७	९५
दाहिने	०	०	६०	१००
केही	०	०	६०	१००
दही	०	०	६०	१००
शाही	६	१०	५४	९०
पहिरन	३	५	५७	९५
चाँहि	०	०	६०	१००
सही	४	७	५६	९३
कारबाही	२	३	५८	९७
चाहिन्छ	३	५	५७	९५
पहिल्यै	२	३	५८	९७
औसत	२.	४	**५८**	९६

माथिको तालिका नं. १९ लाई अध्ययन गर्दा मगर मातृभाषी वक्ताहरूले 'हि' र 'ही' लाई 'इ' बनाएर उच्चारणमा प्रशस्त त्रुटि गरेको पाइयो । जसमा बाहिर/बाइर, विद्रोही/विडरोइ, दाहिने/दाइने, केही/केइ, दही/दइ बनाएर सबैले उच्चारणगत त्रुटि गरेको पाइयो, भने सबैभन्दा कम त्रुटि साहित्य/साइटे र शाही/साइ बनाएर ६ जना अर्थात १० प्रतिशतले मात्र शुद्ध उच्चारण गरेको पाइयो । औसतमा हेर्दा २ जना अर्थात ४ प्रतिशतले शुद्ध उच्चारण गरेको

पाइयो, भने ५८ जना अर्थात ९६ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । यस सम्बन्धित त्रुटिहरूको अध्ययन गर्दा मगर मातृभाषी वक्ताहरूले शब्दको बीच र अन्त्यमा आउने 'हि' र 'ही' लाई 'इ' बनाएर उच्चारण गर्ने गरेको पाइयो । यस्ता खालका त्रुटिहरू व्यवस्थित प्रकृतिको देखिन्छ ।

४.१.१० मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा मातृभाषाका कारण गर्ने त्रुटिलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २०

मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि

हुनुपर्ने उच्चारण	भएको उच्चारण
खान्छ	खान्च
ल्याउनु	लेउनु/लिनु
जाऔँ	जाम
उहाँ	ह्वा
तिनीहरू	टिनरू
हिँड	हिन
त्यहाँ	टेया
थिएन	ठेन/ठिन
भएकोछ	भाछ
भयो	भो
गर्छ	गर्च
त्यो	टो
त्यस्तो	टेस्टो
थोरै	ठोरै
कहाँ	काँ
त्यहाँबाट	ट्याट
थिएँ	ठेँ
जान्छु	जान्चु
पढ्छ	पर्च
तिमीहरू	टिमरू

माथिको शब्दहरू उच्चारण गर्ने मगर मातृभाषी वक्ताको सङ्ख्या र प्रतिशतलाई तलको तालिकामा प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. २१

मातृभाषाको प्रभाव सम्बन्धी शब्दहरूको उच्चारणमा वक्ताको सङ्ख्या र प्रतिशत

शब्द	शुद्ध उच्चारण गर्ने	प्रतिशत	त्रुटिपूर्ण उच्चारण गर्ने	प्रतिशत
खान्छ	२	३	५८	९७
ल्याउनु	४	७	५६	९३
जाऔँ	६	१०	५४	९०
उहाँ	२	३	५८	९७
तिनीहरू	५	८	५५	९२
हिड	५	८	५५	९२
त्यहाँ	२	३	५८	९७
थिएन	६	१०	५४	९०
भएको छ	४	७	५६	९३
भयो	१६	२७	४४	७३
गर्छ	२	३	५८	९७
त्यो	०	०	६०	१००
त्यस्तो	०	०	६०	१००
थोरै	२	३	५८	९७
कहाँ	४	७	५६	९३
त्यहाँबाट	३	५	५७	९५
थिँए	६	१०	५४	९०
जान्छु	३	५	५७	९५
पढ्छ	६	१०	५४	९०
तिमीहरू	५	८	५५	९२
औसत	४	७	५६	९३

माथिको तालिका नं. २१ को तथ्याङ्क अनुसार मातृभाषाको प्रभाव सम्बन्धी उच्चारणमा देखिने त्रुटिका लागि २० वटा शब्द छनोट गरिएको छ र शब्द उच्चारण गर्नका लागि गुर्भाकोटका ४ वटा वडाका जम्मा ६० जना मगर मातृभाषी वक्ताहरू छनोट गरिएको छ । मातृभाषाको प्रभाव सम्बन्धी छनोट गरिएका शब्दहरू मध्ये सबैभन्दा बढी त्योलाई टो र त्यस्तोलाई टेस्टो

बनाएर ६० जनाले नै त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम त्रुटि भयो भन्ने शब्दलाई भो बनाएर ४४ जना अर्थात ७३ प्रतिशत वक्ताहरूले गरेका छन् । औसतमा हेर्दा ४ जना अर्थात ७ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ५६ जना अर्थात ९३ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । यस्ता त्रुटिहरू व्यवस्थित खालका देखिन्छन् । विशेष गरी उच्चारणको क्रममा मगर मातृभाषी वक्ताहरूले 'त' वर्णलाई 'ट' मा, 'छ' वर्णलाई 'च' मा, 'थ' वर्णलाई 'ठ' मा परिवर्तन गरेर उच्चारण गरेको पाइन्छ । मगर मातृभाषी वक्ताहरूले गरेको उच्चारणलाई हेर्दा दन्त्य वर्णलाई वर्त्स्य वर्णमा परिवर्तन गरेर बढी मात्रामा त्रुटि गरेको पाइयो ।

उच्चारणगत त्रुटि पहिचानका लागि छनोट गरिएका दसवटा त्रुटि क्षेत्रहरूमा मगर मातृभाषी वक्ताहरूले प्रशस्त मात्रामा त्रुटि गरेको पाइयो । उच्चारणगत त्रुटिका दसवटा क्षेत्रहरूमध्ये सबैभन्दा बढी त्रुटि 'हि' र 'ही' लाई 'इ' बनाउँदा हुने त्रुटिमा ९६ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् भने अन्यमा क्रमशः मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिमा ९३ प्रतिशत, 'ड' र 'ढ' लाई र बनाउँदा हुने त्रुटिमा ९१ प्रतिशत, प्राणत्व वर्ण सम्बन्धी त्रुटिमा ८५ प्रतिशत, वर्णलोपगत त्रुटिमा ८४ प्रतिशत, घोषत्व वर्ण सम्बन्धी त्रुटिमा ८० प्रतिशत, 'ट' र 'त' वर्ण सम्बन्धी त्रुटिमा ६८ प्रतिशत, 'ड, ढ' र 'द, ध' वर्ण सम्बन्धी त्रुटिमा ६६ प्रतिशत, 'ठ' र 'थ' वर्ण सम्बन्धी त्रुटिमा ६० प्रतिशत र सबैभन्दा कम वर्ण थपोटगत त्रुटिमा ५८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । समग्रमा हेर्दा १३ जना अर्थात २२ प्रतिशत वक्ताले दसवटै क्षेत्रका शब्दहरू शुद्ध उच्चारण गरेका छन् भने ४७ जना अर्थात ७८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

४.२ उच्चारणगत त्रुटिको वर्गीकरण

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गरेका त्रुटिहरूको पहिचान गरिसकेपछि उक्त त्रुटिहरूलाई वर्गीकरण गर्न पनि आवश्यक ठानिन्छ । तर कुनै पनि कुराको वर्गीकरण गर्नु आफैँमा एक जटिल कार्य हो । यहाँ मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गरेका त्रुटिपूर्ण शब्दहरूलाई निम्नानुसार वर्गीकरण गर्ने प्रयास गरिएको छ :

४.२.१ घोषत्व वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

घोषत्व वर्ण सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. २२

घोषत्व सम्बन्धी त्रुटिको वर्गीकरण

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	लोग्ने किताब आर्शीवाद	लोक्ने किटाप आसीरबाट
(ख)	अव्यवस्थित त्रुटि	झगडा	झकडा/झकरा
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	एक्लै दराज प्रसाद जगत कागती सोध्नु अरिङ्गाल किताब	एग्लै डराच प्रसाट जकट काकटी सोट्नु अरिकाल किताप
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	आशीर्वाद	आासिरबाट
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	पुग्ने जिन्दगी	पुक्ने जिन्डकी
(ख)	समग्र त्रुटि	सदस्य	सडसे
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	साग	साक

(ख)	अर्थ घातक त्रुटि	नाक भाक आँप	नाग भाग आम
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि	पुग्ने	पुक्ने
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकामा घोषत्व सम्बन्धी त्रुटिलाई वर्गीकरण गर्दा व्यवस्थित त्रुटिमा लोग्ने/लोक्ने, किताब/किटाप, आशीर्वाद/आसीरबाट, उच्चारणगत त्रुटिमा एक्लै/एग्लै, प्रसाद/प्रसाट जगत/जकट, सबै/सपै, झगडा/झकरा, कागती/काकती, सोध्नु/सोट्नु, अरिङ्गाल/अरिकाल, आशिंक त्रुटिमा पुग्ने/पुक्ने, जिन्दगी/जिन्डकी, समग्र त्रुटिमा सदस्य/सडसे, अर्थघातकमा नाग/नाक, भाग/भाक, आँप/आम मा राखेर वर्गीकरण गर्न सकिन्छ ।

४.२.२ प्राणत्व सम्बन्धी त्रुटिको वर्गीकरण

प्राणत्व सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. २३

प्राणत्व सम्बन्धी त्रुटिको वर्गीकरण

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	साझा जाँतो बहिरो गर्छ खान्छ	साजा झाँटो भइरो गर्च खान्च
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	बढी टाढा खान्छ गर्छ	बरी टारा खान्च गर्च
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		

(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	गुर्भाकोट औषधी संविधान	गुर्बाकोट औसडी संबिडान
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	सरकार	सरखार
(ख)	समग्र त्रुटि	अध्यक्ष	अडच्छे
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	सुविधा अधिकार	सुविडा अडिकार
(ख)	अर्थ घातक त्रुटि	पढाइ साथी बाघ चढ्नु ओठ माघ	पराइ साठी बाग चर्नु ओट माग
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकामा प्राणत्व वर्ण सम्बन्धी त्रुटिलाई वर्गीकरण गर्दा व्यवस्थित त्रुटिमा साझा/साजा, जाँतो/झाँतो, बहिरो/भइरो, गर्छ/गर्च, खान्छ/खान्च, अव्यवस्थितमा बाघ/बाक, बाग, उच्चारणगत त्रुटिमा सदस्य/ सडसे, संविधान/संविडान, गर्छ/गर्च, खान्छ/खान्च अर्थ अघातकमा सरकार/सरखार, सुविधा/सुबिडा, अधिकार/अडिकार, अर्थघातकमा साथी/ साठी, चढ्नु/चर्नु, पढाइ/पराइ, ओठ/ओट, माघ/माग, भाषान्तरिक त्रुटिमा गुर्भाकोट/गुर्बाकोट, औषधी/औसडी, संविधान/संबिडान,समग्र त्रुटिमा अध्यक्ष/अडछे, जस्ता प्रकृतिका त्रुटि गरेको पाइयो ।

४.२.३ वर्णलोपगत सम्बन्धी त्रुटिको वर्गीकरण

वर्णलोपगत सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. २४

वर्णलोपगत सम्बन्धी त्रुटिको वर्गीकरण

क.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	हामीले टाइफाइड जहाँ कहाँ पोहोर	हाम्ले टाइफाइ जाँ काँ पोर
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	मेहेलकुना त्यहाँ	मेलकुना ट्याँ
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	जहाज	जाज
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि	आउनु मेहेलकुना भयो गाहा	आनु मेलकुना भो गा
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि		
(ख)	समग्र त्रुटि	हवस्त अध्यक्ष	हस्ट अडच्छे

		हुनेथिएन थियो	हुनटिन ठो
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	नरायण	नारान
(ख)	अर्थ घातक त्रुटि	ल्याउनु	लिनु
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि	आउनुहोस् जानुहोस् आउनु	आनुस जानुस आनु
(ख)	अनौचित्यपूर्ण त्रुटि	पहाड	पाड

वर्ण लोपगत त्रुटिको वर्गीकरणलाई हेर्दा व्यवस्थित त्रुटिमा हामीले/हाम्ले, टाइफाइड/टाइफाइ, जहाँ/जाँ, कहाँ/काँ, पोहोर/पोर, उच्चारणगत त्रुटिमा मेहेलकुना/मेलकुना, त्यहाँ/ट्याँ, भाषान्तरिक त्रुटिमा जहाज/जाज, लोपगत त्रुटिमा आउनु/आनु, मेहेलकुना/मेलकुना, भयो/भो, गाहा/गा, समग्र त्रुटिमा हवस्त/हस्ट, अध्यक्ष/अडछे, हुनेथिएन/हुनटिन, थियो/ठो, अर्थघातकमा ल्याउनु/लिनु अर्थअघातक त्रुटिमा नारायण/नारान, औचित्यपूर्ण त्रुटिमा आउनु/आनु, अनौचित्यपूर्ण त्रुटिमा पहाड/पाड अन्तर्गत राखेर वर्गीकरण गरिएको छ ।

४.२.४ वर्ण थपोटगत त्रुटिको वर्गीकरण

वर्ण थपोट सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. २५

वर्ण थपोट सम्बन्धी त्रुटिको वर्गीकरण

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	अब मात्र सबै सामग्री ऐना	आब मात्रा सप्पै सामाग्री अइना
(ख)	अव्यवस्थित त्रुटि	अपाङ्ग	आपाङ्ग/आपाड्ङ
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	समाज	सामाज

		अधिकार अपाङ्ग सर्प	आधिकार आपाङ्ग सर्पो
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	सामग्री	सामाग्री
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि	पनि जमिन मर्नु नाक	पिनि जिमिन मोर्नु नाक्चो
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि		
(ख)	समग्र त्रुटि		
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	स्कुल स्थायी द्वारा कहाँ	इस्कुल इस्थाइ डुवारा काहाँ
(ख)	अर्थ घातक त्रुटि	गर्नु	गार्नु
७	**औचित्यका आधामा**		
(क)	औचित्य पूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको वर्ण थपोटगत त्रुटिलाई वर्गीकरण गर्दा व्यवस्थित त्रुटिमा अब/आब, मात्र/मात्रा, सामग्री/सामाग्री, ऐना/अइना, अव्यवस्थित त्रुटिमा अपाङ्ग/आपाङ्ग, आपाङ्ङ, सबै/सब्बै, सप्पै, उच्चारणगत त्रुटिमा समाज/सामाज, अधिकार/आडिकार, सर्प/सर्पो, थपोटगत त्रुटिमा पनि/पिनि, जमिन/जिमिन, मर्नु/मोर्नु, अर्थअघातक त्रुटिमा स्कुल/इस्कुल, स्थायी/इस्थायी,

द्वारा/डुवारा, कहाँ/काहाँ, अर्थघातक त्रुटिमा गर्नु/गार्नु र अनौचित्यगत त्रुटिमा नाक/नाक्चो पर्दछन् ।

४.२.५ 'ट' र 'त' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

'ट' र 'त' वर्ण सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

तालिका नं. २६

'ट' र 'त' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

क.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	त्यस्तो	टेस्टो
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	तिमी तरकारी टिप्नु बाटो जाति	टिमी टरकारी तिप्नु बातो जाटि
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	तपाई टाउको किताब उता	टपाइ ताउको किटाप उटा
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		

(क)	आंशिक त्रुटि		
(ख)	समग्र त्रुटि	त्यो माथितिर	टो माठिर
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	नातिनी केटाकेटी फुर्तिलो खेतीपाती	नाटिनी केताकेती फुर्टिलो खेटीपाटी
(ख)	अर्थ घातक त्रुटि	मोती हात	मोटी हाट
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकालाई वर्गीकरण गर्दा त्यस्तोलाई टेस्टो, व्यवस्थित त्रुटि, तपाईलाई टपाई, ताउकोलाई टाउको, किताबलाई किटाप, उतालाई उटा, भाषान्तरिक त्रुटि, तिमीलाई टिमी, तरकारीलाई टरकारी, टिप्नुलाई तिप्नु, बाटोलाई बातो, जातिलाई जाटि उच्चारणगत त्रुटि, त्योलाई टो, माथितिरलाई माठिर, समग्र त्रुटिमा मोटीलाई मोति, हातलाई हाट, अर्थघातक त्रुटिमा नातिनीलाई नाटिनी, केटाकेटीलाई केताकेती, फुर्तिलोलाई फुर्टिलो, खेतीपातीलाई खेटीपाटी, टिप्नुलाई तिप्नु, अर्थघातक त्रुटि अन्तर्गत वर्गीकरण गर्न सकिन्छ ।

४.२.६ 'ठ' र 'थ' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

'ठ' र 'थ' वर्ण सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

तालिका नं. २७

'ठ' र 'थ' वर्ण सम्बन्धी त्रुटि

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	थकाली साथी थापा	ठकाली साठी ठापा
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	थोरै	ठोरै

		थरथर थापा बाठो अठार थर्मस थर्कायो	ठरठर ठापा बाथो अथार ठर्मस ठर्कायो
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	थपडी	ठपडी
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	ठेकी थाल	थेकी ठाल
(ख)	समग्र त्रुटि	ठाउँ थियो थाहा	ठाम ठो ठा
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	थकाली थकाइ ठूलो	ठकाली ठकाइ थुलो
(ख)	अर्थ घातक त्रुटि	साथी	साठी
७	**औचित्यका आधामा**		
(क)	औचित्य पूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकामा त्रुटिपूर्ण शब्दहरूलाई हेर्दा व्यवस्थित त्रुटि अन्तर्गत थकालीलाई ठकाली, साथीलाई साठी, थापालाई ठापा, आंशिक त्रुटि अन्तर्गत ठेकीलाई थेकी, थाललाई ठाल, अर्थघातक त्रुटि अन्तर्गत साथीलाई साठी, अर्थअघात अन्तर्गत थकालीलाई ठकाली, ठालुलाई

थालु, ठूलोलाई थुलो, पिठोलाई पिथो, थपडीलाई ठपडी, उच्चारणगत त्रुटि अन्तर्गत थोरैलाई ठोरै, थरथरलाई ठरठर, थापालाई ठापा, बाठोलाई बाथो, अठारलाई अथार, थर्मसलाई ठर्मस, थर्कायोलाई ठर्कायो, ठीकलाई थिक, अर्थघातक त्रुटि अन्तर्गत साथीलाई साठी, र समग्र त्रुटिमा ठाउलाई थाम, थियोलाई ठो, थाहालाई ठाहा, बनाएर बर्गीकरण गर्न सकिन्छ ।

४.२.७ 'ड, ढ' र 'द, ध' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

'ड, ढ' र 'द, ध' वर्ण सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएकोछ :

तालिका नं. २८

'ड, ढ' र 'द, ध' वर्ण सम्बन्धी त्रुटिको वर्गीकरण

क.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	धर्म देउडा देवी दाउरा	ढरम देउरा डेबी डाउरा
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	अदालत दर्लामी ढाका निधो	अडालत डर्लामी धाका निदो
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि		
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि	चाँदी	चाडी

(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	धान ढलान ढिला कोदो	ढान धलान धीला कोडो
(ख)	समग्र त्रुटि	दुध	डुट
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	डाक्टर धनी	दाक्तर ढनी
(ख)	अर्थ घातक त्रुटि	अन्धा	अण्डा
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको वर्गीकरण सम्बन्धी तालिकालाई हेर्दा व्यवस्थित त्रुटिमा धर्मलाई धरम देउडालाई डेउरा, देवीलाई डेबी, आंशिक त्रुटिमा धानलाई ढान, ढलानलाई धलान, कोदोलाई कोडो, अर्थअघातक त्रुटिमा डाक्टरलाई डाक्तर, धनीलाई ढनी, अर्थघातकमा अन्धालाई अण्डा, उच्चारणगत त्रुटिमा अदालतलाई अडालट दर्लामीलाई डर्लामी, ढाकालाई धाका, निधोलाई निडो, लोपगत त्रुटिमा चाँदीलाई चाडी, र समग्र त्रुटिमा दुधलाई डुट बनाएर वर्गीकरण गरिएको छ ।

४.२.८ 'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण

'ड' र 'ढ' वर्णलाई 'र'मा परिवर्तन गर्दा हुने त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. २९
'ड' र 'ढ' वर्णलाई 'र' मा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण

क.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	गाह्रो भाडा घोडा बुढा	गारो भारा घोरा बुरा
(ख)	अव्यवस्थित त्रुटि	पहाड	पाहार,पहार,पार
(ग)	उत्तरव्यवस्थित त्रुटि		

२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	डाँडो लडाँइ टाढा	डारो लराइ टारा
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	बढुवा	बरुवा
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि	छोड्नु चाँडै पढ्नु	छोर्नु चारै पर्नु
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	अडाडि पछाडि भिडन्त	अगारी पछारी भिरन्ट
(ख)	समग्र त्रुटि	बढ्यो	बरो
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	बढी बढार्ने	बरी बराल्नु
(ख)	अर्थ घातक त्रुटि	पढ हाड साडी	पर हार सारी
७	**औचित्यका आधामा**		
(क)	औचित्य पूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकामा त्रुटिको वर्गीकरणलाई हेर्दा व्यवस्थित त्रुटि अन्तर्गत गाह्रो लाई गारो, बुढालाई बुरा, भाडालाई भारा, घोडालाई घोरा, अव्यवस्थित त्रुटिमा पहाडलाई पाहार, पहार,पार, आशिंक त्रुटिमा अगाडिलाई अगारी, पछाडिलाई पछारी, छोड्नुलाई छोर्नु, भिडन्तलाई भिरन्ट, लोपगत त्रुटिमा छोड्नुलाई छोर्नु, पढ्नुलाई पर्नु, चाँडैलाई चारै, भाषान्तरिकमा बढुवालाई

बरुवा, अर्थअघातक त्रुटिमा बढीलाई बरी, अर्थघातकमा बढार्नुलाई बराल्नु, बढीलाई बरो, पढलाई पर, हाडलाई हार, साडीलाई सारी, उच्चारणगत त्रुटिमा डाँडोलाई डारो, टाढालाई टारा, लडाइलाई लराई राखेर वर्गीकरण गर्न सकिन्छ ।

४.२.९ 'हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण

हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गर्दा हुने त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. ३१

'हि' र 'ही' लाई 'इ' वर्णमा परिवर्तन गर्दा हुने त्रुटिको वर्गीकरण

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	**विकाशीलताका आधारमा**		
(क)	व्यवस्थित त्रुटि	साहिँलो कहिले गहिरो केही सही	साइलो कइले गइलो केइ सइ
(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	विद्रोही पहिरहन दाहिने चाहिन्छ कारबाही	विडरोइ पइरन दाइने चाइन्च कारबाइ
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि	बाहिर	बाइर
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		

(क)	लोपगत त्रुटि		
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	सामुहिक साहित्य पहिरो पहिल्यै	सामुइक साइटे पइरो पइलेइ
(ख)	समग्र त्रुटि		
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि	दही	डइ
(ख)	अर्थ घातक त्रुटि	शाही	साइ
७	**औचित्यका आधामा**		
(क)	औचित्य पूर्ण त्रुटि	महिला कुहिनु	मइला कुइनु
(ख)	अनौचित्यपूर्ण त्रुटि		

माथिको तालिकालाई हेर्दा साहिँला/साइलो, कहिले/कइले, दही/डइ, सही/सइ व्यवस्थित त्रुटिा, महिला/मइला, कुहिनु/कुइनु, कारबाही/कारबाइ, औचित्यपूर्ण त्रुटि, विद्रोही/ बिड्रोइपहिरहन/ पइरन, दाहिने/ दाइने, चाहिन्छ/चाइन्च, उच्चारणगत त्रुटि, बाहिर/बाइर भाषान्तरिक त्रुटि, सामुहिक/ सामुइक, साहित्य/साइट्टे,पहिरो/पइरो, पहिल्यै/पइलेइ, आंशिक त्रुटि, चाँहि/चाइ भाषान्तरिक र शाही/साइ अर्थघातक, दही/डइ अर्थअघातक अन्तर्गत राखेर वर्गीकरण गरेको छ ।

४.२.१० मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिको वर्गीकरण

मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिलाई तलको तालिकामा निम्नानुसार वर्गीकरण गरिएको छ :

तालिका नं. ३१

मातृभाषाको प्रभाव सम्बन्धी त्रुटिको वर्गीकरण

क्र.सं.	त्रुटिको वर्गीकरण	हुनुपर्ने उच्चारण	त्रुटि भएको उच्चारण
(१)	विकाशीलताका आधारमा		
(क)	व्यवस्थित त्रुटि	खान्छु गर्छ जाऔँ उहाँ जान्छ	खान्चु गर्च जाम ह्वाँ जान्च

(ख)	अव्यवस्थित त्रुटि		
(ग)	उत्तरव्यवस्थित त्रुटि		
२	**भाषा कोटिका आधारमा**		
(क)	उच्चारणगत त्रुटि	जान्छ भन्छ पढ्छ त्यस्तो	जान्च भन्च पर्च टेस्टो
(ख)	वर्णविन्यासगत त्रुटि		
(ग)	रुपगत त्रुटि		
(घ)	शब्दभण्डारगत त्रुटि		
(ङ)	वाक्यगत त्रुटि		
(च)	शैलीगत त्रुटि		
(छ)	अर्थगत त्रुटि		
३.	**स्रोतका आधारमा**		
(क)	भाषान्तरिका त्रुटि		
(ख)	अन्तरभाषिक त्रुटि		
४	**स्वरुपगत आधारमा**		
(क)	लोपगत त्रुटि	कहाँ भयो भएकोछ	काँ भो भाछ
(ख)	थपोटगत त्रुटि		
५	**व्यापकताका आधारमा**		
(क)	आंशिक त्रुटि	थोरै जाउ	ठोरै जाम
(ख)	समग्र त्रुटि	उहाँ तिनीहरू त्यहाँ	ह्वाँ टिनरू टेयाँ
६	**गम्भीरताका आधारमा**		
(क)	अर्थ अघातक त्रुटि		
(ख)	अर्थ घातक त्रुटि	पढ्छ ल्याउनु	पर्च लिनु/लेउनु
७	**औचित्यका आधामा**		
(क)	औचित्यपूर्ण त्रुटि		
(ख)	अनौचित्यपूर्ण त्रुटि	त्यहाँबाट त्यो	ट्याट टो

मातृभाषाको प्रभाव सम्बन्धी उच्चारणगत त्रुटि भएका शब्दहरूलाई वर्गीकरण गर्दा व्यवस्थित त्रुटिमा खान्छु/खान्चु, गर्छ/गर्च, अर्थघातकमा ल्याउनु/लिनु, पढ्छ/पर्च, हिँड/हिन,समग्र त्रुटिमा उहा/ह्वाँ, तिनीहरू/टिनरु, त्यहाँ/ट्याँ, आंशिक त्रुटिमा थोरै/ठोरै, जाउ/जाम, थिए/ठे, लोपगत त्रुटिमा भयो/भो, भएकोछ/भाछ, उच्चारणगत त्रुटिमा जान्छ/जान्च, भन्छ/भन्च, पढ्छ/पर्च, त्यस्तो/टेस्टो, अर्थघातक त्रुटिमा पढ्छ/पर्च, ल्याउनु/लिनु वा लेउनु, अनौचित्यपूर्ण त्रुटिमा त्यहाँबाट/ट्याट, त्यो/टो वर्गीकरण गरिएको छ ।

माथिको तालिका नं. २२ को त्रुटि वर्गीकरणलाई हेर्दा मगर मातृभाषी वक्ताहरूले नेपाली भाषा उच्चारणमा विभिन्न प्रकृतिका त्रुटिहरू गरेको देखिन्छ । उक्त त्रुटिमा मगर मातृभाषी वक्ताहरूले विकाशीलताका आधार अन्तर्गत व्यवस्थित खालका त्रुटि गरेको पाइयो । भाषाकोटिका आधारमा उच्चारणगत वर्णविन्यास, रूपगत, त्रुटि गरेको पाइयो । त्यस्तै स्रोतको आधारमा भाषान्तरिक र आन्तभार्षिक त्रुटि, स्वरूपका आधारमा लोपगत र थपोटगत दुबै प्रकृतिको त्रुटि गरेको देखिन्छ । व्यापकताका आधारमा आंशिक र समग्र, गम्भीरताका आधारमा पनि अर्थअघातक र अर्थघातक दुबै किसिमका उच्चारणगत त्रुटि भएको देखिन्छ । त्यसैगरी औचित्यका आधारमा पनि उच्चारणगत त्रुटि प्रशस्त गरेको देखिन्छ । समग्रमा भन्दा मगरमातृभाषी वक्ताहरूले उच्चारणगत, व्यवस्थित, लोपगत र थपोटगत, अर्थघातक र अर्थअघातक, आंशिक र व्यापक खालका त्रुटिहरू बढी मात्रामा गरेको पाइयो ।

४.३ त्रुटिका कारण

यस अध्ययनमा मगरमातृभाषी वक्ताले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको पहिचान र वर्गीकरण, पश्चात त्रुटिका कारणहरू पनि खोजी गरिएको छ । जसका लागि मगर समुदाय कै शिक्षित व्यक्तिहरूलाई त्रुटि किन गर्छन् ? भन्ने प्रश्नावली बनाएर त्रुटि हुनुका कारणहरू संकलन गरिएको छ । थप कारण पहिचान गर्नका लागि यस विषयसँग सम्बन्धित विषय विज्ञलाई पनि उक्त प्रश्न सोधेर मगरमातृभाषी वक्ताहरूले नेपाली भाषा उच्चारणका क्रममा के कारणले त्रुटि गर्छन भन्ने प्रश्नको जवाफ संकलन गरेर विश्लेषण गरिएको छ ।

४.३.१ मगर समुदायका शिक्षित व्याक्तिलाई सोधिएको प्रश्नको विश्लेषण

यस अध्ययनमा मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको अध्ययन गरिएको छ । जसका लागि मगर समुदायका सातजना शिक्षित व्यक्तिहरूलाई त्रुटिका कारण पहिचानका लागि प्रश्नावली बनाएर कारण सोधिएको छ । जुन प्रश्न निम्न अनुसारको रहेको छ :

मगर मातृभाषी वक्ताहरूले शुद्ध नेपाली भाषाको उच्चारणमा त्रुटि गरेको भेटियो । यस्ता त्रुटिहरू गर्नुका कारणहरू के के हुन् सक्छन् ? भनी सोधिएको प्रश्नमा निम्न जवाफ पाइयो :

क्र.सं.	उत्तरदाताको नाम	दिइएको जवाफ
१	देव बहादुर थापा	शुद्ध नेपाली बोल्न सिकाउने मानिस नभएर आफू अशुद्ध बोलेको छु भन्ने ज्ञान नभएर, वंशानुगत गुणको कारणले पनि त्रुटि गर्छन् ।
२	हिमा थापा	अन्य भाषाको नक्कल गर्नू, समाजमा सबै यस्तै त्रुटिपूर्ण बोलेर बानी परेकाले र मातृभाषाको प्रभावले पनि हुन सक्छ ।
३	तिलक गाहा	पहिलेबाटै वानी परेको हुनाले र नेपाली भाषालाई जानिन्छ भनेर वेवास्ता गरेर त्रुटि बोल्छन् । स्कुलहरूमा पनि नेपाली पढाउने शिक्षक दक्ष नभएर
४	सोनम थापा	समाजमा सबै यस्तै बोल्ने भएर, वानी पारेर, नेपाली भाषालाई जस्तो सजिलो हुन्छ त्यस्तै बोलेर, अरूको देखासिकी गरेपनि अशुद्ध बोलिन्छ ।
५	दिपा बुढा	अशुद्ध बोलेको थाहा नभएर, कोही लेख्न पढ्न नजानेर र अशुद्ध बोलेको बेला सिकाउने मानिस नभएर नेपाली भाषाको लेख्य भन्दा कथ्य भाषा बढी प्रयोग गर्नाले
६	हरिकला राना	नेपाली भाषालाई वास्ता नगर्नू, समाजमा सबैजना यस्तै बोल्नु, पहिलेबाटै वानी पर्नु, नेपाली भाषालाई राम्रोसँग जान्न नखोज्नु
७	डम्मर पुन	मातृभाषाको कारणले र नेपाली भाषालाई वेवास्ता गर्नाले बोलाइमा त्रुटि हुन्छ ।

मगर मातृभाषी वक्ताले नेपाली भाषाको उच्चाररणमा त्रुटि गर्नुका कारणहरूको पहिचानका लागि सोधिएको प्रश्नको उत्तरमा समाजमा सबैजना यस्तै बोलेर पहिलेदेखि नै बानी परेको हुनाले, नेपाली भाषालाई वेवास्ता गर्नु, अशुद्ध बोलेको थाहा नहुनु, अशुद्ध बोल्दा तत्काल अशुद्ध भएको पहिचान गर्न दक्ष व्यक्तिको कमि हुनु, राम्रोसँग लेखपढ गर्न नजान्नु, वंशानुगत गुण सर्नु, विद्यालयमा नेपाली विषय बढाउने शिक्षक दक्ष नहुनु, विदेशी भाषाको नक्कल गर्नु, मातृभाषाको प्रभाव पर्नु, विद्यालयमा मात्र नभएर अन्य संघसंस्थाहरूका कर्मचारीहरू पनि शुद्ध नेपाली नबोल्नु, विद्यालय गएर नेपाली भाषा पढेकाहरूले समाजमा शुद्ध प्रयोग नगर्नु जस्ता कारणहरू रहेको भन्ने जवाफ पाइयो ।

४.३.२ त्रुटिहरू पहिचानका लागि विषय विज्ञलाई सोधिएको प्रश्नको विश्लेषण

प्रस्तुत अध्ययनमा विषय विज्ञबाट पनि उच्चारणगत त्रुटिका थप कारणहरू पहिचान गरिएको छ । विषय विज्ञका रूपमा उच्चारणगत भाषिक त्रुटि शीर्षकमा शोधकार्य सम्पन्न गर्नु भएका एकजना, त्रिभुवन विश्वविद्यालय नेपाली विषयका उपप्रा. दुईजना, भेरी बहुमुखी क्याम्पस गुमीका नेपाली विषयका उपप्रा. दुईजना र मध्यपश्चिम विश्वविद्यालयको नेपाली विषयको उपप्रा.एकजना गरी जम्मा छ जना व्यक्तिहरूलाई विषय विज्ञका रूपमा छनोट गरिएको छ ।

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिका यी कारणहरू कुन कुन सही छन् ? तपाईलाई उत्तम लागेका कारणहरूमा ठिक चिन्ह लगाउनुहोस् र थप कारणहरू भए के के हुन सक्छन् ? भन्ने प्रश्न विषय विज्ञलाई सोधिएको छ ।

शिक्षित मगर मातृभाषी वक्ताहरूबाट सङ्कलन गरिएका उच्चारणगत त्रुटि हुनुका कारणहरू सहित बीस वटा कारणहरूलाई विषय विज्ञलाई देखाइ उक्त कारणहरू सही भए ठिक चिन्ह लगाउने र अन्य थप कारणहरू भए भनिदिन आग्रह गरियो । विषय विज्ञलाई देखाइएको बीस वटा कारणहरू मध्ये समग्रमा अठारवटा कारणहरूमा सहमति जनाउनु भएको छ । ती कारणहरूमा मातृभाषाको प्रभाव पर्नु, भाषिक वक्ता सचेत नहुनु, प्रष्टसँग लेखपढ गर्न नसक्नु, समाजमा सबैजना उस्तै बोल्नु, वंशानुगत गुण सर्नु, उच्चारण अभ्यासको कमी हुनु, भाषिक

वातावरणको प्रभाव पर्नु, नेपाली भाषा दोस्रो भाषा हुनु, अशुद्ध बोलेको थाहा नहुनु, उमेरको प्रभाव पर्नु, त्रुटिपूर्ण बोल्दा गल्ती पहिचान गरिदिने दक्ष व्यक्तिको अभाव हुनु, नेपाली भाषालाई उपेक्षा गर्नु, विद्यालयहरूमा तल्लो तहदेखि नै दक्ष नेपाली शिक्षकको व्यवस्था नहुनु, नेपाली भाषाको महत्व र आवश्यकताको सबैलाई बोध नहुनु, उच्चारणगत त्रटिको पहिचान नहुनु, शुद्ध नेपाली भाषा बोल्न जान्नेहरूले पनि समाजमा प्रयोग नगर्नु, नेपाली भाषाको उच्चारण कोशको अभाव हुनु र विद्यालय तहमा उच्चारण शिक्षण प्रभावकारी नहुनु रहेका छन् , भने थप कारणहरूमा पहिलो भाषाको प्रभाव पर्नु, भाषिक वातावरणको प्रभाव पर्नु, शुद्ध उच्चारणमा ख्याल नगर्नु, शिक्षित व्यक्तिहरूले पनि शुद्ध नेपाली भाषाका प्रयोग नगर्नु, भोटबर्मेली भाषा परिवारको विशेषताको प्रभाव पर्नु, , विद्यालय तहमा मगर र नेपाली दुबै भाषामा दक्ष शिक्षक नहुनु जस्ता कारणहरूले गर्दा पनि मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा त्रुटि गर्दछन् भन्ने जवाफ विज्ञहरूबाट पाइयो ।

४.४ त्रुटि निराकरणका उपाय

मगर मातृभाषी वक्ताहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूलाई कसरी निराकरण गर्न सकिन्छ, भन्ने कुराको पनि खोजी गरिएको छ । यसका लागि पनि मगर समुदायका तिनै शिक्षित व्यक्ति र विषय विज्ञलाई प्रश्नावली बनाएर त्रुटि निराकरणका उपायहरूको खोजी गर्ने प्रयास गरिएको छ ।

४.४.१ मगर समुदायका शिक्षित व्यक्तिलाई सोधिएको प्रश्नावलीको विश्लेषण

मगर मातृभाषी वक्ताहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिका कारणहरू पहिचान गरिसकेपछि उक्त त्रुटिहरूलाई कसरी निराकरण गर्न सकिन्छ भनेर त्यहीँ समुदायका शिक्षित व्यक्तिहरूलाई सोधिएको प्रश्न निम्न छ :

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूलाई निराकरण गर्न के कस्ता उपायहरू अपनाउनु पर्ला ? भनी सोधिएको प्रश्नमा निम्न अनुसारको जवाफ पाइयो ।

क.सं.	उत्तरदाताको नाम	दिइएको जवाफ
१	देव बहादुर थापा	गल्ती बोलेको थाहा पाउने बित्तिकै के गल्ती भयो कस्तो हुनुपर्थ्यो सो बारे तत्कालै त्रुटि पहिचान गर्नु पर्छ । विद्यालयमा पनि नेपाली शिक्षक दक्ष हुनुपर्छ । समाजमा नेपाली भाषाको शुद्ध प्रयोगमा जोड दिनुपर्दछ ।
२	हिमा थापा	विद्यालयमा बालबालिकाहरूलाई तल्लो तहदेखि नै शुद्ध नेपाली बोल्न सिकाउनु पर्छ । नेपाली भाषाको शुद्ध प्रयोग गर्ने बारे समाजमा चेतना फैलाउनुपर्छ ।
३	तिलक गाहा	नेपाली भाषालाई माया गरी लेखाइ अनुसार बोल्ने प्रयास सबैले गर्नुपर्छ । विद्यालयमा मात्र नभएर समाजमा भएका विभिन्न संघसंस्थामा काम गर्ने कर्मचारीहरूले शुद्ध नेपाली बोल्नुपर्छ ।
४	सोनम थापा	मगरभाषी वक्ताहरू बोल्दा अशुद्ध भए गल्ती औँलयाइदिने, विद्यालयमा शिक्षकले नेपाली पढाएर मात्र हुदैन समाजमा प्रयोग गर्न पनि सिकाउनुपर्छ ।
५	दिपा बुढा	समाजमा शुद्ध नेपाली बोल्न जान्नेले नजान्नेलाई सिकाउनुपर्छ । नेपाली भाषाको, महत्व सबैले बुझ्नुपर्छ । नेपाली भाषाको लेख्य रूप कस्ता हुन्छ भनेर सबैलाई थाहा हुनुपर्दछ ।
६	हरिकला राना	सर्वप्रथम भाषिक वक्ताले कहाँ कस्ता त्रुटि गर्छन त्यसको पहिचान गरेर गल्ती भएको ठाउँमा सच्याइदिनुपर्छ । त्यसको लागि नेपाली भाषामा दक्ष व्याक्ति हुनुपर्छ र अशुद्ध बोलिने शब्दहरू पत्ता लगाई शुद्ध उच्चारण गर्न अभ्यास गराउनुपर्छ ।
७	डम्मर पुन	नेपाली भाषालाई सम्मान गर्ने, विद्यालयमा शिक्षकले भाषिक पृष्ठभूमि पत्ता लगाएर नेपाली भाषा शिक्षण गर्ने, शिक्षित व्यक्तिहरूले शुद्ध नेपाली भाषाको प्रयोग गर्ने र समाजमा पनि शुद्ध नेपाली बोल्न सबैलाई प्रेरित गर्नुपर्ने ।

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको निराकरण गर्न कस्ता उपयायहरू अपनाउनुपर्छ भन्ने प्रश्नमा सात जना शिक्षित व्याक्तिहरूले दिइएको जवाफमा समाजमा शुद्ध नेपाली बोल्न जान्नेले नजान्नेलाई सिकाउनु पर्ने, त्रुटि पहिचान गरेर उक्त त्रुटि सुधार गर्ने गराउने, भाषिक पृष्ठभूमि पहिचान गरेर शिक्षकले नेपाली भाषा सिकाउने, विद्यालयमा नेपाली भाषा पढाउने शिक्षक दक्ष हुनुपर्ने, पढेलेखेका शिक्षित व्यक्तिहरूले समाजमा शुद्ध नेपाली बोल्न नजान्नेलाई शुद्ध बोल्न प्रेरित गर्ने, नेपाली भाषा शुद्ध बोल्ने बालबालिकाहरूलाई हौसला दिने, विद्यालयमा मात्र नभएर अन्य संघ संस्थाहरूमा पनि शुद्ध नेपाली भाषाको प्रयोग गर्ने गराउने, त्रुटिपूर्ण शब्दहरूलाई शुद्ध उच्चारण गर्न अभ्यास गराउने, नेपाली भाषाको लेख्य रूप अनुसार बोल्न प्रयास गर्नुपर्ने, विद्यालयमा तल्लो तहदेखि नै शुद्ध नेपाली लेख्नका साथै बोल्न पनि सिकाउनुपर्ने जस्ता उपायहरू जवाफमा रहेको पाइयो ।

४.२.२ विषय विज्ञलाई सोधिएको प्रश्नको विश्लेषण

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको निराकरण गर्नका लागि विषय विज्ञबाट पनि सुझाव सङ्कलन गरिएको छ । त्यसका लागि त्रुटि गर्नुका कारणहरू सोधिएका ती छ जना विज्ञहरूलाई नै त्रुटि निराकरणका उपायहरू पनि सोधिएको छ । शिक्षित मगर मातृभाषी वक्ताबाट आएका उपायसहित दसवटा त्रुटि निराकरणका उपायहरू विषय विज्ञलाई देखाइ सोधिएको प्रश्न 'मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि निराकरण गर्न यी उपायहरूमध्ये कुन कुन उपाय उपयुक्त छन् ? उपयुक्त लागेका उपायहरूमा ठिक चिन्ह लगाइ अन्य थप उपायहरू भए के के होलान् ? यस प्रश्नको जवाफमा उहाँहरूलाई देखाइएको दसवटा उपायमा सबै उपायहरू उपयुक्त रहेको भन्ने पाइयो । ती उपायाहरूमा उच्चारणगत त्रुटिका कारणहरूको खोजी गर्ने, वक्ताको भाषिक पृष्ठभूमि पहिचान गर्ने, उच्चारणगत त्रुटिका क्षेत्रहरू पहिचान गर्ने, नेपाली भाषालाई सचेत रूपमा प्रयोग गर्ने, समाजमा होस् या विद्यालयमा शुद्ध नेपाली भाषा बाल्ने शिक्षित वक्ताहरूले त्रुटिपूर्ण बोल्ने व्यक्तिहरूलाई शुद्ध भाषाको प्रयोग गर्न प्रेरित गर्ने, सबैले नेपाली भाषाको लेख्य रूप अनुसार बोल्नुपर्ने, नेपाली भाषाको महत्व र आवश्यकताको बोध सबैले गर्नुपर्ने, विद्यालयमा तल्लो तहदेखि नै दक्ष शिक्षकको व्यवस्था गर्ने, नेपाली भाषाको उच्चारण कोशहरू निर्माण गर्ने र विद्यालयमा विद्यार्थीका भाषिक पृष्ठभूमि, उमेर, रुचि शारीरिक तथा मानसिक अवस्था आदि

पहिचान गरेर प्रभावकारी उच्चारण शिक्षणमा जोड दिने रहेका छन् भने विषय विज्ञहरूले दिएका थप त्रुटि निराकरणका उपायहरू समग्रमा उच्चारणमा पर्याप्त अभ्यास गराउने , विद्यालयमा तल्लो तहदेखि नै नेपाली र मगर दुबै भाषा जान्ने दक्ष शिक्षकको व्यवस्था गर्ने, शिक्षित वक्ताहरूले पनि नेपाली भाषालाई शुद्धसँग समाजमा प्रयोग गर्ने उपायहरू पनि रहेको भन्ने जवाफ पाइयो ।

अध्याय : पाँच

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष

प्रस्तुत अध्ययन सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिकाको जम्मा १४ वटा वडाहरूमध्ये चार वटा वडामा बसोबास गर्ने मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि शीर्षकमा अध्ययन कार्य सम्पन्न भएको छ । यस शोधमा गुर्भाकोटका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने गरेका त्रुटिहरूको पहिचान गरी उक्त त्रुटिहरूको वर्गीकरण गरिएको छ । साथै उक्त त्रुटि हुनुका कारणहरूको खोजी गरी त्रुटि निराकरणका लागि उपायहरू समेत प्रस्तुत गरिएको छ । यस अध्ययनमा ६० जना मगर मातृभाषी वक्ताहरूलाई नमुनाका रूपमा छनोट गरी घोषत्वका आधारमा हुने त्रुटि, प्राणत्वका आधारमा हुने त्रुटि, लोपगत त्रुटि, थपोटगत त्रुटि, 'ट' र 'त' वर्ण, 'ठ' र 'थ' वर्ण, 'ड,ढ' र 'द ध' मा हुने त्रुटि, ड र ढ वर्णलाई 'र' बनाउँदा हुने त्रुटि, हि र ही लाई इ बनाउँदा हुने त्रुटि र मातृभाषाको प्रभावले गर्दा हुने उच्चारणगत त्रुटिको अध्ययन गरी निम्नानुसार निष्कर्ष निकालिएको छ :

- यस अध्ययन मगर मातृभाषी वक्ताहरूसँग सम्बन्धित भएको हुनाले दैनिक प्रचलनमा आउने २०० वटा शब्दहरू छनोट गरेर प्रश्नावली बनाइ मगर मातृभाषी वक्ताहरूलाई उच्चारण गर्न लगाइ त्रुटि पहिचान गरिएको छ । उनीहरूसँग भेटघातका क्रममा बोलेका त्रुटिपूर्ण शब्दहरूलाई मोबाइल रेकर्ड र टिपोट गरी प्रस्तुत गरिएको छ । उक्त त्रुटिहरूलाई सङ्ख्या र प्रतिशतका आधारमा क्षेत्र अनुसार छुट्टाछुट्टै राखेर विश्लेषण गरिएको छ ।
- घोषत्व वर्ण सम्बन्धी उच्चारणमा सबैभन्दा बढी झगडा भन्ने शब्दमा ६० जनाहरूले नै झकरा बनाएर त्रुटि गरेका छन् । सबैभन्दा कम त्रुटि सदस्य शब्दमा ३७ जना ६२ प्रशितले गरेका छन् । औसतमा हेर्दा १२ जना अर्थात २० प्रतिशतले शुद्ध उच्चारण गरेका छन् भने ४८ जना ८० प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

- प्राणत्वका आधारमा सबैभन्दा बढी जाँतो शब्दलाई झाँटो बनाएर ६० जना अर्थात १०० प्रतिशतले नै त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम बढी शब्दलाई बरी बनाएर ३९ जना अर्थात ६५ प्रतिशतले त्रुटि गरेका छन् । औसतमा हेर्दा ९ जना अर्थात १५ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन् भने ५१ जना अर्थात ८५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- वर्णलोपगत त्रुटि अन्तर्गत सबैभन्दा बढी टाइफाइड शब्दलाई टाइफाइ, मेहलकुना शब्दलाई मेलकुना, महाकाल शब्दलाई माकाल बनाएर ५७ जना अर्थात ९५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम नारायण शब्दलाई नारान बनाएर ३४ जना अर्थात ५७ प्रतिशत वक्ताहरूले त्रुटि गरेका छन् । औसतमा हेर्दा १० जना अर्थात १६ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ५० जना अर्थात ८४ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण त्रुटि गरेका छन् ।
- थपोटगत त्रुटिमा सबैभन्दा बढी अब शब्दलाई आब बनाएर ५५ जना अर्थात ९२ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम गर्नु शब्दलाई गार्नु बनाएर ९ जना अर्थात १५ प्रतिशत वक्ताहरूले त्रुटि गरेका छन् । औसतमा हेर्दा २५ जना अर्थात ४२ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ३५ जना अर्थात ५८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- 'ट' र 'त' वर्ण सम्बन्धी उच्चारण गराउन छनोट गरिएका शब्दहरू मध्ये सबैभन्दा बढी त्रुटि त्यस्तो, त्यो, तीतो, तरकारी, खेतीपाती शब्दलाई टेस्टो, टिटो, टरकारी, खेटीपाटी बनाएर ५७ जना ९५ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेको देखिन्छ, भने सबैभन्दा कम त्रुटि मोटी, लुगाफाटो, बाटो र केटाकेटी शब्दलाई मोती, लुगाफातो, बातो, केताकेती बनाएर ४ जना अर्थात ७ प्रतिशतले त्रुटि गरेका छन् । औसतमा हेर्दा १९ जना अर्थात ३२ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ४१ जना अर्थात ६८ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- 'ठ' र 'थ' वर्ण सम्बन्धी उच्चारणमा सबैभन्दा बढी त्रुटि थाहा/ठाहा, थकाली/ठकाली, थरथर/ठरठर बनाएर ५६ जना अर्थात ९३ प्रतिशतले त्रुटि गरेका छन्, भने सबैभन्दा कम त्रुटि ठीकलाई थिक बनाएर ४ जना ७ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण

गरेका छन् । औसतमा २४ जना अर्थात ४० प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ३६ जना ६० प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेको देखिन्छ ।

- 'ड, ढ' र 'द,ध' वर्ण सम्बन्धी उच्चारणमा सबैभन्दा बढी त्रुटि दुध शब्दलाई डुट बनाएर ६० जना अर्थात १०० प्रतिशत वक्ताहरूले नै त्रुटि गरेका छन् भने सबैभन्दा कम त्रुटि डोकोलाई दोको र ढाकालाई धाका बनाएर ३ जना अर्थात ५ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् । औसतमा हेर्दा २० जना अर्थात ३४ प्रतिशत वक्ताले शुद्ध उच्चारण गरेका छन्, भने ४० जना अर्थात ६६ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- 'ड' र 'ढ' लाई 'र' मा परिवर्तन गराएर उच्चारण गर्दा हुने त्रुटिमा सबैभन्र्दा सबैभन्दा बढी त्रुटि छोड्नु शब्दलाई छोर्नु बनाएर ५६ जना अर्थात ९३ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम त्रुटि बढार्नुलाई बराल्नु र पहाडलाई पाहार बनाएर ७ जना १२ प्रतिशतले त्रुटि गरेका छन् । यस क्षेत्रको त्रुटिलाई औसतमा हेर्दा ५ जना अर्थात ९ प्रतिशतले शुद्ध उच्चारण गरेका छन् भने ५५ जना अर्थात ९१ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- 'हि' र 'ही' लाई 'इ' मा परिवर्तन गर्दा हुने त्रुटि अन्तर्गत छनोट गरिएको शब्दहरू मध्ये सबैभन्दा बढी बाहिर/बाइर, विद्रोही/विडरोइ, दाहिने/दाइने, केही/केइ, दही/दइ बनाएर सबैले उच्चारणगत त्रुटि गरेका छन् भने सबैभन्दा कम साहित्य/साइटे र शाही/साइ बनाएर ६ जना अर्थात १० प्रतिशतले मात्र शुद्ध उच्चारण गरेको पाइयो । औसतमा हेर्दा २ जना अर्थात ४ प्रतिशतले शुद्ध उच्चारण गरेका छन् भने ५८ जना अर्थात ९६ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण त्रुटिपूर्ण उच्चारण गरेका छन् ।
- मातृभाषाको प्रभाव सम्बन्धी उच्चारण गराउन छनोट गरिएको शब्दहरू मध्ये सबैभन्दा बढी त्योलाई टो र त्यस्तोलाई टेस्टो बनाएर ६० जनाले नै त्रुटिपूर्ण उच्चारण गरेका छन्, भने सबैभन्दा कम त्रुटि भयो भन्ने शब्दलाई भो बनाएर ४४ जना अर्थात ७३ प्रतिशत वक्ताहरूले गरेका छन् । औसतमा हेर्दा ४ जना अर्थात ७ प्रतिशत वक्ताहरूले शुद्ध उच्चारण गरेका छन्, भने ५६ जना अर्थात ९३ प्रतिशत वक्ताहरूले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

- मगर मातृभाषी वक्ताहरूले गरेका त्रुटिहरूको पहिचान पश्चात उक्त त्रुटिपूर्ण शब्दहरूलाई विभिन्न आधारमा वर्गीकरण गरिएको छ । सबैभन्दा बढी त्रुटि व्यवस्थित खालका, उच्चारणगत , वर्ण लोप र थपोटगत, आंशिक र समग्र, अर्थघातक र अर्थअघातक र औचित्यपूर्ण प्रकृतिका त्रुटिहरू मगर मातृभाषी वक्ताहरूले गरेका छन् ।
- मगर मातृभाषी वक्ताहरूले उच्चारणमा गर्ने त्रुटिको कारण सम्बन्धी प्रश्नमा विज्ञहरूले दिएको जवाफमा मातृभाषाको प्रभाव पर्नु, उच्चारण अभ्यासमा कमी हुनु, भाषिक वातावरणको प्रभाव पर्नु, पछिल्लो भाषाको प्रभाव पर्नु, शिक्षित व्यक्तिले पनि नेपाली भाषाको शुद्धसँग प्रयोग नगर्नु, नेपाली भाषालाई वेवास्ता गर्नु प्रमुख कारण भएको प्रतिक्रिया दिएका छन् ।
- समग्रमा उच्चारणगत त्रुटिका कारणहरूमा मातृभाषाको प्रभाव पर्नु, पछिल्लो भाषाको प्रभाव पर्नु, भाषिक वक्ता सचेत नहुनु, प्रष्टसँग लेखपढ गर्न नसक्नु, समाजमा सबैजना उस्तै बोल्नु, उच्चारण अभ्यासको कमी हुनु, भाषिक वातावरणको प्रभाव पर्नु, नेपाली भाषा दोस्रो भाषा हुनु, अशुद्ध बोलेको थाहा नहुनु, त्रुटिपूर्ण उच्चारण गर्दा गल्ती पहिचान गरिदिने दक्ष व्यक्तिको अभाव हुनु, नेपाली भाषालाई उपेक्षा गर्नु, विद्यालयहरूमा तल्लो तहदेखि नै दक्ष नेपाली शिक्षकको व्यवस्था नहुनु, नेपाली भाषाको महत्व र आवश्यकताको सबैलाई बोध नहुनु, उच्चारणगत त्रुटिको पहिचान नहुनु, शुद्ध नेपाली भाषा बोल्न जान्नेहरूले पनि समाजमा प्रयोग नगर्नु, नेपाली भाषाको उच्चारण कोशको अभाव हुनु र विद्यालय तहमा उच्चारण शिक्षण प्रभावकारी नहुनु, पहिलो भाषाको प्रभाव पर्नु, शिक्षित व्यक्तिहरूले पनि शुद्ध नेपाली भाषाका प्रयोग नगर्नु, भोटबर्मेली भाषा परिवारको विशेषताको प्रभाव पर्नु, विद्यालय तहमा मगर र नेपाली दुबै भाषामा दक्ष शिक्षक नहुनु जस्ता कारणहरूले गर्दा नेपाली भाषाको उच्चारणमा त्रुटि भएको पाइन्छ ।
- मगर मातृभाषी वक्ताहरुले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूलाई निराकरण गर्न विषयविज्ञहरूले वक्ताको भाषिक पृष्ठभूमि पत्ता लगाउनुपर्ने, प्रशस्त मात्रामा मानक नेपाली भाषाको उच्चारणमा अभ्यास गराइनु पर्ने, नेपाली भाषाको महत्व र आवश्यकतालाई आत्मसाथ गरी शुद्ध उच्चारणमा जोड दिनुपर्ने र समाजका

शिक्षित व्यक्तिले समाजमा शुद्ध नेपाली भाषाको प्रयोग गर्नुपर्ने जस्ता उपायहरू अपनाउन पर्ने प्रतिक्रिया दिएका छन् ।

- मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरू निराकरणका गर्नका लागि उच्चारणगत त्रुटिका क्षेत्रहरूको पचिान गर्ने, उच्चारणगत त्रुटिका कारणहरूको खोजी गर्ने, वक्ताको भाषिक पृष्ठभूमि पहिचान गर्ने, उच्चारणगत त्रुटिका क्षेत्रहरू पहिचान गर्ने, नेपाली भाषालाई सचेत रूपमा प्रयोग गर्ने, समाजमा होस् या विद्यालयमा शुद्ध नेपाली भाषा बाल्ने शिक्षित वक्ताहरूले त्रुटिपूर्ण बोल्ने व्यक्तिहरूलाई शुद्ध भाषाको प्रयोग गर्न प्रेरित गर्नै, सबैले नेपाली भाषाको लेख्य रूप अनुसार बोल्ने, नेपाली भाषाको महत्व र आवश्यकताको बोध सबैले गर्ने, विद्यालयमा तल्लो तहदेखि नै दक्ष शिक्षकको व्यवस्था गर्ने, नेपाली भाषाको उच्चारण कोशहरू निर्माण गर्ने, विद्यालयमा विद्यार्थीका भाषिक पृष्ठभूमि, उमेर, रुचि शारीरिक तथा मानसिक अवस्था आदि पहिचान गरेर प्रभावकारी उच्चारण शिक्षणमा जोड दिने, उच्चारणमा पर्याप्त अभ्यास गराउने , विद्यालयमा तल्लो तहदेखि नै नेपाली र मगर दुबै भाषा जान्ने दक्ष शिक्षकको व्यवस्था गर्ने, शिक्षित वक्ताहरूले पनि नेपाली भाषालाई शुद्धसँग समाजमा प्रयोग गर्ने जस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ।

समग्रमा मगरमातृभाषी वक्ताहरूले उच्चारणमा गर्ने त्रुटि पहिचान गर्न छनोट गरिएको क्षेत्र अन्तर्गतका सबै शब्दहरूमा त्रुटिपूर्ण उच्चारण गरेका छन् । उनीहरूसँग भेटघातका क्रममा बोल्दा उनीहरूले अन्य प्रशस्त शब्दहरू त्रुटिपूर्ण उच्चारण गरेको पाइन्छ । अध्ययन गरिएका उक्त त्रुटिहरू मध्ये पनि मगर मातृभाषी वक्ताहरूले नेपाली बोल्दा त,थ,द,ध वर्णलाई ट,ठ,ड,ढ वर्णमा परिवर्तन गरेर बढी त्रुटि गरेको देखिन्छ । यस अध्ययनमा मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको प्रयोगमा गर्ने उच्चारणगत समस्याहरूको पहिचान गरी त्रुटिका हुनका कारणहरू पनि खोजी गरिएको छ । उक्त त्रुटिहरूलाई निराकरण गर्नका लागि अपनाउनु पर्ने उपायहरूलाई पनि यस शोधमा प्रस्तुत गरिएको छ ।

५.२ सुझाव

प्रस्तुत अध्ययन सुर्खेत जिल्ला गुर्भाकोट नगरपालिका १४ वटा वडाहरू मध्ये ४ वटा वडाका मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिको अध्यन गर्दा छनोट गरेका शब्द सहित अन्य वर्ण तथा शब्दहरूको उच्चारणमा प्रशस्त मात्रामा त्रुटि गरेको पाइन्छ भने मगर भाषिक वक्ताहरूका लागि नेपाली दोस्रो भाषा भएकाले पनि उच्चारणमा यस्ता त्रुटिहरू भएको पाइन्छ । यस्ता खालका त्रुटिहरूलाई सुधार गर्न भाषिक पृष्ठभूमि पहिचान गरी त्रुटि क्षेत्रको पनि पहिचान गर्नुपर्छ र त्यस अनुसार त्रुटि निराकरणका उपायहरू अपनाउँदै जानुपर्ने देखिन्छ । जसका लागि स्तरीय नेपाली भाषाको आवश्यकता र महत्वलाई सबैले बुझ्न र बुझाउन आवश्यक देखिन्छ । प्राप्त निष्कर्षका आधारमा मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूलाई निराकरण गर्नका निम्ति सहयोग पुग्न सक्ने सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

५.२.१ नीतिगत तह

यस अध्ययनका लागि नीतिगत सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

- विद्यालयमा तल्लो तह देखिनै नेपाली भाषा शिक्षक दक्ष नियुक्ति गर्ने नीति बनाइनुपर्ने,
- नेपाली भाषालाई स्तरीय बनाउन नेपाली भाषाको उच्चारण सम्बन्धी अनुसन्धान गर्ने नीति निर्माण गरिनुपर्ने,
- विद्यालयमा मात्र नभएर विभिन्न संघ संस्थाहरूमा कार्य गर्ने कर्मचारीहरूले पनि शुद्ध नेपाली भाषाको प्रयोग गर्ने नीति ल्याइनुपर्ने,
- स्तरीय नेपाली भाषा प्रयोगका लागि मगर भाषिक समुदायमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने नीति बनाइनुपर्ने,
- स्तरीय नेपाली भाषाको आवश्यकता र महत्वलाई मगर भाषिक समुदाय वक्ताहरू समक्ष पुऱ्याउने नीति ल्याइनुपर्ने,
- विद्यालयमा सिकेको नेपाली भाषालाई सबै समुदायका विद्यार्थीहरूले आ-आफ्नो समाजमा गएर शुद्धसँग प्रयोग गर्ने र गराउनुपर्ने नीति बनाइनुपर्ने,

- मगर मातृभाषी वक्ताहरूले त्रुटि गर्ने क्षेत्र र वर्णहरू पहिचान गरी त्रुटि निराकरण गर्ने नीति बनाइनुपर्ने,
- मगर मातृभाषी वा विमातृभाषी वक्ताहरूलाई स्तरीय नेपाली भाषााको शुद्ध उच्चारण गर्नका निम्ति उच्चारण कोशहरूको प्रशस्त निर्माण गर्ने निति ल्याइनुपर्ने,
- मगर समुदायको विद्यालयमा तल्लो तहदेखि नै मगर र नेपाली दुबै भाषामा दक्ष शिक्षकको व्यवस्था गर्ने नीति ल्याइनुपर्ने,
- मगर मातृभाषी वक्ता वा विद्यार्थीका लागि छुट्टै भाषा पाठ्यक्रमको निर्माण गरी उच्चारण शिक्षणलाई प्रभावकारी गराउने नीति बनाइनु पर्ने ।

५.२.२ कार्यान्वयन तह

मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा शुद्धता ल्याउन प्रस्तुत शोधबाट प्राप्त निष्कर्षलाई आधारमानी प्रस्तुत गरिएका नीतिलाई निर्माण गरी कार्यान्वयन गर्नका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- विद्यालयमा तल्लो तहदेखि नै दक्ष नेपाली शिक्षकको व्यवस्था गरी उच्चारण शिक्षणलाई बढी प्राथमिकता दिएर शिक्षण गर्नुपर्ने,
- नेपाली भाषाको लेख्य रूप अनुसार शुद्ध नेपाली भाषाको उच्चारणमा जोड दिनुपर्ने,
- नेपाली भाषा जान्ने शिक्षित वक्ताहरूले पनि समाजमा प्रयोग गर्नुपर्ने,
- नेपाली भाषालाई स्तरीय बनाउनको लागि वर्णविन्यास र उच्चारण सम्बन्धी अध्ययन गर्नुपर्ने,
- विद्यालयमा मात्र नभएर हरेक संघ संस्थाहरूमा पनि सबै कर्मचारीहरूले शुद्ध नेपाली भाषाको प्रयोग गर्नुपर्ने,
- स्तरीय नेपाली भाषाको महत्व र आवश्यकतालाई मगर भाषिक समुदायमा पनि पुऱ्याउनु पर्ने,
- नेपाली भाषाको शुद्ध प्रयोग गर्न मगर भाषिक वक्ताहरूका लागि उच्चारण कोशहरू निर्माण गर्नुपर्ने,
- विद्यार्थीहरूले आफूले जानेको स्तरीय नेपाली भाषा आफ्नो घर र समाजमा उपयोग गर्ने तथा गराउनु पर्ने,

- मगर भाषिक वक्ताहरूले गर्ने त्रुटिपूर्ण वर्ण वा शब्दहरूलाई पहिचान गरेर त्यस्ता शब्दहरूलाई प्रशस्त मात्रामा उच्चारण गराउनु पर्ने,
- विमातृ भाषी वक्ताहरूका लागि नेपाली भाषाको उच्चारण कोशहरू निर्माण गर्नुपर्ने,
- मगर मातृभाषी वक्ता वा विद्यार्थीका लागि छुट्टै भाषा पाठ्यक्रमको निर्माण गरी उच्चारण शिक्षणलाई प्रभावकारी बनाउनु पर्ने ।

५.३.३ अनुसन्धान तह

विभिन्न अध्ययन अनुसन्धानबाट समाधान गर्न सकिने कुराहरूलाई यस तहमा सुझावका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- नेपाली भाषाको स्तरीय रूपमा उच्चारण गर्न र यसको प्रभावकारितालाई बढाउन नवीनतम् विधिको खोज अनुसन्धान गरिनुपर्ने,
- मगर मातृभाषी वक्ताहरूलाई नेपाली भाषा उच्चारणमा सहयोग पुऱ्याउने खालका उच्च्चारण कोशहरू बारे अध्ययन अनुसन्धान गरिनुपर्ने,
- मगर मातृभाषी वक्ताहरूले स्तरीय नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटि क्षेत्रहरूको बारेमा अध्ययन अनुसन्धान गरिनुपर्ने,
- मगर मातृभाषी वक्ताहरूले गर्ने उच्चारणगत त्रुटिका कारणहरू बारेमा अध्ययन अनुसन्धान गरी उच्चारणगत त्रुटिलाई निराकरण गर्ने उपायहरूको खोज अध्ययन गरिनुपर्ने ।

५.३ भावी अध्ययनका लागि शोध शीर्षक

भावी अध्ययनका लागि शोध शीर्षकहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- मगर भाषाको ऐतिहासिक विकासक्रम,
- नेपाली भाषा र मगर भाषाको व्यतिरेकी विश्लेषण
- मगर भाषाको पदसङ्गति
- मगर भाषाको शब्दकोश निर्माण
- मगर भाषा भित्रका भाषिक भेदहरू

सन्दर्भ सामग्री सूची

पुस्तक सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (पाँचौ संस्क.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

आचार्य, लक्ष्मीप्रसाद (२०७६), *सामान्य भाषाविज्ञान,* सुर्खेत : अस्मिता प्रिन्टङ प्रेस ।

कँडेल, श्रीप्रसाद र अन्य (२०७४), *प्रायोगिक भाषाविज्ञान,* (प्रथम संस्क.) काठमाडौँ : शुभकामना प्रा.लि. ।

कार्की, डिसन र अन्य (२०६९), *प्रायोगिक भाषाविज्ञान,* भक्तपूर : सारथि पब्लिकेसन प्रा.लि ।

गौतम, रामप्रसाद (२०६१) *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* (प्रथम संस्क.) काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषाविज्ञान,* (प्रथम संस्क.) काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४) *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि,* कीर्तिपुर : सनसाईन पब्लिकेसन ।

पोखरेल, वसन्तकुमार र अन्य (२०७५), *नेपाली बृहत शब्दकोश,* काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* (दोस्रो संस्क.) काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि. ।

भण्डारी, पारसमणि र नेपाल, शक्तिराज (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०७४) *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौ : भुँडीपुराण प्रकाशन

लामिछाने, यादवप्रकाश (२०६९), *प्रायोगिक भाषाविज्ञान,* (दोस्रो. संस्क.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शाही, हर्कबहादुर र लामिछाने, थानेश्वर (२०७३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,* काठमाडौँ : हाइडल प्रेस प्रा.लि. ।

शोधपत्र सूची

अधिकारी, दीपक (२०७५), कक्षा *दसमा अध्ययनरत विद्यार्थीहरूले नेपाली भाषामा गर्ने भाषिक त्रुटिको विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय,म.प.वि., सुर्खेत ।

उपाध्याय, केशवप्रसाद (२०६९), *प्राथमिक तहमा अध्ययनरत मगरभाषी विद्यार्थीहरूले नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सर्खेत क्याम्पस (शिक्षा) सुर्खेत ।

खड्का, दीपेन्द्रबहादुर (२०७५), *दैलेखका एफ. एम. रेडियोले नेपाली भाषाको समाचार वाचनमा गर्ने उच्चारणगत त्रुटि,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय, म.प.वि., सुर्खेत ।

चन्द, खुलस्तबहादुर *(२०७७), कक्षा सातमा अध्ययनरत विद्यार्थीले शब्दोच्चारणमा गर्ने त्रुटि,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय,म.प.वि., सुर्खेत ।

भुसाल, टुकनाथ (२०६८) *बर्दिया जिल्लाका कक्षा ६ मा अध्ययनरत गुरूङ मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

निङलेकू, एकुकुमारी (२०७२) द्वारा *लिम्बूभाषी विद्यार्थीहरूले नेपाली भाषा प्रयोगमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग त्रि.वि., कीर्तिपुर ।

पौडेल, इन्द्राकुमारी (२०७५), *शिक्षकले शिक्षणको क्रममा गर्ने उच्चारणगत भाषिक त्रुटि,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय,म.प.वि., सुर्खेत ।

बडुवाल, प्रतिभा (२०७५), *कक्षा पाँचका थारूभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गर्ने उच्चारणगत त्रुटिको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय,म.प.वि., सुर्खेत ।

विश्वकर्मा, महेश (२०६७), *मगरभाषी विद्यार्थीहरूले स्तरीय नेपाली भाषा उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

सहकारी, कर्णबहादुर (२०७६), *नेपालको संविधान (२०७२) मा प्रयुक्त वर्णविन्यासगत त्रुटि,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र सङ्काय,म.प.वि., सुर्खेत ।

परिशिष्ट (क)

त्रुटि पहिचानका लागि निर्माण गरिएका प्रश्नावली

मगरभाषी वक्ताको नाम : मिति :

गुर्भाकोट न.पा.:

१. घोषत्वको आधारमा हुने त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (X)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
झगडा				
लोग्ने				
किताब				
सदस्य				
सबै				
जगत				
प्रसाद				
पुग्ने				
दराज				
जिन्दगी				
एक्लै				
सोध्नु				
कागती				
आशीर्वाद				
अरिङ्गाल				
नाग				
आँप				
भाग				
लाग्नु				
साग				

२. प्राणत्वका आधारमा हुने त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
अध्यक्ष				
साझा				
सरकार				
बढी				
टाढा				
चढ्नु				
गुर्भाकोट				
बाघ				
पढाइ				
सुविधा				
अधिकार				
औषधी				
साथी				
संविधान				
जाँतो				
खान्छ				
गर्छ				
ओठ				
बहिरो				
माघ				

३. लोपगत त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
त्यहाँ				
नारायण				
जहाज				
टाइफाइड				
गाहा				
हवस्त				
जहाँ				

मेहेलकुना				
ल्याउनु				
आउनु				
अध्यक्ष				
पोहोर				
हामीले				
कहाँ				
जानुहोस्				
भयो				
पहाड				
आउनुहोस्				
हुनेथिएन				
थियो				

४. थपोटगत त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
स्कुल				
द्वारा				
मात्र				
अपाङ्ग				
सबै				
मर्नु				
अब				
समाज				
अधिकार				
स्थायी				
पहाड				
गर्नु				
सामग्री				
कहाँ				
सर्प				
बसौँ				
ऐना				
जमिन				
पनि				
नाक				

५. 'त' र 'ट' वर्णका शब्द सम्बन्धी त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
तिमी				
हात				
त्यस्तो				
त्यो				
मोटी				
तीतो				
तरकारी				
टिप्नु				
माथितिर				
फुर्तिलो				
लुगाफाटो				
खेतीपाती				
टाउको				
बाटो				
केटाकेटी				
नातिनी				
तोरी				
यता				
जाति				
किताब				

६. 'ठ' र 'थ' वर्णका शब्द सम्बन्धी त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
ठेकी				
थोरै				
बाठो				
थकाइ				
थापा				
ठूलो				
साथी				
अठार				
थरथर				

ठाउँ				
थपडी				
पिठो				
थाहा				
ठालु				
थकाली				
थियो				
थाल				
थर्कायो				
थर्मस				

७. 'ड,ढ' र 'द,ध' वर्ण सम्बन्धी त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
दुध				
देउडा				
डाक्टर				
दर्लामी				
धान				
अन्धो				
चाँदी				
निधो				
डोको				
ढाका				
ढलान				
टाढा				
अदालत				
धनी				
ढिला				
दाउरा				
कोदो				
देवी				
दालभात				
धर्म				

८. 'ड' र 'ढ' वर्णलाई 'र' मा परिणत गर्दा हुने त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
पहाड				
टाढा				
बढुवा				
पढ्नु				
डाँडो				
साडी				
हाड				
लडाइ				
बुढा				
अगाडि				
भिडन्त				
बढी				
छोड्नु				
बढार्नु				
गाह्रो				
कपडा				
पढ				
चाँडै				
बढ्यो				

९. 'हि' र 'ही' लाई 'इ' बनाउँदा हुने त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
गहिरो				
सामूहिक				
महिला				
बाहिर				
साहिँलो				
कहिले				
विद्रोही				
कुहिनु				

साहित्य				
पहिरो				
दाहिने				
केही				
दही				
शाही				
पहिरन				
चाहि				
सही				
कारबाही				
चाहिन्छ				
पहिल्यै				

१०. मातृभाषाको प्रभाव सम्बन्धी त्रुटि

मानक उच्चारण शब्द	ठिक (√)	बेठिक (ह)	त्रुटि भएको उच्चारण	थप उच्चारणगत त्रुटि
खान्छु				
ल्याउनु				
जाऔँ				
उहाँ				
तिनीहरू				
हिँड				
त्यहाँ				
थिएन				
भएकोछ				
भयो				
गर्छ				
त्यो				
त्यस्तो				
थोरै				
कहाँ				
त्यहाँबाट				
थिएँ				
जान्छु				
पढ्छ				
तिमीहरू				

परिशिष्ट 'ख'

तथ्याङ्क सङ्कलनका क्रममा मगरभाषी वक्तासँगको तस्बीर

व्यक्तिवृत्त

नाम : कमला रजाली

जन्म मिति : २०४८/१०/०६

बुवाको नाम : लोकबहादुर रजाली

आमाको नाम : सीता रजाली

बाजेको नाम : सन्तबहादुर रजाली

स्थायी ठेगाना : गुर्भाकोट -१४, सुर्खेत

हालको ठेगाना : वी.न.पा. -१०, सुर्खेत

लिङ्ग : महिला

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

उमेर : ३० वर्ष

वैवाहिक स्थिति : विवाहित

पेशा : अध्ययन

भाषा : नेपाली, हिन्दी, अङ्ग्रेजी

मोबाइल नं. : ९८१९५०९७५९

शैक्षिक योग्यता

क्र.स.	तह	अध्ययन गरेको संस्थाको नाम	पूरा भएको बर्ष
१	एस. एल. सी.	श्री आनन्द मा.वि. गुमी, सुर्खेत	२०६७
२	१० +२	श्री आनन्द मा.वि. गुमी, सुर्खेत	२०७१
३	स्नातक तह (बी.एड.)	मध्यपश्चिमाञ्चल विश्वविद्यालय वीरेन्द्रनगर, सुर्खेत	२०७४
४	स्नातकोत्तर तह (एम.एड.)	मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत	